फोहोरबाट मोहर बनाउने सिलसिला । ७



५ हजार एकदिवसीय खेलको कोसेढुंगा । १०



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
वर्ष ३४ अंक १७२ काठमाडौं | २४ साउन २०८३ आइतबार श्रावण कृष्णपक्ष एकादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, August 9, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# बास्नादार बासमतीमा भारतसँग बल्झिँदो विवाद

भारतको कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरण (एपिडा) ले नेपालमा प्याकेजिङ गरिएका बासमती ट्रेडमार्कमै आपत्ति जनाउँदै आएको छ, कति मुद्दा जितेको पनि छ, यही विवादकै बीच भौगोलिक संकेत (जीआई) कानुन ल्याउने सरकारको तयारी



कपिलवस्तुको रामतलाहामा कालानमक धान स्याहार्दै कृषक । खाँदा नरम, स्वादिलो र बास्नादार भएकाले तराई–मधेशमा मान र सानका रूपमा यसको छुट्टै पहिचान छ । तस्बिर : मनोज पौडेल/कान्तिपुर

**उपेन्द्रराज पाण्डेय** (काठमाडौं)

विवाह, व्रतबन्ध, भोजभतेरदेखि दसैं-तिहार र इदजस्ता पर्वसम्म, विशेष अवसरमा पाक्ने पुलाउ, बिरयानी र अन्य परिकारमा बासमती चामलको मगमग बासनाले छुट्टै स्वाद र प्रतिष्ठा थप्छ । घरको भान्सादेखि होटल-रेस्टुरेन्ट र स्टार होटलका बुफेसम्म बासमतीको प्रयोग बढ्दो छ । तर यही बास्नादार बासमती अहिले विवादको केन्द्र बन्दै गएको छ । यसको उत्पत्ति, भौगोलिक संकेत (जीआई) अधिकार र अन्तर्राष्ट्रिय बजारमा स्वामित्वको दाबीलाई लिएर भारत, पाकिस्तान र पछिल्ला वर्षहरूमा नेपालसमेत जोडिएको बहस झन् बल्झिँदै गएको छ ।

बासमतीको जीआई अधिकारलाई लिएर भारत, पाकिस्तान र नेपालबीच अन्तर्राष्ट्रिय तहमा दाबी-प्रतिदाबी भइरहेका बेला नेपालले पहिलो पटक छुट्टै जीआई कानुन ल्याउने तयारी गरेको छ । सरकारले औद्योगिक सम्पत्तिसम्बन्धी विधेयकमार्फत जीआईलाई कानुनी मान्यता दिने तयारी अघि बढाएसँगै बासमती चामल, इलाम चिया, जुम्लाको सिमी, भक्तपुरको जुजु धौजस्ता नेपाली उत्पादनको पहिचान तथा अन्तर्राष्ट्रिय संरक्षणका लागि नयाँ आधार तयार हुने अपेक्षा गरिएको छ ।

नेपालमा अहिलेसम्म भौगोलिक संकेतसम्बन्धी छुट्टै कानुन बनेको छैन । संविधानको धारा २५ मा उल्लेख गरिएको सम्पत्तिको अधिकारले बौद्धिक सम्पत्तिलाई पनि सम्बोधन गरेको छ र प्रतिलिपि अधिकार ऐन, २०५९ ले बौद्धिक सम्पत्तिलाई व्याख्या गरेको छ । तर पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ लाई समय सान्दर्भिक बनाउन नै औद्योगिक सम्पत्तिसम्बन्धी ऐन ल्याउन लागिएको हो । यसअघि २३ जेठ २०८२ मा दर्ता भई २१ असारमै तत्कालीन उद्योगमन्त्री दामोदर भण्डारीले प्रतिनिधिसभामा विधेयक प्रस्तुत गरेका थिए । तर २७ भदौमा प्रतिनिधिसभा विघटनसँगै विधेयक निष्क्रिय भएको थियो । अहिले उद्योग मन्त्रालयले त्यही मस्यौदालाई पुनः अघि बढाएको हो । एक वर्षभित्र बनाउने प्राथमिकता प्राप्त कानुनमध्ये यो पनि छ ।

'कुनै निश्चित भौगोलिक स्थान वा क्षेत्रमा उत्पादन एवं प्रशोधन भएको वस्तु र सो वस्तुमा त्यस्तो क्षेत्रको विशिष्ट गुण, ख्याति वा अन्य विशेषता विद्यमान रहेको संकेत दिने चिह्न वा भौगोलिक नाम', प्रस्तावित विधेयकमा भौगोलिक संकेतलाई यसरी परिभाषित गरिएको छ । परिच्छेद ६ मा जीआई कुन आधारमा दिने र नदिने भन्ने व्यवस्था छ र दफा ५२(५) मा नेपाल र अन्य देशबीच द्विपक्षीय सम्झौताका माध्यमबाट पनि एकअर्काको जीआई अंकित वस्तुलाई संरक्षण दिन सकिने प्रावधान छ । बाँकी पृष्ठ ९

# मानवीय क्षति हुन नदिन गैरघातक हतियार खरिद गर्दै सरकार

मधेशको पछिल्लो तनावमा गोली प्रहारबाट ४ जनाको ज्यान गएर आलोचित हुनुपरेपछि गैरघातक हतियार खरिद सरकारको प्राथमिकता

**गौरव पोखरेल** (काठमाडौं)

सरकारले भीड नियन्त्रणका लागि गैरघातक हतियार खरिद प्रक्रिया अघि बढाउने भएको छ । कोशी र मधेशमा दुई समुदायबीच भएको तनावका क्रममा सुरक्षाकर्मीबाट चलेको गोलीले चार जनाको ज्यान गएपछि बारम्बार यस्तो अवस्था आउन नदिन गैरघातक हतियार खरिद गर्न लागिएको हो ।

गृहमन्त्री सुधन गुरुङले कान्तिपुरसँग विशेष कुराकानी गर्दै गैरघातक हतियार किन्ने तयारी भएको बताए । 'पहिले पुरानै बजेट चलिरहेकाले त्यसलाई थप चलाउन मिल्ने अवस्था थिएन, भर्खरै नयाँ आर्थिक वर्ष सुरु भएको छ, यस वर्षको बजेटबाट खरिद प्रक्रिया सुरु गर्दै छौं,' उनले भने, 'भीड नियन्त्रणका लागि आवश्यक सबै प्रकारका गैरघातक हतियारलाई त्यसमा समेटेका छौं ।'

ड्रोनबाटै अश्रुग्यास हान्ने, माइकिङ र निगरानी गर्ने गरी आवश्यक गैरघातक हतियार खरिद गरिने उनले बताए । 'भीड व्यवस्थापनलाई प्रभावकारी बनाउने कुरामा ड्रोनको प्रयोग हुनेछ, कमान्ड सेन्टरबाट अवस्थाको निगरानी गरेर ब्यारिकेडलाई थप प्रभावकारी बनाइनेछ,' मन्त्री गुरुङले थपे, 'महत्त्वपूर्ण संरचना र मानवीय क्षति हुन नदिन मुख्य ध्यान दिइनेछ ।'

२३ भदौको जेन-जी आन्दोलनमा प्रहरीको कमजोर ब्यारिकेडलाई प्रदर्शनकारीले तोडेका थिए । त्यसपछि उनीहरू नयाँ बानेश्वरमा रहेको संसद् भवनतर्फ प्रवेश गरेपछि गोली चलेको थियो । तत्कालीन प्रहरी अधिकारीहरूले संसद् भवनभित्र रहेका महत्त्वपूर्ण संरचना सुरक्षार्थ खटिने स्पेसल टास्क फोर्स (एसटीएफ) का अधिकारीहरूले अत्यावश्यक वस्तु संरक्षण ऐनले खतरा महसुस भए गोली चलाउन सक्ने अधिकार दिएको भन्दै सोहीअनुसार बल प्रयोग भएको दाबी गरेका थिए । तनाव बढ्दै गएपछि भीड नियन्त्रणमा खटिएका अन्य प्रहरी अधिकारीहरू पनि संसद् भवनभित्रै प्रवेश गरेका थिए ।

गृहमन्त्री गुरुङले प्रहरीको कामकारबाहीसँग जोडिने अत्यावश्यक वस्तु संरक्षण ऐन, २०१२ र स्थानीय प्रशासन ऐन, २०२८ दुवैलाई संशोधन गर्ने तयारी भइरहेको समेत बताए । 'ऐनलाई कस्तो बनाउने भन्नेमा छलफल गरेर मस्यौदा तयार पार्दै छौं,' उनले भने, 'एउटै ऐन पटक-पटक संशोधन गर्ने कुरा हुँदैन, त्यसैले पहिल्यै गम्भीर छलफल गरेर संशोधन गर्ने तयारी छ ।'

हाल सुरक्षाकर्मीको मनमा अवस्था बिग्रियो भने गोली चलाइहाल्नुपर्छ भन्ने खालको सोच रहेको भन्दै त्यही सोचलाई परिवर्तन गरेर गैरघातक उपायलाई प्राथमिकतामा राख्ने उनले बताए । २३ र २४ भदौमा भएको घटनाबारे जाँचबुझ गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा बनेको आयोगले पनि स्थानीय प्रशासन ऐन, २०२८ र अत्यावश्यक वस्तु संरक्षण ऐन, २०१२ लाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याएको थियो ।

स्थानीय प्रशासन ऐनमार्फत 'सुरक्षाकर्मीले कर्फ्युमा गोली प्रहार गर्न सक्ने, नसक्नेबारे स्पष्ट व्याख्या हुनुपर्ने' भनिएको थियो । प्रतिवेदनले प्रहरीलाई आवश्यक पर्ने ढाल, अश्रुग्यास, बडी गियरलगायतका गैरघातक सामग्रीको अभाव रहेको समेत औंल्याएको थियो ।

नेपाल प्रहरीका पूर्वआईजीपी दीपक थापा आफ्नो कार्यकालमा ७६ करोड रुपैयाँ बराबरको रायट कन्ट्रोल गियर, अश्रुग्यास, सर्ट गन, रबर बुलेटसहितका गैरघातक हतियार खरिद प्रक्रिया अघि बढाए पनि अन्तिममा रद्द गर्नुपरेको बताउँछन् । 'अर्थ मन्त्रालयले स्रोत सुनिश्चितता दिएपछि टेन्डर गरेर खरिद प्रक्रिया अघि बढाइएको थियो,' उनले कान्तिपुरसँग भने, 'तर, विवाद भएपछि एलसी खोलिसकेको पनि रद्द गर्नुपर्‍यो ।' बाँकी पृष्ठ ९

**नेपाल प्रहरी र सशस्त्रले माग गरेका गैरघातक सुरक्षा सामग्री**

- रायट कन्ट्रोल गियर
- अश्रुग्यास
- ब्लांक फायर
- रबर बुलेट
- मल्टी ग्यास गन
- वाटर क्यानन (पानीको फोहोरा हान्ने सवारी)
- दमकल
- गोताखोर उपकरण
- रबर/मोटर बोट
- सुरक्षा गस्तीका सवारी

**गृहमन्त्री गुरुङ भन्छन्-**



ड्रोनबाट अश्रुग्यास प्रहार र दंगा नियन्त्रण गर्ने उपकरण खरिद गर्नेछौं, सम्बन्धित ऐन कानुनसमेत संशोधन गर्न मस्यौदाको तयारी भइरहेको छ

अन्तर्वार्ता पृष्ठ ५

# प्रधानमन्त्रीले भारतीय र चिनियाँ राजदूत भेट्दै

भारतीय र चिनियाँ राजदूतसँग सोमबार तथा अमेरिकी कार्यवाहक राजदूतसँग मंगलबार भेट्ने कार्यक्रम तय



**नवीन श्रीवास्तव**
भारतीय राजदूत



**चाङ माओमिङ**
चिनियाँ राजदूत



**स्कट अर्बम**
कार्यवाहक अमेरिकी राजदूत

**अनिल गिरी** (काठमाडौं)

प्रधानमन्त्री वालेन्द्र शाहले विदेशी राजदूतहरूसँग व्यक्तिगत भेटघाट नगर्ने पूर्वअडानबाट पछि हट्दै सोमबारदेखि काठमाडौंस्थित प्रमुख कूटनीतिज्ञहरूसँग छुट्टाछुट्टै भेट गर्ने भएका छन् ।

शाहले सोमबार भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत चाङ माओमिङसँग छुट्टाछुट्टै भेट गर्दै छन् । भोलिपल्ट मंगलबार कार्यवाहक अमेरिकी राजदूत (चार्ज डी' अफेयर्स) स्कट अर्बमसँग भेटवार्ता गर्ने तय भएको छ ।

शाहले दुई साताअघि नै उनीहरूलाई भेट्ने योजना बनाए पनि सुनसरी र अन्य जिल्लामा भएका हिंसात्मक घटनाका कारण भेटघाट पछि धकेलिएको हो । छिमेकी मुलुकका राजदूतहरूलाई एकै दिन भेट्ने निर्णयले नेपालका लागि दुवै मुलुकको समान महत्त्व रहेको सन्देश दिन खोजिएको देखिन्छ । समयतालिका भने पहिले भारत र त्यसपछि चीनसँग भन्ने सरकारको घोषित परराष्ट्र नीतिअनुरूप मिलाइएको छ ।

'भारतीय राजदूतलाई पहिले र त्यसपछि चिनियाँ राजदूतलाई आउन भनिएको छ । दुवै राजदूतले प्रधानमन्त्रीलाई एकै दिन भेट गर्ने भए पनि समयतालिकाले सरकारको परराष्ट्र नीतिको प्राथमिकतालाई देखाउँछ,' परराष्ट्र मन्त्रालयका एक वरिष्ठ अधिकारीले कान्तिपुरसँग भने, 'भोलिपल्ट कार्यवाहक अमेरिकी राजदूतलाई भेट्ने कार्यक्रम छ, अमेरिका नेपालको अर्को महत्त्वपूर्ण मित्र र विकास साझेदार हो ।'

प्रधानमन्त्रीका एक सल्लाहकारका अनुसार परराष्ट्र मन्त्रालयले सम्बन्धित दूतावासलाई भेटघाटको समयबारे जानकारी गराइसकेको छ । बाँकी पृष्ठ ९






## डिजिटल नेपालको कमजोर धरातल

# थलिएका सर्भर र म्याद गुज्रिएका प्रणालीले सेवाग्राहीलाई हैरानी

**पुराना प्रविधि र पूर्वाधार, कमजोर योजना, भेन्डरमाथिको निर्भरता तथा दक्ष जनशक्तिको अभावले सरकारी डिजिटल प्रणाली बारम्बार अवरुद्ध हुने गरेका छन्, जसको प्रत्यक्ष असर सेवा प्रवाहमा देखिएको छ**



भक्तपुरको यातायात कार्यालयमा सेवाग्राहीको भीड । फाइल तस्बिर : दिपेश दर्शनधारी/कान्तिपुर

**सजना बराल** (काठमाडौं)

सरकारले 'पेपरलेस' र प्रविधिमैत्री सेवा प्रवाहको लक्ष्य राखेर नागरिकलाई डिजिटल प्रणालीमा जोड्दै गएको दाबी गरे पनि ती प्रणालीको भरपर्दो सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति र दीर्घकालीन योजना नहुँदा सरकारी डिजिटल सेवा नै नागरिकका लागि झन्झटिलो बन्न थालेका छन् ।

राष्ट्रिय परिचयपत्रको केन्द्रीय प्रणालीदेखि मालपोत, यातायात, अध्यागमन र राजस्वका प्रणालीसम्म बारम्बार देखिने अवरोधले सरकारी डिजिटल रूपान्तरणको कमजोर तयारी उजागर गरेको छ ।

अर्थ मन्त्रालयमा मन्त्रालयगत बजेट सूचना प्रणाली 'एलएमबीआईएस', स्थानीय तहका बजेट निर्माण तथा योजना तर्जुमाका लागि 'सूत्र', आन्तरिक राजस्व विभाग र राजस्व कार्यालयहरूमा 'इन्टिग्रेटेड ट्याक्स म्यानेजमेन्ट सिस्टम', नागरिक सेवा तथा पहिचान प्रणालीका रूपमा 'नागरिक एप' र 'नेसनल आईडी इन्फरमेसन सिस्टम' जस्ता दर्जनौं प्रणाली प्रयोगमा छन् । तर, यीमध्ये कुनै न कुनै प्रणाली नियमित रूपमा अवरुद्ध भइरहन्छन् । कहिलेकाहीं त सर्भर नचलेर महिनौंसम्म सेवा प्रभावित भएका प्रशस्त उदाहरण छन् ।

अहिले राष्ट्रिय परिचयपत्रको केन्द्रीय प्रणालीमा देखिएको अन्तरआबद्धता (इन्टरअपरेबिलिटी) सम्बन्धी समस्याले बारम्बार बल्झिने अवस्थालाई पुनः सतहमा ल्याएको छ । नागरिक पहिचानका लागि विभिन्न निकायमा राष्ट्रिय परिचयपत्र लागू गरिसकिएको र पहिचान प्रमाणीकरणको मुख्य विन्दु नै यही भएकाले एनआईडीको प्रणालीमा समस्या आउँदा अन्य प्रणाली स्वतः अवरुद्ध हुन पुगेका छन् ।

बैंक, टेलिकम (सिमकार्ड), यातायात (लाइसेन्स) वा राहदानी विभागले नागरिकका सबै बायोमेट्रिक विवरण आफूसँग राख्दैनन् । उनीहरूले सेवाग्राहीको विवरण साँचो हो/होइन भनेर प्रमाणीकरण गर्न एनआईडीको केन्द्रीय सर्भरमा अनलाइन अनुरोध (एपीआई कल) पठाउँछन् । अहिले यही कलको भार बढेर र एआईडीतिरको स्टोरेज भरिएर सेवा प्रभावित भएको हो ।

राष्ट्रिय परिचयपत्रको प्रणालीको मुख्य भण्डारण र बायोमेट्रिक प्रमाणीकरण गर्ने क्षमता (एमएसआई स्टोरेज) पूर्ण रूपमा भरिएको छ । यसअघि प्रतिघण्टा ६ हजारसम्म 'डेटा प्रोसेसिङ' गर्न सक्ने यो प्रणालीको क्षमता घटेर हाल दैनिक ६०० देखि ७०० मा सीमित भएको विभागले जनाएको छ ।

सन् २०१८ देखि चलेको यस प्रणालीको क्षमता समयमै नबढाइएका कारण यस्तो परिस्थिति सिर्जना भएको सूचना प्रविधि विज्ञ विवेक राणा औंल्याउँछन् । 'छिटो-छरितो सेवाका लागि धेरै प्रयोगकर्ता भएका प्रणालीहरू भटाभट एनआईडीको सर्भरसँग जोडियो तर एनआईडी प्रविधि, स्टोरेज र प्रोसेसिङ क्षमता भने बढाइएन,' उनी भन्छन्, 'यसले गर्दा एकै पटक धेरै ठाउँबाट विवरण भेरिफाई गर्ने अनुरोध आउँदा एनआईडीको सर्भरले लोड धान्न सकेन र डेटा प्रोसेसिङ स्लो भइरहेको छ ।'

विज्ञ राणाका अनुसार राष्ट्रिय परिचयपत्रसँगै सरकारका धेरैजसो 'कोर' डिजिटल प्रणाली ८/९ वर्ष पहिले बनेका हुनाले तिनमा पुरानो 'एक्सएमएल एपीआई' मा आधारित छन् । पछि बनेका आधुनिक प्रणाली तथा नयाँ जोडिने कनेक्टर र एपीआई छरितो प्रविधि 'रेस्टफुल' मोडलमा हुन्छन् । दुई फरक भाषा बोल्ने प्रणालीलाई एक-आपसमा जोडेर डेटा आदानप्रदान गराउन बीचमा 'अडप्टर' प्रयोग गर्नुपर्छ । तर, अडप्टरको प्रयोगले प्रणाली सुस्त, अस्थिर वा अवरुद्ध हुने समस्या हुन्छ ।

त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन सर्भर पटक-पटक डाउन हुँदा अन्तर्राष्ट्रिय उडान र यात्रु जाँच प्रक्रिया प्रभावित हुने गरेको छ । अघिल्लो महिना भूमि व्यवस्थापन तथा अभिलेख विभागको 'पब्लिक एक्सेस मोडल' मा समस्या आउँदा देशभरका मालपोत कार्यालयको सर्भर डाउन भई घरजग्गा रजिस्ट्रेसन, लिखत पारित र बैंकिङ कारोबार रोकिएको थियो । यातायात व्यवस्था विभागको नयाँ इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स (ईडीएल) र भेहिकल रजिस्ट्रेसन सिस्टम (भीआरएस) प्रणालीको सर्भरमा समस्या आउँदा पछिल्लो तीन हप्तादेखि नयाँ आवेदन, नवीकरण, वर्ग थप, राजस्व भुक्तानी र परीक्षासम्बन्धी अधिकांश सेवा अवरुद्ध छ ।

●●●

### किन यस्तो हुन्छ ?

सरकारी अनलाइन प्रणालीमा देखिएको समस्याको मुख्य जड प्रणालीको डिजाइनमै रहेको विद्युतीय सुशासन तथा सूचना प्रविधि क्षेत्रका विज्ञ मनोहरकुमार भट्टराई बताउँछन् । 'सरकारले कस्ता प्रविधि चाहिएको छ भनेर उचित योजना बनाउनुभन्दा खरिद प्रक्रियामा बढी समय खर्च गर्ने गरेको छ,' उनी भन्छन्, 'कुन प्रणाली कति समयसम्म निर्बाध चल्छ भन्ने कुराको सुनिश्चितता नगरी खरिद सम्झौता गरिन्छ । सूचना प्रविधिको समग्र चक्रलाई ध्यान नदिँदा यस्ता समस्या दोहोरिरहेका छन् ।'

सूचना प्रविधि विज्ञ विवेक राणाले पनि सूचना प्रविधिसम्बन्धी धेरैजसो सरकारी परियोजना पर्याप्त 'प्लानिङ' बिना नै बनाउने गरिएको बताए । कुन प्रविधिको प्रयोग कसका लागि, किन, कुन प्रयोजनका लागि, कति प्रयोगकर्ताका लागि र कुन बेला बढी चाप हुन सक्छ भन्ने कुरा सिस्टम बनाउनुभन्दा अघि नै ख्याल राख्नुपर्ने विषय हुन् । तर, यस्ता आधारभूत कुरामा ध्यान नदिएकै कारण सरकारी र निजी संस्थाका सर्भर तथा प्रणाली पटक-पटक बिग्रिने गरेको उनको बुझाइ छ ।

सरकारी कार्यालयमा सुरुमा लहडका भरमा ठूला कार्यक्रम ल्याइहाल्ने, सर्भर र हार्डवेयर किनेर चलाइदिने तर पछि त्यसलाई समयअनुकूल अपग्रेड नगर्ने मुख्य समस्या रहेको सिंहदरबारकै आईटी कर्मचारीहरू स्विकार्छन् । 'म हुम्लामा छँदा १४ वटा मालपोत कार्यालयका लागि करिब ८ करोड रुपैयाँको सर्भर किनेर चलाएको थिएँ, ८/१० वर्षसम्म पनि त्यसलाई अपग्रेड नगरेपछि अहिले त्यो चल्न छाडेको छ,' उनले भने, 'प्रणाली अपग्रेडका लागि बजेट खर्च गर्दा सरकारीस्तरमा प्रश्न उठ्ने डर हुन्छ । कतिपय अवस्थामा प्राविधिक कर्मचारीहरू आफैंले पनि प्रणाली अपग्रेडको आवश्यकता र खर्चको औचित्यबारे माथिल्लो निकायमा स्पष्ट रूपमा बुझाउन सक्दैनन्, यसले गर्दा सरकार लगानी गर्न हच्किन्छ ।'

●●●

### 'भेन्डर' माथिको निर्भरता

नेपालको राष्ट्रिय परिचयपत्र प्रणाली फ्रान्सेली प्रविधिको 'प्रोप्राइटरी गुड्स' भएकाले नेपाल सरकार आफैंले यसको सफ्टवेयर वा डेटाबेस परिमार्जन गर्न पाउँदैन । जसका कारण पञ्जीकरण विभाग पूर्ण रूपमा फ्रान्सेली कम्पनी आइडेमिया (हाल आईएन ग्रुप) सँग निर्भर हुनुपर्ने बाध्यता छ । प्रोप्राइटरी सफ्टवेयर खरिदसँगै स्थानीय र विदेशी भेन्डरमाथिको निर्भरतालाई लिएर अन्य निकायमा पनि समान प्रकृतिका जटिलता छन् । सरकारको आफ्नै अध्ययनले पनि सरकारी प्रणालीहरू सञ्चालन तथा विकासमा भेन्डरप्रतिको निर्भरता अत्यधिक बढेको औंल्याएको छ । चार महिनाअघि प्रकाशित 'अर्थ मन्त्रालय र अन्तर्गतका निकायमा सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित प्रणालीगत सुधार (सूचना प्रविधि) सम्बन्धी प्रतिवेदन' का अनुसार विगतमा सरकारी संस्थाहरूले विकास साझेदारको सहयोगमा स्रोत कोडबिना नै प्रोप्राइटरी सफ्टवेयर प्रणाली खरिद गरेका थिए । उदाहरणका लागि विश्व बैंक र एसियाली विकास बैंकको वित्तीय तथा प्राविधिक सहयोगमा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, भन्सार विभाग, राष्ट्रिय परिचपत्र तथा पञ्जीकरण विभागलगायत दर्जनौं निकायले विभिन्न प्रोप्राइटरी सफ्टवेयर खरिद गरी सञ्चालन गर्दै आएका छन् ।

'मन्त्रालय र अन्तर्गतका निकायहरूमा सूचना प्रविधि प्रणालीको विकास, सञ्चालन, मर्मतसम्भार तथा स्तरोन्नतिका लागि बाह्य सेवा प्रदायकमाथि अधिक निर्भरता देखिएको छ,' प्रतिवेदनको बुँदा ३.३ मा भनिएको छ, 'प्रणाली कन्फिगरेसन, ट्रबलसुटिङ, मेन्टिनेन्स तथा अपग्रेडजस्ता प्राविधिक कार्यहरू प्रायः बाह्य सेवा प्रदायकमार्फत सञ्चालन हुने गरेका छन् ।' साथै, सोर्स कोडबिना प्रोप्राइटरी सफ्टवेयर प्रणाली खरिद गर्ने तर शुल्क महँगो भएकाले सफ्टवेयर सपोर्ट नलिने प्रवृत्तिका कारण आवश्यकताअनुसार प्रणाली परिमार्जन गर्न कठिनाइ हुने समस्या रहेको सो प्रतिवेदनमा उल्लेख छ ।

●●●

### सफ्टवेयर सपोर्ट नलिने प्रवृत्ति

हार्डवेयरका लागि वार्षिक मर्मत सम्झौता (एएमसी) गरिए पनि सफ्टवेयर खरिदमा सफ्टवेयर सपोर्ट कन्ट्र्याक्ट (एसएससी) लिने गरिएको छैन । 'यसरी सपोर्ट सेवा नलिँदा प्रणालीमा कुनै समस्या आए, के गर्ने र कसरी समाधान गर्ने भन्ने प्राविधिक ज्ञान सरकारी कर्मचारीहरूसँग हुँदैन,' विज्ञ राणाले भने, 'यस्तो अवस्थामा कर्मचारीहरूले हिट एन्ड ट्रायल वा अनुमानका भरमा समाधान खोज्नुपर्छ वा चिनेका मानिस, कम्पनीका प्राविधिकहरूसँग अनौपचारिक र व्यक्तिगत रूपमा सोधेर काम चलाउनुपर्ने बाध्यता छ ।'

सरकारी निकायले सफ्टवेयरको सपोर्ट कन्ट्र्याक्ट नलिनुको मुख्य कारण महँगो शुल्क हो । उदाहरणका लागि वैदेशिक ऋणको हिसाब राख्ने सरकारी प्रणाली (डीओएमएस) को वार्षिक सफ्टवेयर सपोर्ट कन्ट्र्याक्ट नै करिब डेढ लाख डलर पर्ने कर्मचारीहरू बताउँछन् । सफ्टवेयर कम्पनीहरूले मुख्य रूपमा सफ्टवेयर सर्भिसेसबाटै आम्दानी गर्ने हुनाले यस्तो सपोर्ट शुल्क वार्षिक ३ लाखदेखि साढे ३ लाख डलरसम्म पर्छ । मन्त्रालय वा विभागका कर्मचारीहरूले वार्षिक रूपमा यति ठूलो बजेट स्वीकृत गराउन सक्दैनन् ।

प्रोप्राइटरी प्रणालीमा बाह्य कम्पनीको पकड रहने वा भेन्डर लक-इनको समस्या हुने भए पनि अहिले अधिकांश निकायका प्रणाली 'प्रोप्राइटरी' भएकै कारण सफ्टवेयर सपोर्टबेगर पनि यतिसम्म धानिएको विज्ञहरूको भनाइ छ । सफ्टवेयर सपोर्ट लिँदा भेन्डरले प्रणाली सञ्चालनका क्रममा आइपर्ने प्राविधिक समस्या समाधानका लागि तत्काल डिजिटल सहयोग उपलब्ध गराउनेदेखि सफ्टवेयरको पुरानो भर्सनलाई नयाँ र परिमार्जित भर्सनमा स्तरवृद्धि, डेटा भण्डारणको सुरक्षा सुनिश्चित गर्न ब्याकअप लिने र प्रणालीको नियमित कार्यक्षमता परीक्षण, बग फिक्सिङलगायत पर्छन् । साथै, फायरवाल, अपरेटिङ सिस्टम, डेटाबेस र एन्टिभाइरसजस्ता सिस्टम र सुरक्षाको लाइसेन्स नवीकरण पनि पर्छ ।

●●●

### झन्झटिलो खरिद प्रक्रिया

वर्तमान सार्वजनिक खरिद ऐन र नियमावलीका प्रावधानहरू सूचना प्रविधिका लागि व्यावहारिक नभएको आईटी क्षेत्रका कर्मचारीहरूले औंल्याउँदै आएका छन् । यद्यपि, हालै भएको ऐन संशोधनले कार्यविधि बनाएर काम गर्न भनेको हुँदा यसमा प्रधानमन्त्री कार्यालयले प्रक्रिया अघि बढाएको हुन सक्ने सूचना तथा सञ्चार मन्त्रालयका एक अधिकारीले बताए । खरिद ऐनमा आईटी उपकरणहरूको स्पेसिफिकेसन कसरी बनाउने र कस्टिङ कसरी गर्ने भन्ने स्पष्ट छैन । साथै, ३० दिने वा २१ दिने खरिद प्रक्रियाको झमेला पूरा गर्दागर्दै कतिपय अवस्थामा सरकारी सेवा लामो समयसम्म बन्द भइसक्ने र तत्काल सेवा सञ्चालन गर्न नसकिने समस्या छ ।

सूचना तथा सञ्चार मन्त्रालयले २०८२ मा बनाएको 'सूचना प्रविधि प्रणालीको विकास तथा परामर्श सेवाको लागत अनुमानसम्बन्धी नर्म्स' मा खरिद गरिएको उत्पादनको २० प्रतिशतसम्म वार्षिक एएमसी लिन पाइने उल्लेख छ । उदाहरणका लागि, १ करोडको सफ्टवेयर खरिद गरिएको छ भने वार्षिक २० लाख रुपैयाँसम्म एएमसी लिन मिल्छ । तर, महँगा अन्तर्राष्ट्रिय सफ्टवेयरहरूको लाइसेन्स र सफ्टवेयर सपोर्ट शुल्क उच्च हुने भएकाले सरकारी कार्यालयहरूले समयमै मर्मत सम्झौता नवीकरण गर्न सक्दैनन् । केहीले त बजेट अभाव र चेतनाको कमीले 'सेक्योर सकेट लेयर (एसएसएल) सर्टिफिकेट' जस्तो आधारभूत सुरक्षा प्रणालीसमेत नियमित नवीकरण गरेका छैनन् ।

सरकारका आधिकारिक ऐन, अध्यादेश र राजपत्र संग्रह हुने मुद्रण विभागको राजपत्र पोर्टलमा लामो समयदेखि एसएसएल नभएको र 'नट सेक्योर' देखिने गरेको छ । यो पोर्टल असुरक्षित भएकाले सुरक्षा प्रबन्ध अलि बलियो भएको डिभाइसमा यो पोर्टल खुल्दैन ।

●●●

### जनशक्ति अभाव र सरुवाको असर

अर्थ मन्त्रालयको प्रतिवेदन अध्ययन समितिका सदस्यसमेत रहेका मन्त्रालयकै सूचना प्रविधि उपसचिव गोविन्दराम पनेरु सरकारी कार्यालयहरूमा आफ्नै सक्षम आन्तरिक प्राविधिक टिम नहुनुलाई पनि कमजोरी मान्छन् । 'अस्पताल सञ्चालन गर्न फरक-फरक विधाका डाक्टरहरू चाहिएजस्तै आईटी प्रणालीका लागि पनि विशिष्टीकृत विशेषज्ञहरू चाहिन्छ,' उनले भने, 'प्रणाली विकास गरेपछि त्यसलाई धान्नका लागि डोमेन विज्ञ, सिस्टम एनालिस्ट, प्रोग्रामर र डेटाबेस म्यानेजरजस्ता दक्ष जनशक्तिको सरकारी सेवामा ठूलो अभाव छ ।'

सरकारी निकायका सूचना प्रविधि शाखाहरूमा न्यून जनशक्ति हुनु अनलाइन सेवा प्रभावित हुनुको एउटा कारण रहेको उनले औंल्याए । उदाहरणका लागि, देशभरिका सवारी चालक अनुमतिपत्र र यातायात प्रणालीको भार धान्ने यातायात व्यवस्था विभागको सूचना प्रविधि शाखामा जम्मा तीन जना कर्मचारी छन् । आईटी शाखाहरूमा विशिष्टीकृत रूपमा काम गर्ने गरी कर्मचारीको दरबन्दीसमेत छैन । यसले गर्दा पनि चौबीसै घण्टा चल्नुपर्ने संवेदनशील अनलाइन प्रणालीको अनुगमन र मर्मतसम्भारमा कठिनाइ भइरहेको पनेरुको भनाइ छ ।

त्यस्तै, सरकारी सेवामा रहेका प्राविधिक कर्मचारीहरूको छिटोछिटो सरुवा हुने प्रवृत्तिले प्रणालीको 'संस्थागत स्मरण' (इन्स्टिट्युसनल मेमोरी) जोगिन सकेको छैन । उपसचिव पनेरुका अनुसार नयाँ आउने कर्मचारीले पुराना र जटिल प्रणालीहरू बुझ्न लामो समय लाग्ने हुँदा साना प्राविधिक समस्या समाधानका लागि पनि बाह्य भेन्डर वा परामर्शदाताकै भर पर्नुपर्ने बाध्यता रहन्छ । 'सरकारले प्रविधिको माध्यमबाट अनलाइन सेवा दिने रहर त गर्छ, तर सोहीअनुसारको आन्तरिक प्राविधिक क्षमता र जनशक्ति विकासमा उचित ध्यान दिँदैन,' उनले भने, 'एउटै कम्प्युटर इन्जिनियरको भरमा सिंगो प्रणाली चलाउन खोजिन्छ ।'

●●●

### म्याद गुज्रिएका प्रणाली

हाल अधिकांश सरकारी कार्यालय र डेटा सेन्टरहरूमा पहिलो चरणमै खरिद गरिएका ७/८ वर्ष पुराना प्रणाली छन् । प्राविधिक रूपमा यी सफ्टवेयर तथा उपकरणहरू 'इन्ड-अफ-लाइफ' वा 'इन्ड-अफ-सपोर्ट' को अवस्थामा पुगिसकेका छन् । यसले गर्दा सेवा प्रवाहमा बारम्बार समस्या आइरहेको कर्मचारीहरूको बुझाइ छ ।

यस्ता पुराना प्रविधिलाई 'अर्जिनल इक्विपमेन्ट म्यानिफ्याक्चरर' ले नै बन्द गरिसकेको हुनाले कुनै समस्या आउँदा न त उनीहरूले पार्ट्स बनाइदिन्छन् न कुनै सफ्टवेयर अपग्रेड, प्याच वा प्राविधिक सपोर्ट नै दिन्छन् । विद्यमान नीतिअनुसार पुरानो प्रणाली चल्ने समयसम्म त्यसैलाई चलाइरहनुपर्ने दबाब छ । पुराना प्रणाली समयमै फेर्न खोज्यो भने 'नियत के हो ?' भनेर प्रश्न उठाइने हुनाले आईटी कर्मचारीहरू जोखिम मोलेरै पुराना प्रणाली चलाइरहेका देखिन्छन् ।

अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार धेरैजसो सरकारी सर्भर र उपकरण पुराना वा म्याद गुज्रिसकेको अवस्थामा पुगेर पनि चलाइरहेको पाइन्छ । यस्ता पुराना उपकरण समयमै परिवर्तन नगरिँदा प्रणाली जोखिमपूर्ण बनेका छन् । विज्ञ भट्टराई भने सफ्टवेयर वा सर्भर पुरानो हुनुभन्दा पनि योजना र व्यवस्थापनमा दक्षताको कमी हुनु ठूलो समस्या भएको बताउँछन् । प्रविधि आपूर्तिकर्ताहरूलाई उनीहरूको कामप्रति पर्याप्त जिम्मेवार बनाउन नसकिएको उनले बताए । प्रणाली कति समयसम्म निर्बाध चल्छ भन्ने कुरा सुनिश्चित गर्न खरिद सम्झौतामै स्पष्ट प्रतिबद्धता खोज्नुपर्ने उनको सुझाव छ ।

●●●

### सुधारको विकल्प

सरकारी अनलाइन सेवालाई दिगो र भरपर्दो बनाउन टालटुले सुधारले मात्र नपुग्ने आईटी कर्मचारी र विज्ञहरूको धारणा छ । उनीहरूका अनुसार सरकारले भौतिक पूर्वाधार व्यवस्थापनबाट माथि उठेर क्लाउड कम्प्युटिङ सेवा अवलम्बन गर्नु आवश्यक छ ।

विद्यमान सर्भर प्रणाली 'लोकल डिप्लोयमेन्ट आर्किटेक्चर' मोडलमा छन् । यसमा डेटा स्टोरेज भौतिक संरचनामा मात्र हुन्छ । प्राइमरी सर्भर बिग्रिएमा सेवा सुचारु गर्ने सेकेन्डरी ब्याकअप सर्भरको स्वचालित प्रणाली छैन । चुस्त र निरन्तर अनलाइन सेवाका लागि 'क्लाउड कम्प्युटिङ' तर्फ जाने बेला आएको विज्ञहरू औंल्याउँछन् ।

उनीहरूका अनुसार विदेशी कम्पनीहरूमाथिको निर्भरता कम गर्न ओपन स्ट्यान्डर्ड र आंशिक स्वदेशी प्रविधिको विकासमा जोड दिनुपर्छ । 'अहिले धेरैले स्वदेशी प्रविधि वा पूर्ण रूपमा ओपन सोर्समा जाने कुरा गर्छन् तर हामीले जति नै ठूला कुरा गरे पनि हाम्रो सफ्टवेयर उद्योग अझै त्यति परिपक्व भइसकेको छैन,' विज्ञ राणाले भने, 'हामी सबै कुरा स्थानीय रूपमा डेभेलप गर्न सक्दैनौं । त्यसैले सबैभन्दा उत्कृष्ट र व्यावहारिक विकल्प भनेको कोर प्रणाली विदेशबाट खरिद गर्ने तर त्यो कोरसँग जोडिने अन्य सहायक मोड्युल वा कम्पोनेन्टहरू हामी आफैंले स्वदेशी रूपमा विकास गरेर इन्टिग्रेट गर्ने नै हो ।'

साथै, सार्वजनिक खरिद प्रक्रियामा सूचना प्रविधिका विशिष्ट आवश्यकताअनुसार कानुनी सुधार गर्न पनि विज्ञको जोड छ । प्रणालीहरू खरिद गर्दा नै यसको 'लाइफ साइकल कस्ट' (दीर्घकालीन सञ्चालन खर्च) र प्रविधि हस्तान्तरणका बुँदाहरू स्पष्ट रूपमा समेट्न सकिए मात्र नेपालका अनलाइन सेवाहरू सुरक्षित, भरपर्दा र जनमैत्री बन्न सक्छन् । सञ्चालनमा रहेका प्रणालीको नियमित समीक्षा, टेक्निकल अडिट तथा पर्फर्मेन्स इभ्यालुएसनको व्यवस्था अनिवार्य गर्न अर्थ मन्त्रालयको प्रतिवेदनले सुझाव दिएको छ ।

प्रतिवेदनले प्रविधिको विशिष्ट आवश्यकता अनुकूल सार्वजनिक खरिद ऐन तथा नियमावली परिमार्जन गर्न, म्याद गुज्रिएका पुराना उपकरण विस्थापन गरी सेक्युरिटी लाइसेन्स नियमित नवीकरण गर्न सुझाव दिएको छ । विदेशी भेन्डरमाथिको अधिक निर्भरता कम गर्न प्रणाली डिजाइन र डेटाबेस स्वामित्वजस्ता संवेदनशील कामहरू कार्यालयका आन्तरिक जनशक्तिबाटै गराउनुपर्ने सुझाव सरकारको आफ्नै अध्ययन समितिले तयार पारेको प्रतिवेदनमा उल्लेख छ ।

> सरकारले कस्ता प्रविधि चाहिएको छ भनेर उचित योजना बनाउनुभन्दा खरिद प्रक्रियामा बढी समय खर्च गर्ने गरेको छ । कुन प्रणाली कति समयसम्म निर्बाध चल्छ भन्ने कुराको सुनिश्चितता नगरी खरिद सम्झौता गरिन्छ । सूचना प्रविधिको समग्र चक्रलाई ध्यान नदिँदा यस्ता समस्या दोहोरिरहेका छन्
>
> ● **मनोहरकुमार भट्टराई**
> विद्युतीय सुशासन तथा सूचना प्रविधि क्षेत्रका विज्ञ

> छिटो-छरितो सेवाका लागि धेरै प्रयोगकर्ता भएका प्रणालीहरू भटाभट एनआईडीको सर्भरसँग जोडियो तर एनआईडी प्रविधि, स्टोरेज र प्रोसेसिङ क्षमता भने बढाइएन । यसले गर्दा एकै पटक धेरै ठाउँबाट विवरण भेरिफाई गर्ने अनुरोध आउँदा एनआईडीको सर्भरले लोड धान्न सकेन र डेटा प्रोसेसिङ स्लो भइरहेको छ
>
> ● **विवेक राणा**
> सूचना प्रविधि विज्ञ

> अस्पताल सञ्चालन गर्न फरक-फरक विधाका डाक्टरहरू चाहिएजस्तै आईटी प्रणालीका लागि पनि विशिष्टीकृत विशेषज्ञहरू चाहिन्छ । प्रणाली विकास गरेपछि त्यसलाई धान्नका लागि डोमेन विज्ञ, सिस्टम एनालिस्ट, प्रोग्रामर र डेटाबेस म्यानेजरजस्ता दक्ष जनशक्तिको सरकारी सेवामा ठूलो अभाव छ
>
> ● **गोविन्दराम पनेरु**
> सूचना प्रविधि उपसचिव, अर्थ मन्त्रालय


## वर्गीकृत डिस्प्ले

**निमार्णको लागि सम्पर्क**
घर/भवन निर्माण, ग्राउटिङ्ग, वाटरप्रुफिङ्ग, प्लम्बिङ्ग, रङ्गरोगन, वायरिङ्ग, ट्रस निर्माण, बगैंचा निर्माणको साथै नर्सरी सम्बन्धी कार्यका लागि सम्पर्क ।
अल ओभर कन्स्ट्रक्सन प्रा.लि.
चावहिल, काठमाडौं
९८५११५४४३२
९८५११५४४३४
९८५१०४४४३२

**स्वदेशमै उत्पादित गुणस्तरीय**
**सोलार वाटर हिटर**
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

**वर्गीकृत डिस्प्ले**
श्याम स्वेत: रू. ३०००/- *
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*




सम्पर्क नं. ५१९२०१४, ५१९२०१० Ext. १०१४
Email: mktdisplay@kmg.com.np

* उपरोक्त दरहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

# सर्वोच्चको आदेशपछि फैसलाको प्रतीक्षामा देउवा पक्ष, कांग्रेस संस्थापन महाधिवेशन तयारीमा

## सर्वोच्च अदालतले कांग्रेसको आधिकारिकतासम्बन्धी यसअघिको फैसला पुनरावलोकन हुने निस्सा दिएपछि देउवा पक्ष महाधिवेशन रोक्नुपर्नेमा जोड दिँदै, महाधिवेशन नसर्ने संस्थापनको भनाइ

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

सर्वोच्च अदालतले कांग्रेसको विशेष महाधिवेशनसम्बन्धी विवादमा यसअघि जारी फैसला पुनरावलोकन गर्न आदेश दिएपछि पार्टी फुट तत्काललाई रोकिए पनि दुई समूहबीचको शक्ति संघर्ष नरोकिने देखिएको छ। पूर्वसभापति शेरबहादुर देउवा पक्षले सर्वोच्चको फैसलाको प्रतीक्षा गर्ने बताइरहेका बेला संस्थापन पक्ष भने पूर्वनिर्धारित तालिकाअनुसार नै १५ औं महाधिवेशनको तयारीमा अघि बढ्ने योजनामा छ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले तल्ला तहका अधिवेशनहरूको तालिका सामान्य संशोधन भए पनि १५ औं केन्द्रीय महाधिवेशन तोकिएकै मितिमा हुने बताएका छन्। यसअघिकै केन्द्रीय कार्यसमिति बैठकले २ भदौबाट वडा अधिवेशन सुरु गरी १४-१९ असोजमा केन्द्रीय महाधिवेशन गर्ने निर्णय गरिसकेको छ।

महाधिवेशनका लागि करिब आठ लाखको सदस्यताको अद्यावधिक सकिन लागेको महामन्त्री पौडेलको भनाइ छ। 'अब एक साताभित्र सदस्यताको काम सक्छौं। तलका अधिवेशनको तिथि केही तलमाथि हुन सक्ला तर केन्द्रीय महाधिवेशनको मिति सर्दैन,' उनले कान्तिपुरसँग भने, 'आइतबार बस्ने बैठकले यसबारेमा औपचारिक निर्णय गर्नेछ।'

देउवा पक्षका नेताहरूले भने आधिकारिकतासम्बन्धी विवादमा गत ४ वैशाखमा भएको अदालतको फैसला पुनरावलोकनको टुंगो नलागेसम्म महाधिवेशन रोक्नुपर्ने बताइरहेका छन्। महाधिवेशनका लागि देउवा पक्षका नेताहरूले सदस्यता अद्यावधिकसमेत गराएका छैनन्। अद्यावधिक नगर्नेमा देउवाका साथै पूर्णबहादुर खड्का, शेखर कोइराला, शशांक कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, प्रकाशरण महत, एनपी साउद, उमाकान्त चौधरीलगायत छन्।

पार्टी संगठनका विभिन्न संरचनामा रहेका देउवापक्षीय पदाधिकारी तथा सदस्यहरूमध्ये अधिकांशले सदस्यता अद्यावधिक गराएका छन्। सांसदहरूमा सुर्खेत-१ बाट निर्वाचित विष्णुबहादुर खड्काले मात्रै अद्यावधिक गराएका छैनन्। उनी पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काका भाइ हुन्। राष्ट्रिय सभाका जितजंग बस्नेत, जगत तिमिल्सिना, खम्मबहादुर खाती, कृष्ण पौडेलसहितका आधा दर्जन जति सांसदले पनि अद्यावधिक गराएका छैनन्। सात प्रदेश सभापतिमध्ये सुदूरपश्चिमका वीरबहादुर बलायरले मात्रै सदस्यता अद्यावधिक गराएका छैनन्। ७७ जिल्ला सभापतिमध्ये चार र १ सय ६५ निर्वाचन क्षेत्रका सभापतिमध्ये पाँच जनाले अद्यावधिक गराउन बाँकी छ।

वडाको अधिवेशनसम्म आउने सबै सदस्यहरूलाई अद्यावधिक गरेर महाधिवेशनमा सहभागी गराइने महामन्त्री पौडेलले बताए। '१५ औं महाधिवेशनलाई एकताको महाधिवेशन गराउन हामी हदैसम्म लचिलो छौं। मिल्न र मिलाउन जति बेला पनि तयारै छौं। सहमति गर्ने कुरामा कहीं बाधा छैन,' उनले भने, 'तर उहाँहरू आउनुभएन, मुद्दा मामिलामा नै केन्द्रित हुनुभयो भने पर्खेर महाधिवेशन रोक्न सकिँदैन।'



> १५ औं महाधिवेशनलाई एकताको महाधिवेशन गराउन हदैसम्म लचिलो छौं, मिल्न र मिलाउन जति बेला पनि तयारै छौं तर उहाँहरू आउनुभएन, मुद्दा मामिलामा नै केन्द्रित हुनुभयो भने पर्खेर महाधिवेशन रोक्न सकिँदैन
>
> ● **प्रदीप पौडेल**, महामन्त्री, कांग्रेस



> अदालतले फैसला पुनरावलोकन गर्ने आदेश दिइसकेपछि महाधिवेशन गराउन मिल्दैन, केन्द्रीय कार्यसमितिले पूर्वनिर्धारित मितिमा महाधिवेशन गर्ने निर्णय लिए झनै जटिल अवस्था उत्पन्न हुन्छ
>
> ● **प्रकाशशरण महत**, देउवापक्षीय नेता

### यस्तो छ कांग्रेस महाधिवेशन तालिका

| | |
|---|---|
| २ भदौ– गाउँ, नगर वडा अधिवेशन | क्षेत्र भरका जिल्लाको समेत) |
| ७ भदौ– गाउँ तथा नगर अधिवेशन | २ र ३ असोज– जिल्ला अधिवेशन |
| १७ भदौ– प्रदेशसभा क्षेत्रीय अधिवेशन | ७ र ८ असोज– प्रदेश अधिवेशन |
| २४ भदौ– प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन (एक मात्र प्रतिनिधिसभा निर्वाचन | १६-१९ असोज– केन्द्रीय महाधिवेशन |

यसअघि विशेष महाधिवेशन र गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई ४ वैशाखमा सर्वोच्चले अनुमोदन गरेको थियो। त्यसमा पुनरावलोकनको माग गर्दै पूर्वसभापति देउवा र पूर्वकार्यवाहक सभापति खड्काले सर्वोच्चमा निवेदन दिएका थिए। त्यही निवेदनमा बिहीबार सुनुवाइ गर्दै सर्वोच्चले पुनरावलोकन हुने आदेश दिएको हो। यो आदेशपछि देउवा पक्ष पार्टीको आधिकारिकता नै आफ्नो पक्षमा आउने आशामा छ। संस्थापन पक्ष पुनरावलोकनको फैसला प्रतीक्षा गर्ने पक्षमा देखिएको छैन। अदालतले २ माघको निर्वाचन आयोगको निर्णय खारेज नगरेका कारण देउवा समूह सहमतिमा नआए उक्त समूहलाई छाडेरै भए पनि महाधिवेशनमा जाने तयारीमा छ। महाधिवेशन रोक्नका लागि अर्को रिट लिएर सर्वोच्च जाने योजना पनि देउवा पक्षले बनाइरहेको छ।

देउवा पक्षका नेता प्रकाशशरण महत अदालतले फैसला पुनरावलोकन गर्ने आदेश दिइसकेपछि महाधिवेशन गराउन नमिल्ने तर्क गर्छन्। 'महाधिवेशन गराउन खोजियो भने झनै जटिल अवस्था उत्पन्न हुन्छ,' उनले भने, 'आइतबार बस्ने केन्द्रीय कार्यसमितिले महाधिवेशन सार्ने काम गर्छ या पूर्वनिर्धारित मितिमा गर्ने निर्णय गर्छ त्यसका आधारमा हामी निर्णय लिन्छौं।'

सर्वोच्चको आदेशअघि देउवा पक्षले शशांक कोइरालाको नेतृत्वमा छुट्टै पार्टी निर्माण गर्ने योजना बनाइरहेको थियो। तर बिहीबारको सर्वोच्चको आदेशपछि अलग पार्टी बनाउने योजना तत्काललाई रोकिएको छ। २९-३१ साउनको राष्ट्रिय भेला भने नरोकिने भएको छ। भेला अब आन्तरिक रणनीति तय गर्ने, समसामयिक राजनीति र अर्थव्यवस्थाका विषयमा धारणा बनाउने र संस्थापन पक्षमाथि एकताका लागि दबाब बढाउने रणनीतिमा केन्द्रित हुने नेताहरूको भनाइ छ।

कांग्रेस केन्द्रीय कार्यालयका पूर्वसचिव कृष्ण पौडेलका अनुसार भेलालाई पूर्वसभापति देउवाले सम्बोधन गर्नेछन्। देउवा २८ साउनको दिउँसो साढे १२ बजेतिर काठमाडौं आइपुग्दै छन्। यसअघि उनी साउन २६ को राति ९ बजेर ४५ मिनेटमा काठमाडौं आइपुग्ने तालिका थियो। विमानस्थलमा नेता-कार्यकर्ताले स्वागत गर्ने समय प्रतिकूल हुने भन्दै तालिका संशोधन गर्न दबाब दिएपछि टिकट सारिएको नेता महतले बताए। 'सबैले स्वागत गर्न समय मिलेन भने, त्यसपछि टिकट सार्न लगाइएको हो,' उनले भने।

कतिपय नेताहरू भने सरकारले विमानस्थलबाटै गिरफ्तार गर्न सक्ने अनुमानका आधारमा रातिको समयलाई दिउँसो सारिएको बताउँछन्। दिउँसो आउँदा विमानस्थलमा ठूलो संख्यामा कार्यकर्ताको भीड उपस्थित हुने भएकाले गिरफ्तार गर्न कठिनाइ हुने बुझाइ देउवा समूहको छ। भेला आयोजक समितिका संयोजक शशांक कोइरालाले देउवालाई गिरफ्तार गर्न खोजिए सशक्त विरोध गर्ने बताउँदै आएका छन्।

नेता महतका अनुसार अदालतको आदेश नआएको भए २९ साउनपछि पार्टी अलग्गै बाटोमा जाने स्थिति थियो। त्यो तत्कालाई रोकिए पनि जटिलता कायमै रहेको उनी बताउँछन्। 'अब सर्वोच्चले गर्ने पुनरावलोकनमा फरक खालको निर्णय आयो भने शेरबहादुर देउवाको नेतृत्वमा सबैलाई समेट्न झनै सहज हुन्छ,' महतले भने, 'अदालतको फैसला आउनुअगाडि एकता गरौं भन्नका लागि पनि समय मिलेको छ। अदालतको फैसला अगाडि महाधिवेशन गर्नेतिर लाग्ने हो भने जटिल परिस्थिति बन्छ।'

देउवा आफैंले राष्ट्रिय भेला उद्घाटन गर्ने तय भए पनि एक साताअघिसम्म त्यही समूहको नेतृत्व सम्हालेका नेता पूर्णबहादुर खड्का भने भेलामा नजाने भएका छन्। नेता श्याम घिमिरेले खड्का भेलामा सहभागी नहुने जानकारी आफूले पाएको बताए।

सर्वोच्च अदालतको आदेश आउनुअगाडि भेलाबाट नयाँ पार्टी गठनसम्मको तयारी अघि बढेपछि नेता खड्का पछि हटेका थिए। त्यसपछि उक्त समूहको नेतृत्व पूर्वमहामन्त्री शशांक कोइरालाले गरेका छन्। भेला आयोजक समितिको संयोजकसमेत शशांक नै छन्।

'भेलामा पूर्ण दाइ उपस्थित नहुने कुरा छ। हामी पनि उपस्थित हुँदैनौं,' खड्कानिकट नेता घिमिरेले भने, 'बिहीबारको सर्वोच्चको आदेशले कोही हौसिनुपर्ने र कोही निराश हुनुपर्ने अवस्था छैन। यसलाई एकताका लागि सदुपयोग गर्नुपर्छ। पार्टी एकताका लागि यो आदेश सञ्जीवनी बुटी बनेको छ। अब अदालतको प्रक्रिया कुर्ने होइन। एकतामा जोड दिनुपर्छ।'

विशेष महाधिवेशनको विपक्षमा रहेका अर्का नेता शेखर कोइराला भने राष्ट्रिय भेलामा सहभागी हुने वा नहुने निश्चित छैन। एक सातादेखि विराटनगरमा रहेका उनी शनिबार काठमाडौं फर्किएका छन्। उनले आफ्नो समूहका नेताहरूसँग छलफल गरेर निर्णय लिने बताएका छन्। 'शेखर दाइसँग छलफल नभएकाले अहिल्यै भन्न सकिने स्थिति छैन,' उनीनिकट नेता सञ्जय गौतमले भने।

# ८ दलको 'अग्रगामी मोर्चा' घोषणा

## संघीयता, समावेशिता, लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता लगायतका उपलब्धिको रक्षा तथा बाँकी उपलब्धि प्राप्तिका लागि मोर्चा बनाइएको नेताहरूको भनाइ



अग्रगामी मोर्चा घोषणा गर्दै ८ राजनीतिक दलका नेता। तस्बिर : दीपक केसी/कान्तिपुर

**राजेश मिश्र** (काठमाडौं)

संघीयता, गणतन्त्र तथा धर्मनिरपेक्षताका पक्षधर ८ राजनीतिक दलले शनिबार अग्रगामी मोर्चा घोषणा गरेका छन्। विशेषगरी मधेशी, थारू तथा आदिवासी जनजातिको मुद्दामा राजनीति गर्दै आएका दलहरूले मोर्चा बनाएका छन्। जसपा नेपाल, जनमत, आम जनता, नागरिक उन्मुक्ति नेपाल, प्रगतिशील लोकतान्त्रिक, नेपाल संघीय समाजवादी, बहुजन एकता र नेपाल जनमुक्ति पार्टी मोर्चामा आबद्ध भएका हुन्।

मोर्चाले लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, संघीयता र धर्मनिरपेक्षताप्रति प्रतिबद्धता व्यक्त गर्दै २८ वटा विषयलाई आफ्नो उद्देश्य बनाएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत तथा सुदृढ गर्दै मधेशी, आदिवासी जनजाति, थारू, महिला, दलित, मुस्लिमसहितका अल्पसंख्यक समुदायलाई राज्यको सबै तहमा समानुपातिक प्रतिनिधित्वको मुद्दालाई मुख्य रूपमा अगाडि सारेको छ।

समान जनसंख्याका आधारमा प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभामा प्रतिनिधित्वको अधिकार सुनिश्चितता, संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन, स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकारभित्र ल्याउनुपर्ने, प्रदेशमा स्वायत्त तथा स्वशासन र संघमा साझा शासनको राजनीतिक सिद्धान्तलाई मोर्चाले अघि सारेको हो। संविधानमा रहेका संरचनात्मक त्रुटि, अस्पष्टता र कमीकमजोरीले संघीयता कार्यान्वयनमा चुनौती रहेको भन्दै त्यसमा तथा त्रुटिपूर्ण प्रादेशिक सीमांकनलाई सच्याइनुपर्ने एजेन्डा मोर्चाको छ। खर्चिलो र झन्झटिलो निर्वाचन प्रणाली, सरकार गठनसम्बन्धी जटिल व्यवस्था र न्यायपालिकाको सन्दर्भमा समेत संविधान संशोधनको मुद्दा मोर्चाले अघि सारेको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले समानता, स्वतन्त्रता र सामाजिक न्याय स्थापनाका लागि संघर्ष गर्नु नै मोर्चाको लक्ष्य रहेको बताएका छन्। घोषणासभालाई सम्बोधन गर्दै उनले संघीयता, समावेशिता, लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता लगायतका उपलब्धिको रक्षा तथा बाँकी उपलब्धिका लागि अब एक्लै एक्लै नभएर मिलेर संघर्ष गर्ने बताए। लामो संघर्षबाट प्राप्त भएका उपलब्धिमाथि राज्यका तर्फबाट प्रहार हुन थालेकाले त्यसको रक्षाका लागि एकजुट हुनुपर्ने अवस्था आएको उनले उल्लेख गरे।

प्रगतिशील पार्टीका नेता जनार्दन शर्माले जनयुद्धदेखि सडक संघर्षमा लामो योगदान दिएका अनुभवी नेता तथा कार्यकर्ता एक ठाउँमा आएको बताए। आफूभित्र देखिएका कमीकमजोरीलाई सुधार्दै देशको राजनीतिलाई शुद्धीकरण गर्ने अभियानमा मोर्चा लाग्ने उनले उल्लेख गरे। राष्ट्रियता, स्वाधीनता, संघीयता र गणतन्त्रमाथि संकट मडारिएकाले त्यसको रक्षाका लागि पनि आफूहरू एउटै मञ्चमा आएको उनको भनाइ थियो।

जनमत अध्यक्ष सीके राउतले देश र जनताप्रति जिम्मेवारीबोध भएर आफूभित्र नमिलेका विषयलाई थाती राख्दै फरक फरक विचार र एजेन्डा भए पनि ९ दल एक ठाउँमा आएको बताए। हिमाल, पहाड र तराईको प्रतिनिधित्व रहेका समावेशी मोर्चा बनेको उनले उल्लेख गरे। 'मोर्चा सत्ताप्राप्तिका लागि होइन, संघर्षका लागि हो,' उनले भने, 'सरकार संविधानवादमा चलोस्, संघीय लोकतान्त्रिक गणतन्त्रको अवधारणामा चलोस्, हामी त्यही चाहन्छौं।'

# ६६ प्रतिशत श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनीहरू किन आलोचित ?

● पछिल्ला महिनामा मात्रै ७ सय ७१ म्यानपावर कम्पनीलाई कारबाही ● श्रमिकको वास्तविक लागतका आधारमा पारदर्शी शुल्क संरचना निर्धारण गर्न व्यवसायीको माग

**होम कार्की** (काठमाडौं)

नेपालबाट प्रत्येक तीनमध्ये दुई जना श्रमिक म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा जान्छन्। तर, लाखौं युवालाई अन्तर्राष्ट्रिय श्रम बजारमा उपलब्ध रोजगारीसँग जोड्ने म्यानपावर व्यवसायी भने सधैं आलोचित भइरहनुपरेको छ। देशको श्रम आप्रवासन प्रणालीको केन्द्रमा रहेका म्यानपावर व्यवसायी किन निरन्तर आलोचनाको घेरामा छन् ?

वैदेशिक रोजगार विभागकी महानिर्देशक मीरा आचार्य वैदेशिक रोजगार कानुन उल्लंघन हुने क्षेत्रका रूपमा देख्छिन्। 'म्यानपावर व्यवसायीले बेरोजगार युवालाई व्यवस्थापन गर्न महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गरेका छन्। लाखौं धरौटी राखेर व्यवसाय सञ्चालन पनि गरेका छन्,' ७ महिनादेखि विभागको नेतृत्व सम्हालिरहेकी महानिर्देशक आचार्य भन्छिन्, 'तर, उहाँहरूले कानुन पालना गर्नुभएको छैन। वैदेशिक रोजगार व्यवस्थापन गर्न बनाइएको हरेक दफा उल्लंघन भइरहेको छ।'

विभागले अवैध शुल्क असुली, ठगी, श्रमिक शोषण, बिचौलियाको प्रभाव र श्रमिकप्रति जवाफदेहिता नभएको भन्दै पछिल्ला महिनामा मात्रै ७ सय ७१ म्यानपावर कम्पनीलाई कारबाही गरेको छ। इजाजत पाएकामध्ये हाल १२ सय म्यानपावर कम्पनी सक्रिय छन्। आचार्यले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सुरक्षित बनाउन कार्यान्वयनमा रहेका वैदेशिक रोजगार ऐनका केही दफा मात्रै कार्यान्वयनमा ल्याउँदा व्यवसायी आत्तिएको दाबी गरिन्। 'धेरै दफा कार्यान्वयन नै भएको छैन। भर्ना शुल्कसँग सम्बन्धित दफा मात्रै कार्यान्वयनमा छ। हामी श्रमिकलाई छनोट गर्ने विधिलाई अब हेर्छौं,' उनले भनिन्, 'जथाभावी मागपत्र ल्याइरहेका छन्। व्यवसायी-व्यवसायीबीच चरम अस्वस्थ प्रतिस्पर्धा छ।'

प्रत्येक वर्ष करिब पाँच लाख नेपाली आन्तरिक श्रम बजारमा प्रवेश गर्छन्। जसमध्ये धेरैले परिवारको आधारभूत आवश्यकता पूरा गर्न पर्याप्त आम्दानी हुने स्थायी र सम्मानजनक रोजगारी पाउन सक्दैनन्। रोजगारी पाउनेहरू पनि प्रायः अनौपचारिक क्षेत्रमा कार्यरत हुन्छन्। जहाँ सामाजिक सुरक्षा वा सेवापश्चात् लाभको व्यवस्था छैन। गत वर्षको साउनदेखि न्यूनतम मासिक पारिश्रमिक १९ हजार ५ सय ५० रुपैयाँ तोकिएको छ। जुन जीवनयापनयोग्य ज्यालाको अनुमानभन्दा कम छ। त्यसरी मर्यादित रोजगारी नपाउनेले वैदेशिक रोजगारीलाई छनोट गरिरहेका छन्।

गत आर्थिक वर्ष नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा ४ लाख ६ हजार ४ सय ४ जना गए। जसको करिब ६६ प्रतिशत अर्थात् २ लाख ६८ हजार ९ सय ९० जना म्यानपावर कम्पनीमार्फत गएका थिए। व्यक्तिगत रूपमा जानेको सख्या ३१.६ प्रतिशत र सरकारी संयन्त्रमार्फत दक्षिण कोरिया र इजरायलमा जाने दुई प्रतिशत मात्रै थिए।

हाल करिब ३५ लाख नेपाली नागरिक विदेशमा कार्यरत छन्। जुन कुल जनसंख्याको १२ प्रतिशतभन्दा बढी हो। पछिल्लो एक दशकमा करिब ६० लाख श्रम स्वीकृतिपत्र जारी गरिएको छ। यी श्रमिकको कठिन परिश्रमबाट प्राप्त हुने आम्दानी अर्थात् रेमिट्यान्सले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को एक चौथाइभन्दा बढी हिस्सा ओगटेको छ, जसले परिवार, समुदाय र राष्ट्रिय अर्थतन्त्रलाई धानेको छ। वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिको अभिलेख राखेयता गत आर्थिक वर्षसम्म (३२ वर्षको अवधि) मा १ करोड ११ लाख ५२ हजार ६ सय ५१ जना वैदेशिक रोजगारीमा गएका छन्। यसमा पुनः श्रम स्वीकृति लिने, धेरै पटक विदेश जानेहरू पर्छन्।

> म्यानपावर व्यवसायीले बेरोजगार युवालाई व्यवस्थापन गर्न महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गरेका छन् तर उहाँहरूले कानुन पालना गर्नुभएको छैन
>
> ● **मीरा आचार्य**
> महानिर्देशक, वैदेशिक रोजगार विभाग

> गलत अभ्यासको सबै दोष म्यानपावर व्यवसायीलाई मात्रै लगाएर पन्छिन मिल्दैन, रोजगारदाताले श्रमिकको लागत खर्च नदिए व्यवसायीले खल्तीबाट हाल्दैनन्
>
> ● **रामेश्वर नेपाल**
> दक्षिण एसिया निर्देशक, इक्विडेम

> नेपाल र गन्तव्य देशले लिएका गलत नीतिहरूको दोष व्यवसायीको टाउकोमा थोपरिदिएका छन्, नाफा कमाउन खोलेको संस्थाले सबै सेवा निःशुल्क दिन सक्छ ?
>
> ● **डिकबहादुर खत्री**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

श्रमिकको मानवअधिकारवादी अन्तर्राष्ट्रिय संस्था इक्विडेमका अनुसार धेरै नेपाली आप्रवासी श्रमिक र उनीहरूका परिवारले वैदेशिक रोजगारीको अवसरहरूबाट लाभ उठाए पनि हजारौं श्रमिकले प्रस्थानअघि र विदेश बसाइभरि भ्रामक भर्ती प्रक्रिया, शोषण, ज्याला नपाउने समस्या, असुरक्षित कार्य अवस्था तथा आधारभूत अधिकारबाट वञ्चित हुने अवस्थाको सामना गरिरहेका छन्। '२०७३ देखि लागू गरिएको 'फ्री भिसा फ्री टिकट' नीति व्यापक रूपमा उल्लंघन भइरहेको छ। नेपाल र गन्तव्य मुलुकबीच रोजगारदाताले खर्च व्यहोर्ने मोडलमा सहमति भए पनि व्यवहारमा लागू छैन,' इक्विडेमका दक्षिण एसिया निर्देशक रामेश्वर नेपालले भने, 'पारिश्रमिक र कामको प्रकृति र कार्य अवस्थाबारे गलत जानकारी दिइन्छ।'

उनले गलत अभ्यासको सबै दोष म्यानपावर व्यवसायीलाई मात्रै लगाएर पन्छिन नमिल्ने बताए। 'रोजगारदाताले श्रमिकको लागत खर्च नदिएको अवस्थामा म्यानपावर व्यवसायीले आफ्नो खल्तीबाट हाल्दैन। करारपत्र फेरबदल पनि म्यानपावर व्यवसायीको मात्रै हातमा छैन,' नेपालले भने, 'मुख्य विषय रोजगारदाता स्वयम् नैतिक हुनुपर्छ। उनीहरूलाई नैतिक बनाउन राज्यका तर्फबाट पनि श्रम कूटनीति हुनुपर्छ। यता, नियमित नियमन हुनुपर्छ।'

श्रम प्रशासनका विज्ञ पूर्णचन्द्र भट्टराईले वैदेशिक रोजगारको क्षेत्रमा सुशासन नदेखिँदा म्यानपावर व्यवसायी बढी आलोचित हुनुपरेको बताए। 'ठगी, ज्याला नपाएको र अलपत्र परेको विषय प्रधान हुन्छ। यसले म्यानपावर व्यवसायीको योगदान ओझेल पारिदिएको छ,' उनले भने, 'यो क्षेत्रमा सुशासनको आवश्यकता छ। व्यवसायीलाई प्रतिस्पर्धी, स्वतन्त्र र प्रभावकारी अनुगमनको जरुरी छ।'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री (कुमार) नेपाल र गन्तव्य देशले लिएका गलत नीतिहरूको दोष पनि व्यवसायीको टाउकोमा थोपरिदिएको बताउँछन्। 'यो क्षेत्रमा श्रमिकले कुन शीर्षकमा कति लागत तिर्ने हो ? विदेशमा गएर मागपत्र खोजेर ल्याएर सेवा दिएबापत म्यानपावर कम्पनीलाई कति पैसा शुल्क दिनुपर्ने हो भन्नेमा राज्य प्रस्ट छैन,' उनले भने, 'के नाफा कमाउन खोलेको संस्थाले सबै सेवा निःशुल्क रूपमा दिन सक्छ ?'

अध्यक्ष खत्रीले फ्री भिसा र फ्री टिकट असफल हुनुको पछाडि सरकार आफैं जिम्मेवार रहेको बताए। १० हजार मात्रै सेवा शुल्क तिर्नुपर्ने भए पनि व्यवहारमा भने श्रमिकले दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म खर्च गरेर विदेश जानुपरेको छ। उनले सरकार आफैं यो क्षेत्रलाई व्यवस्थापन गर्न चुकेको बताए। 'जुन देशमा जाने श्रमिकको न्यूनतम तलब तोकिएको छैन। जुन देशमा रोजगारदाता र श्रमिकबीच करार गरिएको तलब मात्रै कार्यान्वयन गर्छ। त्यो देशमा नेपाल सरकारले एकतर्फी रूपमा तलब तोकिदिन्छ। त्यसका लागि लागू गर्न सम्बन्धित देशमा गएर वार्ता गर्दैन। अनि म्यानपावर व्यवसायीलाई मात्रै कार्यान्वयन गर्न मात्रै दबाब दिइन्छ,' उनले भने, 'नेपालले लिएको नीति कार्यान्वयन गराउन गन्तव्य देशको पनि साथ र सहमति खोज्नुपर्छ।'

म्यानपावर व्यवसायीहरूले यथास्थितिमा श्रमिक पठाउन नसक्ने भन्दै शुक्रबारदेखि वैदेशिक रोजगारीमा श्रमिक पठाउन बन्द गरेका छन्। उनीहरूले श्रमिकको वास्तविक लागतका आधारमा पारदर्शी शुल्क संरचना निर्धारण गरी वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गर्नुपर्ने माग गरेका छन्। 'फ्री भिसा फ्री टिकट नीतिको कार्यान्वयन व्यावहारिक छैन। सेवा शुल्कको स्पष्ट र वैज्ञानिक व्यवस्था नहुँदा अनौपचारिक कारोबार बढेको छ। हवाई भाडा नियन्त्रण गर्न छैन,' उनले भने, 'श्रम सम्झौता हुँदैमा सबै ठीकठाक हुन्छ भन्ने होइन। हरेक पाइलापाइलामा नियन्त्रण गरेर सुधार हुँदैन।' पूर्वश्रम स्वीकृति र अन्तिम श्रम स्वीकृतिलाई पूर्ण रूपमा स्वचालित प्रणालीबाट सञ्चालन गर्न माग गरेको छ।

संघले वैदेशिक रोजगार व्यवसायीले राखेको नगद धरौटीको ब्याज फिर्ता पाउनुपर्ने, अनधिकृत लेनदेन र मिटरब्याजजस्ता अवैध कारोबार नियन्त्रण गर्नुपर्ने तथा वैदेशिक रोजगारमा जाने श्रमिकलाई बैंक तथा वित्तीय संस्थासँग जोडेर बिनाधितो वा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्न माग गरेको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयले श्रमिक भर्ना प्रक्रियालाई नियमित गर्न आग्रह गरेको छ। 'सेवा शुल्क निर्धारण गर्न श्रम मन्त्रालयले आन्तरिक रूपमा गृहकार्य गरिरहेको छ। ऐनले सम्बोधन गर्नुपर्ने विषयलाई समावेश गर्न वैदेशिक रोजगार ऐनको मस्यौदा बनाइसकेको छ। मस्यौदालाई अन्तिम रूप दिन अन्तरमन्त्रालयको सुझाव लिन पठाइएको छ,' श्रम प्रवक्ता पीताम्बर घिमिरेले भने, 'हामी श्रम क्षेत्रलाई सुधार गर्न प्रतिबद्ध छौं।'

सम्पादकीय

# समावेशी आयोगबाट परिणामको अपेक्षा

विविधतायुक्त नेपाली समाजको सशक्तीकरण र उत्थानका लागि संविधान तथा कानुनमार्फत पहल भएका छन् । समानुपातिक समावेशीकरणको नीतिअन्तर्गत राज्यका सबैजसो अंग र निकायले यसमा भूमिका खेलेका छन् । असोज २०७२ मा संविधान जारी हुँदा ऐतिहासिक विभेद खेपेका लिंग तथा समुदायका नाममा आयोगहरू थपिए । महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम जस्ता आयोगमार्फत सम्बन्धित समुदायको सशक्तीकरण गर्ने लक्ष्य राखिएको थियो । तत्कालीन समय सन्दर्भलाई हेर्ने हो भने आयोगको व्यवस्था अर्थपूर्ण थियो । यद्यपि, आयोग गठनको दस वर्ष पुग्न लाग्दा त्यस्तो सकारात्मक लक्ष्य हासिल गर्ने काममा उल्लेखनीय योगदान पुगेको पाइँदैन । बरु आयोगहरूकै औचित्यमाथि प्रश्न उठ्न थालेका छन् । यसर्थ, ती आयोगहरूको प्रभावकारिता अभिवृद्धि र त्यसमार्फत सम्बन्धित समुदायको हित सुनिश्चित गर्न आयोगदेखि सरकारसम्मै संवेदनशील हुनुपर्छ । आवश्यकताअनुसार संविधान र कानुनमै थप अधिकार दिइनुपर्छ ।

संविधानमा दिइएको प्राथमिकताका दृष्टिले नेपालमा दुई किसिमका आयोग छन् । जस्तो कि, फरक-फरक भागमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग जस्ता शक्तिशाली आयोग व्यवस्था गरिएका छन् । तिनका काम, प्रतिक्रिया तथा सिफारिसलाई गम्भीर रूपमा लिइन्छ । नियुक्तिदेखि प्रतिवेदनसम्मका विषयले चासो सिर्जना गर्छ । अर्कोतर्फ, समावेशी आयोगहरू भने ओझेलमा पर्दै आएका छन् । त्यहाँ कसले नियुक्ति पाएको छ, तिनले के टिप्पणी गरे र के सिफारिस गरे भन्ने विषयले समाजलाई तरंगित बनाउन सकेको छैन । फरक-फरक समुदायलाई लक्षित गरिएका आयोग छन्, तर ती सम्बन्धित समुदायकै पनि भरोसाको केन्द्र हुन सकेका छैनन् । ती समुदायका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्न सकेका छैनन् । जबकि, सम्बन्धित समुदायको हितका लागि उनीहरूको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अनुसन्धान गरी त्यसको संरक्षण र विकासका लागि सरकारलाई सिफारिस गर्ने जिम्मेवारी ती आयोगको हो । यसर्थ, मूल जिम्मेवारी र अपेक्षा पूरा गर्नका लागि समावेशी आयोगहरूको प्रभावकारिता सुनिश्चित गर्नैपर्छ ।

समावेशी आयोगहरूले प्रभावकारी काम गर्न नसक्नुका केही कारण छन् । पहिलो, यस्ता आयोगलाई संविधान र कानुनमा खासै धेरै अधिकार दिइएको छैन । सम्बन्धित समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गर्ने काम उनीहरूको हो । ती समुदायको पक्षमा नेपाल सरकारले अवलम्बन गर्दै आएका नीति तथा कानुनको कार्यान्वयनको अवस्था अध्ययन गर्ने र सरकारलाई सिफारिस गर्ने काम उनीहरूको हो । उल्लेखनीय र विशिष्ट अधिकार नभएपछि ती आयोगका उपस्थिति र कामकारबाहीले राज्य र समाजलाई खासै प्रभाव पार्न सक्दैन । आयोगले जे जति काम गरेका छन् र सरकारलाई सिफारिस गरेका छन्, तिनको कार्यान्वयनको पाटो पनि एकदमै कमजोर छ । जस्तो कि, २०७७ मा पदाधिकारी नियुक्त गरिएको आदिवासी जनजाति आयोगले सरकारलाई विभिन्न विषयमा ९५ वटा सिफारिस गरे पनि मुस्किलले ५/६ वटा कार्यान्वयन भएको पदाधिकारीको भनाइ छ । यस्तै अनुभव सबैजसो आयोगको छ । सिफारिस कार्यान्वयन नहुँदा पनि आयोगको औचित्यमाथि प्रश्न उठेको हो ।

समावेशी आयोगमा पदाधिकारीको नियुक्ति पनि प्राथमिकतामा पर्ने गरेको छैन । अहिले पनि मुस्लिम आयोग, थारू आयोग, मधेशी आयोग तथा राष्ट्रिय समावेशी आयोगमा अध्यक्षसहित दुई/दुई सदस्य रिक्त छन् । महिला तथा दलित आयोगमा क्रमशः एक र दुई सदस्य रिक्त छन् । यसले आयोगको कामकारबाहीमा असर परेको छ । अर्कोतर्फ, दलहरूले यस्ता आयोगमा कार्यकर्ता भर्ती गर्ने प्रवृत्ति अपनाएका छन् । जसले आयोगको प्रतिष्ठा र कार्यसम्पादनको गुणस्तरमा नकारात्मक असर पारेको छ । आयोगहरूले कर्मचारीको पनि अभाव खेप्नुपर्छ । बजेटको समस्या छ । आयोग सञ्चालनका लागि करोडौं र कार्यक्रम सञ्चालनका लागि लाखमा मात्रै बजेट उपलब्ध हुन्छ । एउटा उदाहरण थारू आयोग हो । उसले आर्थिक वर्ष २०८०/८१ मा ३ करोड ८७ लाख ८० हजार बजेट खर्च गरेको थियो, त्यसमा ९ लाख रुपैयाँ मात्रै कार्यक्रम शीर्षकमा थियो । बाँकी बजेट आयोगको चालु शीर्षकमा खर्च भएका छन् । यसले आयोग सञ्चालनका लागि उल्लेखनीय खर्च भइरहेको तर तिनको प्रभावकारिता देखिने कार्यक्रमका लागि भने न्यून खर्च मात्रै भइरहेको प्रस्ट्याउँछ ।

विविधतालाई नै नेपालको शक्ति बनाउन सबै समुदायको समतामूलक ढंगले उत्थान हुनु अनिवार्य छ । त्यसका निम्ति समावेशी आयोगले उल्लेखनीय योगदान पुर्‍याउन सक्छन् । तर त्यसका लागि संवैधानिक र कानुनी अधिकार प्रशस्त हुनुपर्छ । पदाधिकारी र कर्मचारीको पूर्ण हुनुपर्छ । कार्यक्रम सञ्चालनका लागि प्रशस्त बजेट हुनुपर्छ । आयोगका सिफारिस कार्यान्वयन गर्न सरकार गम्भीर हुनुपर्छ । तर संविधानमा व्यवस्था गरिएका समावेशी आयोगहरू यस्ता सबै कमजोरीको केन्द्र भएका छन् । यसले गर्दा कतिपयले यस्ता आयोगको औचित्यमाथि प्रश्न उठाउने गरेका छन् । हुन त संविधानको भाग- २७ अन्तर्गत गठन गरिएका 'अन्य आयोग (समावेशी आयोग)' हरूलाई संसद्ले संविधान प्रारम्भ भएको मितिले दस वर्षपछि पुनरावलोकन गर्नेछ भनिएको छ । त्यसलाई देखाएर खारेजीको आवाज उठ्ने गरेको छ । तर ध्यान दिनुपर्ने पक्ष हो- कुनै पनि संरचनाको कार्य प्रगतिको प्रभावकारिता मूल्यांकन गर्नका लागि अधिकार, पदाधिकारी, कर्मचारी, बजेट, प्रोत्साहन, संवेदनशीलता जस्ता पक्षलाई ध्यान दिइनुपर्छ । यस्ता पक्षमा प्रशस्तै कमजोरी देखिएका छन् । त्यसैले उल्लेखित पक्षमा सुधार गर्दै आयोगहरूलाई प्रभावकारी बनाइनुपर्छ । पुनरावलोकन यसतर्फ केन्द्रित हुनुपर्छ ।

# नेपालका आदिवासी अब कता ?

**पहिचानसहितको संघीयता, स्वायत्त शासन, भाषिक समानता, जल, जमिन, जंगलमाथिको स्वामित्व, समावेशिता, राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व आदि आदिवासीको मूल मुद्दा रहँदै आएका छन् ।**



मल्ल के. सुन्दर

(मल्ल सामाजिक अभियन्ता हुन्)



फाइल तस्बिर

आदिवासी दिवसको उत्सव छ, तर आन्दोलन छैन । आ-आफ्ना मौलिक वेशभूषा, गरगहना र शृंगार छन् । सडकभरि नाचगान छ । कार्यक्रमस्थलमा मौलिक खानपान पनि छ । परम्परागत बाजा र संगीतले बजार कोलाहलमय छ । तर विद्रोहको आवाज छैन ।

राष्ट्र संघको १०७ औं विस्तारित बैठकबाट एउटा ऐतिहासिक विश्वव्यापी घोषणापत्र जारी गरियो, जुन आदिवासी अधिकारका सम्बन्धमा थियो । १३ सेप्टेम्बर २००७ को त्यस बैठकमा नेपालसहित १४३ राष्ट्र घोषणापत्रका पक्षमा रहे । संयुक्त राज्य अमेरिका, क्यानडा, अस्ट्रेलिया र न्युजिल्यान्डले सुरुमा फरक मत राखे पनि पछि सहमत भए । अन्य ११ राष्ट्रले भने मतदानमा अनुपस्थिति जनाए । राष्ट्र संघीय प्रक्रियामा यति धेरै मतसहित कमै मात्रै दस्तावेज अनुमोदित हुन्छन् । त्यसैले यो घोषणापत्रको विशिष्ट महत्त्व छ ।

विश्व आदिवासी समुदायका अधिकारका सम्बन्धमा आज पनि यो दस्तावेज एक सर्वमान्य बनेको छ । ९ अगस्टमा विश्व आदिवासी दिवस मनाउँदै गर्दा सर्वत्र यिनै घोषणापत्रले निर्धारण गरेका सिद्धान्त र मान्यताका आधारमा आदिवासी समुदायको अधिकार सुनिश्चितताका लागि जनपैरवी गरिन्छ ।

ऐतिहासिक थातथलो अनि त्यहाँका प्राकृतिक स्रोत, साधन, जल, जमिन, जंगलको उपयोगका सम्बन्धमा स्वनिर्णय र स्वायत्तता आदिवासी समुदायका आधारभूत अधिकार हुन् । आ-आफ्ना भिन्न आस्था, धर्म, संस्कृति, रीति, परम्परा, भाषा तथा वंशजका आधारमा मौलिक पहिचान कायम राख्न पाउनु यी अधिकारका अर्को महत्त्वपूर्ण पाटा हुन् । मौलिक ज्ञान प्रणाली र परम्परागत संस्थाको निरन्तरता, संरक्षण, संवर्द्धन आदिवासी समुदायको अग्राधिकारका सवाल भए ।

समुदायका रूपमा अरूभन्दा भिन्न र न्यून हुन सक्छ तर प्रत्येक आदिवासी समुदायगत वा व्यक्तिगत हैसियतमा अरू कुनै समुदाय वा व्यक्तिसरह समान छन् । आ-आफ्नो विकासका लागि स्वनिर्णय गर्न सक्छन् । त्यस्तै, राज्यको सम्पूर्ण निर्णय प्रक्रियामा सहभागी हुन र प्रतिनिधित्व गर्नमा समान अधिकार राख्छन् ।

मानिसका एकअर्कामा पृथक् पहिचान हुन सक्छन् । ती पृथक् पहिचानसहित आधारभूत अधिकार उपभोग गर्न पाउने सुनिश्चिततासहित स्वतन्त्र जीवन निर्वाह गर्न पाउँछन् भन्ने मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रका मूलभूत मान्यतालाई सार्थक बनाउन आदिवासी अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी गरिएको हो ।

एउटा समय थियो- सामाजिक विविधता र बहुलतालाई विकास तथा प्रगतिका बाधा/बोझ सम्झिन्थे । शासकहरू आफूलाई विशिष्ट अनि सम्भ्रान्त/अग्राधिकारयुक्त ठान्थे । आफूभन्दा भिन्न समुदायमाथि पक्षपात, बहिष्करण, निषेधीकरण, अपहेलना, सुविधाच्युत तथा अपहेलनाका व्यवहार गर्थे । बलपूर्वक सम्मिलीकरणको उपाय खोज्थे । उनीहरूका एक मात्र अभीष्ट हुन्थे- विविधता र बहुलताको अन्त्य । त्यसैलाई राष्ट्रिय एकता भनिन्थ्यो ।

यिनै सामाजिक सम्मिलीकरणविरुद्धको विश्वव्यापी सामूहिक प्रयत्न आजको आदिवासी अभियान हुन् । आफ्ना मौलिक थातथलोदेखि इतिहास, पहिचान, भाषा, धर्म, संस्कृति, सम्पदाको संरक्षणसम्मका लागि संवैधानिक व्यवस्था, राज्यसत्तामा सहभागिता तथा समानुपातिक प्रतिनिधित्वका अधिकार मूल मुद्दा हुन् ।

विश्वभरिका आदिवासीहरूका आ-आफ्ना समस्याका स्वरूप र स्थिति फरक-फरक छन्, तर राज्यसत्ताबाट उनीहरूमाथि गरिने बहिष्करण, भेदभाव, विस्थापन, अपहेलनाका प्रकृति तथा आशय समान प्रवृत्तिका छन् । उनीहरूका पीडा र दुःख पनि उस्तै-उस्तै हुन् । त्यसैको समवेत प्रस्तुतिका रूप हुन्- विश्व आदिवासी दिवस (९ अगस्ट) ।

राष्ट्र संघीय संरचनाभित्र निरन्तर अनि लामो संघर्षपश्चात् आदिवासी समुदायका आवाजको कदर गर्दै आरम्भ गरिएको थियो, यस परम्पराको । त्यो वर्ष थियो, सन् १९९४ । लामो समयदेखि नेपालमा पनि यसको प्रचलन रहँदै आयो । नेपाल आदिवासी जनजाति महासंघले यसको संयोजनकारी भूमिका निर्वाह गर्दै आइरहेको छ ।

यो केवल आ-आफ्ना स्वपहिचानमा गर्व गर्ने एक महोत्सव मात्र होइन । ऐतिहासिक कालक्रममा खोसिएका ऐतिहासिक भूमिमाथिको स्वायत्त अधिकार पुनःस्थापना र राजनीतिक विभेदका कारण संकट पारिएका भाषा, संस्कृति, सम्पदा आदिको संरक्षणका लागि संवैधानिक अधिकार प्राप्तिका लागि समुदायमा सचेतना जागरण गराउने र संगठित पार्दै लैजाने महत्त्वपूर्ण आन्दोलनको मोर्चा हो- विश्व आदिवासी दिवस । आदिवासी अधिकारसम्बन्धी राष्ट्र संघीय विश्व घोषणापत्रद्वारा सुनिश्चित गरिएका हक, अधिकारका पक्षमा सार्वजनिक पैरवी गर्ने, सत्ता तथा राजनीतिक दलहरूमाथि सामूहिक दबाब सिर्जना गर्ने प्रभावकारी अवसर पनि हो, यो क्षण ।

पहिचानसहितको संघीयता, स्वायत्त शासन, भाषिक समानता, जल, जमिन, जंगलमाथिको स्वामित्व, समावेशिता, राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व आदि आदिवासीको मूल मुद्दा रहँदै आएका छन् । हाम्रो राष्ट्रिय सन्दर्भमा पनि अनेक कालखण्डमा भएका सडक संघर्ष र आन्दोलनमार्फत यी विषय उठेको सर्वविदितै छ । यसका अतिरिक्त राज्यपक्षबाट आदिवासीसँग विभिन्न सन्दर्भमा गरिएका सहमति र सम्झौताहरूमा पनि यावत् मुद्दाहरू अभिलिखित छन् ।

राज्य पक्षका हैसियतमा अनुमोदन गरिएका अन्तर्राष्ट्रिय श्रम संगठन १६९ तथा आदिवासी अधिकारसम्बन्धी विश्व घोषणापत्र आदि वैध दस्तावेजहरूले पनि नेपाल राज्यको दायित्व र जिम्मेवारी निर्देशित गरेका छन् । इमानदारीका लागि राज्यभित्रका शक्ति मात्र होइनन्, राज्यइतरका राजनीतिकवृत्त पनि यिनका कार्यान्वयनमा गम्भीर भइदिनुपर्थ्यो । तर धरातलीय यथार्थ फरक छ ।

त्यसो त नेपालका राजनीतिकवृत्तले बुझेका छन्- जुझारुपन र मुलुकका जनसंख्याको ३५ प्रतिशतभन्दा धेरै रहेका यी समुदाय यथार्थमा एउटा शक्ति पनि हुन् । तर व्यवहारमा तिनका प्रवृत्ति आदिवासी समुदायमा निहित शक्ति आ-आफ्ना दलीय स्वार्थ रक्षार्थ अधिकतम प्रयोग गर्ने किसिमको देखियो । जनयुद्धका लागि यिनै समुदायका ऐतिहासिक भूमि आरक्षण स्थलका रूपमा मात्र रोजिएन, यिनैका आलो रगत शक्तिका लागि स्रोत बनाइयो । हजारौंका संख्यामा मृत्युवरण गर्न बाध्य पारियो । एउटा मिठो सपनाका खाका कोरिदिएका थिए आदिवासीका लागि- पहिचानसहितका स्वायत्त राज्य । त्यसमाथि आत्मनिर्णयको अधिकार पनि । संविधान निर्माणको पूर्वसन्ध्यातिर सायद त्यस्ता कुनै दल थिएन, जसले कुनै न कुनै रूपमा आदिवासी मुद्दाका सन्दर्भमा सरोकार नदेखाएका हुन् । राजनीतिक परिवर्तनप्रति आशावादी भएका र दलहरूप्रति भरोसाका कारण जनआन्दोलनका समग्र मोर्चामा सक्रिय बने, आदिवासी । तर संविधानका धारा, उपधारा, प्रावधानहरू आदिवासीमैत्री भएनन् । एक अर्थमा आदिवासी ठगिए ।

राणाविरुद्धको सशस्त्र संघर्षमा पनि तत्कालीन राजनीतिक नेतृत्वका लागि आवश्यक भए आदिवासी । रामप्रसाद राई तथा नारदमुनि थुलिङसहितका नेताहरू मुक्ति सेनाको अग्रपंक्तिमा रहे । तर सात सालपछिका परिवर्तनलाई उनीहरूले अपनत्वबोधसम्म पनि गर्न पाएनन् ।

गोरखाली राज्य विस्तारका लागि सैन्य शक्ति बन्दै खुकुरी र खुँडाको धार थापेका समुदाय थिए, आदिवासी । तर तिनै शासकहरूको सत्तामार्फत आ-आफ्नो भूमिबाट विस्थापित हुनेमा परे, आदिवासी समुदाय । भाषा, धर्म, संस्कृति, रीति, परम्पराविरुद्ध नाङ्गो हस्तक्षेप गरियो ।

आदिवासी- प्रथम विश्व युद्धको सैन्य मोर्चादेखि कालान्तरसम्म पनि अर्काका लागि तोप र गोला बोक्ने लाहुरे बनाइए । तिनकै रगत र पसिनाका आधारमा वैदेशिक शक्तिसँग किटान गरिएका दर-भाउबाट संकलित राजस्वले शासकका ढुकुटी भरिए । उनै शासकका ऐन कानुनका काला अक्षरले एउटा भाष्य बनाइयो- मासिने जात । रैती, कमारो, भुसतिघ्रे, असभ्य, जंगली अनि मतुवाली बनाइयो ।

एकल जातीय राज्यका यिनै भाष्य, व्यवहार तथा सोचका साथ विस्तारित गोरखा राज्यको खिलाफमा पहिलो पटक बगावतमा काठमाडौं उपत्यकामा उभिएका थिए अवधूत सिंह (भक्तपुरका राजा रणजित मल्लका छोरा) । अनि कीर्तिपुरका कीर्तिलक्ष्मी । लमजुङ्गे योद्धा सुखदेव गुरुङ र सुपति गुरुङ- ती आदिवासी भावनाका ऐतिहासिक प्रतीक थिए । लखन थापा जंगे शासनविरुद्ध सुरुवाती शंखनाद भए । खनियावासका मुर्मीहरू तामाङ आदिवासीमाथिको सदियौं पुराना दमन यातनाको प्रतिरोधका झिल्का थिए ।

पछिलो समयमा पनि उपत्यका रैथानेहरू गुठी विधेयकविरुद्ध आदिवासी आगो बनेका हुन् । फास्ट ट्र्याकका नाउँमा खोकना सम्पदा क्षेत्रमाथि राज्यबाट हुन थालेको अतिक्रमणको विपक्षमा एकढिक्का बनेका थिए । थरूहट पक्षधरहरूको त्यो बलिदानीपूर्ण कोहलपुरको मोर्चा, पवित्र खुवालुङको रक्षार्थ किराती समुदायको आन्दोलन अनि कोशी प्रदेश नामांकनविरुद्धको राई-लिम्बू अभियन्ताहरूको सडक संघर्ष सबै आदिवासीका जुझारु तथा स्मरणीय क्षणहरू हुन् ।

आज अर्को क्षण तर फरक क्षणमा आदिवासी फेरि सडकमा छन् । आदिवासी दिवसको उत्सव छ, तर आन्दोलन छैन । आ-आफ्ना मौलिक वेशभूषा, गरगहना र शृंगार छन् । सडकभरि नाचगान छ । कार्यक्रमस्थलमा मौलिक खानपान पनि छ । परम्परागत बाजा र संगीतले बजार कोलाहलमय छ । तर विद्रोहको आवाज छैन ।

आदिवासी अधिकारसम्बन्धी विश्व घोषणापत्रबाट निर्दिष्ट अधिकारको सुनिश्चितताका लागि मुट्ठी कस्ने अनि सत्तालाई बाध्य पार्ने एउटा मोर्चा हो- आदिवासी दिवस । तर त्यस्तो स्थिति छैन आज । आफूलाई मौलिक पहिचानसहित रैथाने आदिवासी समुदायसँगको वंशज नाताबाट भन्दा दलीय निकटताका आधारमा प्रभुत्व जमाउने एउटा संस्कारले अत्याएको अवस्था छ । संस्थामा कुन समुदायले नेतृत्व गर्दै गरेको छ भन्दा पनि कुन राजनीतिक वाद र कुन दल अधिनस्थ व्यक्ति चयन भएका छन् भन्ने विषय निर्णायक छ । आदिवासीका साझा मुद्दा गौण छन् । राजनीतिक दलका कार्यनीति र घोषणापत्र निर्देशक सिद्धान्त भइदिएको छ । जसरी मुलुकका यावत् वर्गीय तथा सामाजिक संघसंस्थाहरू खण्डित बन्दै गरे, आदिवासीमा पनि त्यही समस्या छ । संगठन छ, तर शक्तिहीन छ ।

दक्षिणपन्थी एसीटी पार्टीका नेता डाविड सेमोरद्वारा मोओरी आदिवासी समुदायका पूर्व इतिहास र अधिकारसम्बन्धी तत्कालीन बेलायती शासकसँग गरिएका सन् १८४० को द्विपक्षीय सन्धि/सम्झौतालाई संकुचन र परिवर्तन गर्ने मनसायले न्युजिल्यान्डको संसद्भित्र 'द ट्रिटी प्रिन्सिपल बिल्स्' प्रस्तावित गरिँदा माओरी सांसद हान्ना-राहुइति कारेआरकी माइपी क्लार्कले जसरी संसद् भवन नै थर्किने गरीकन हाका नाच र तालको शैलीमा सस्वर कडा प्रतिरोध गरिन् । त्यसले न्युजिल्यान्डको राजनीतिमा मात्र डरलाग्दो कम्पन ल्याएन, विश्वभरिका प्रतिगमनकारी शासन सत्ताकै मुटु हल्लाइदियो । आदिवासी समुदायका तर्फबाट सत्तारूढ जातिवादी प्रभुत्व र तिनका सम्मिलनकारी षड्यन्त्रविरुद्धको एक अनुकरणीय विद्रोहको दृष्टान्त बन्यो, १४ नोभेम्बर २०२४ को त्यस घटना ।

हाम्रा आदिवासीले पनि आफ्नै परम्परागत मौलिक पहिरनमा मौलिक नाचगानका क्रममा ती माओरी सांसद महिलाकै जस्तो आक्रोश, शैली र भावभंगीमासहित वर्तमान सत्ता र राजनीतिक दलका आचरणविरुद्ध खबरदारीका हाका नाच कहिले र कसले गर्लान् ?

# भ्रष्टाचारविरुद्धको अभियान : कानुनी सुधार कि राजनीतिक प्रदर्शन ?

**भ्रष्टाचारविरुद्धको अभियानको उद्देश्य केवल चर्चित व्यक्तिलाई पक्राउ गर्नु वा समाचारको शीर्षक बन्नु होइन । यसको वास्तविक उद्देश्य नागरिकले राज्यप्रति विश्वास गर्न सक्ने, सार्वजनिक स्रोतको दुरुपयोग नहुने, सार्वजनिक पदलाई सेवाको माध्यम बनाइने तथा विधिको शासनमा आधारित सुशासन स्थापना गर्नु हो ।**



रोशन आउजी

(आउजी कानुनका विद्यार्थी हुन्)

नेपालमा भ्रष्टाचार आजको मात्र समस्या होइन । शासन व्यवस्था परिवर्तन भए, संविधान फेरियो, राज्यका संरचनाहरू पुनर्निर्माण भए, तर भ्रष्टाचार नियन्त्रणको चुनौती भने अझै यथावत् छ । पछिल्ला केही वर्षयता अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उच्च पदस्थ राजनीतिक नेतृत्व, कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि तथा सार्वजनिक संस्थाका पदाधिकारीविरुद्ध अनुसन्धान र मुद्दा दायर गरेपछि भ्रष्टाचारविरुद्ध राज्य सक्रिय भएको सन्देश जनतामाझ पुगेको छ । यद्यपि एउटा महत्त्वपूर्ण प्रश्न अझै अनुत्तरित छ- के यी अभियानहरू वास्तविक कानुनी सुधारका संकेत हुन् वा तिनले केवल राजनीतिक सन्देश प्रवाह गर्ने काम मात्र गरिरहेका छन् ?

नेपालको संविधान, २०७२ ले सुशासन, पारदर्शिता, जवाफदेहिता र विधिको शासनलाई लोकतान्त्रिक शासन प्रणालीको आधार मानेको छ । संविधानको धारा २३८ र २३९ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संवैधानिक निकायका रूपमा स्थापना गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले गरेको भ्रष्टाचार तथा अख्तियारको दुरुपयोगको अनुसन्धान गर्ने अधिकार प्रदान गरेको छ । यसबाट भ्रष्टाचार नियन्त्रण राज्यको संवैधानिक दायित्व भएको स्पष्ट हुन्छ ।

संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, विशेष अदालत ऐन, २०५९, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनहरू लागू छन् । यी कानुनले घूस लिनु वा दिनु, सार्वजनिक सम्पत्तिको हिनामिना गर्नु, पदको दुरुपयोग गर्नु, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्नु, झूटा शैक्षिक प्रमाणपत्र प्रयोग गर्नु वा सरकारी निर्णयबाट व्यक्तिगत लाभ लिनुजस्ता कार्यलाई भ्रष्टाचारजन्य कसुरका रूपमा परिभाषित गरेका छन् । यस अर्थमा नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि कानुनी आधार कमजोर छैन । कमजोरी देखिएको पक्ष भनेको कानुनको प्रभावकारी कार्यान्वयन हो ।

भ्रष्टाचारविरुद्धको अभियानको मूल्यांकन गर्दा केवल मुद्दाको संख्या हेरेर पुग्दैन । अनुसन्धान निष्पक्ष हुनुपर्छ, दोषीलाई समयमै सजाय हुनुपर्छ, राज्यको सम्पत्तिको क्षति असुल हुनुपर्छ र भविष्यमा त्यस्ता अपराध दोहोरिन नदिने व्यवस्था निर्माण हुनुपर्छ । यदि अनुसन्धान राजनीतिक प्रभावका आधारमा अघि बढ्ने, केही व्यक्तिलाई मात्र लक्षित गर्ने वा अदालतमा वर्षौंसम्म मुद्दा विचाराधीन रहने अवस्था रहिरह्यो भने अभियानको विश्वसनीयता स्वतः कमजोर हुन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनअनुसार आयोगले दुई सयभन्दा बढी भ्रष्टाचारका मुद्दा विशेष अदालतमा दायर गरेको छ भने एक हजारभन्दा बढी व्यक्ति तथा संस्थालाई प्रतिवादी बनाएको छ । अर्बौं रुपैयाँ बिगो दाबी गरिएको छ । यसले आयोगको सक्रियता बढेको देखाउँछ । तर सक्रियता मात्र पर्याप्त होइन, ती मुद्दाको अन्तिम परिणाम के आयो भन्ने प्रश्न अझ महत्त्वपूर्ण हुन्छ । यदि दोषीले सजाय नपाउने, बिगो असुल नहुने वा राजनीतिक दबाबका कारण अनुसन्धान प्रभावित हुने अवस्था रहन्छ भने भ्रष्टाचार नियन्त्रणको उद्देश्य पूरा हुँदैन ।



तस्बिर : कान्तिपुर

भ्रष्टाचारको अवस्था मापन गर्ने विश्वव्यापी सूचकका रूपमा रहेको ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अवधारणा सूचकांकले पनि नेपालका लागि उत्साहजनक चित्र प्रस्तुत गर्दैन । पछिल्ला प्रतिवेदनहरूमा नेपालले सयमध्ये ३४ अंक मात्र प्राप्त गरेको छ । यसको अर्थ सार्वजनिक क्षेत्रप्रति नागरिक तथा विज्ञहरूको विश्वास अझै कमजोर रहेको र संस्थागत सुधारको आवश्यकता कायम रहेको हो ।

महालेखा परीक्षकका वार्षिक प्रतिवेदनहरूले प्रत्येक वर्ष सार्वजनिक निकायहरूमा ठूलो परिमाणमा बेरुजु, वित्तीय अनुशासनको अभाव, कानुनविपरीत खर्च, कमजोर आन्तरिक नियन्त्रण प्रणाली तथा सार्वजनिक सम्पत्तिको प्रभावकारी संरक्षण हुन नसकेको अवस्था औंल्याउँदै आएका छन् । यसले नेपालमा भ्रष्टाचारको समस्या कुनै एक व्यक्तिको आचरणसँग मात्र सम्बन्धित नभई समग्र प्रशासनिक प्रणालीसँग जोडिएको देखाउँछ ।

नेपालमा भ्रष्टाचार हुने मुख्य क्षेत्रहरू सार्वजनिक खरिद, निर्माण आयोजना, स्थानीय तह, राजस्व प्रशासन, भूमि प्रशासन, स्वास्थ्य, शिक्षा, सहकारी तथा सार्वजनिक संस्थान हुन् । विशेष गरी सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा सीमित गर्ने, मिलेमतोमा ठेक्का दिने, लागत कृत्रिम रूपमा बढाउने तथा गुणस्तरहीन निर्माण गर्ने प्रवृत्ति बारम्बार देखिने गरेको छ । यी समस्या समाधान नगरी केवल केही व्यक्तिलाई पक्राउ गर्नु मात्र दीर्घकालीन समाधान हुन सक्दैन ।

भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक प्रणालीसँगै रोकथाममुखी सुधार पनि आवश्यक हुन्छ । सम्पूर्ण सार्वजनिक खरिद प्रणालीलाई पूर्ण रूपमा विद्युतीय बनाउने, सम्पत्ति विवरणको प्रभावकारी परीक्षण गर्ने, हितको द्वन्द्वसम्बन्धी स्पष्ट कानुनी व्यवस्था लागू गर्ने, सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्ने, सार्वजनिक खर्चको वास्तविक समयमै निगरानी गर्ने तथा सरकारी सेवामा मानवीय सम्पर्क घटाएर डिजिटल प्रणालीको विस्तार गर्ने हो भने भ्रष्टाचार हुने अवसर उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।

नेपाल संयुक्त राष्ट्र संघको भ्रष्टाचारविरुद्धको महासन्धिको पक्ष राष्ट्र हो । यस महासन्धिले सदस्य राष्ट्रहरूलाई भ्रष्टाचार रोकथाम, स्वतन्त्र अनुसन्धान, अन्तर्राष्ट्रिय सहयोग, अवैध सम्पत्ति फिर्ता तथा संस्थागत सुधारका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्न दायित्व दिएको छ । त्यसैले भ्रष्टाचार नियन्त्रण नेपालको केवल आन्तरिक आवश्यकता मात्र होइन, अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि हो ।

विश्वका केही सफल उदाहरणहरूले पनि कानुनभन्दा बढी संस्थागत सुधार प्रभावकारी हुने देखाएका छन् । सिंगापुर र हङकङले भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय सफलता हासिल गर्नुको मुख्य कारण कठोर कानुन मात्र होइन । स्वतन्त्र अनुसन्धान निकाय, पारदर्शी प्रशासन, उच्च नैतिकता, डिजिटल सेवा प्रवाह र राजनीतिक हस्तक्षेपबाट मुक्त प्रशासनिक प्रणाली हो । नेपालले पनि यस्ता अभ्यासबाट सिकेर आफ्ना संस्थाहरूलाई बलियो बनाउन आवश्यक छ ।

भ्रष्टाचार नियन्त्रणमा राजनीतिक इच्छाशक्तिको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । यदि एउटै प्रकृतिका मुद्दामा फरक-फरक राजनीतिक व्यवहार गरिन्छ भने जनविश्वास कमजोर हुन्छ । अनुसन्धान व्यक्ति हेरेर होइन, प्रमाणका आधारमा हुनुपर्छ । कानुन सबैका लागि समान रूपमा लागू हुने अवस्था सिर्जना गर्न सके मात्र विधिको शासन सुदृढ हुन्छ ।

यसका अतिरिक्त नागरिक समाज, सञ्चारमाध्यम तथा सचेत नागरिकको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण छ । खोज पत्रकारिता, सार्वजनिक सुनुवाइ, सूचनाको हकको प्रयोग, नागरिक निगरानी तथा सामाजिक उत्तरदायित्वका अभ्यासले धेरै भ्रष्टाचारका घटनाहरू सार्वजनिक गरेका छन् । लोकतन्त्रमा भ्रष्टाचार नियन्त्रण कुनै एक निकायको मात्र जिम्मेवारी होइन, यो राज्य, समाज र नागरिक सबैको साझा दायित्व हो ।

आज नेपालमा देखिएको भ्रष्टाचारविरुद्धको अभियानलाई पूर्ण रूपमा राजनीतिक प्रदर्शन मात्र भन्न मिल्दैन, किनकि उच्च तहका व्यक्तिमाथि अनुसन्धान र मुद्दा दायर भएका छन् । तर यसलाई पूर्ण सफल कानुनी सुधार भएको निष्कर्षमा पुग्न पनि अझै हतार हुनेछ । वास्तविक सफलता तब मात्र प्रमाणित हुनेछ, जब अनुसन्धान निष्पक्ष हुनेछ, विशेष अदालतबाट समयमै फैसला आउनेछ, अवैध सम्पत्ति राज्यकोषमा फिर्ता हुनेछ, दोषीलाई कानुनअनुसार सजाय हुनेछ र भ्रष्टाचारका संरचनागत कारणहरू स्थायी रूपमा सुधार गरिनेछन् ।

अन्ततः भ्रष्टाचारविरुद्धको अभियानको उद्देश्य केवल चर्चित व्यक्तिलाई पक्राउ गर्नु वा समाचारको शीर्षक बन्नु होइन । यसको वास्तविक उद्देश्य नागरिकले राज्यप्रति विश्वास गर्न सक्ने, सार्वजनिक स्रोतको दुरुपयोग नहुने, सार्वजनिक पदलाई सेवाको माध्यम बनाइने तथा विधिको शासनमा आधारित सुशासन स्थापना गर्नु हो । त्यसैले नेपाललाई अहिले आवश्यक परेको विषय व्यक्तिकेन्द्रित अभियानभन्दा पनि संस्थागत सुधार, पारदर्शी प्रशासन, प्रभावकारी कानुन कार्यान्वयन, राजनीतिक जवाफदेहिता र नैतिक शासन प्रणाली हो । जब यी आधारहरू व्यवहारमा स्थापित हुन्छन्, तब मात्र भ्रष्टाचारविरुद्धको अभियानलाई वास्तविक कानुनी सुधारको सफल उदाहरण भन्न सकिन्छ ।

# सिंहदरबारभित्र बसेर कसैको भविष्य कोर्ने अधिकार छैन, फिल्डमा जानुपर्छ

● **सुधन गुरुङ**, गृहमन्त्री


तस्बिर : अंगद ढकाल/कान्तिपुर

सिंहदरबारस्थित गृहमन्त्रीको कार्यकक्षमा सुरक्षा ब्रिफिङका फाइल, ज्ञापनपत्र र छलफलका नोटबीच माटोको एउटा सानो हन्डी पनि राखिएको छ । झट्ट हेर्दा त्यो सामान्य सजावटजस्तो लाग्न सक्छ । तर, गृहमन्त्री **सुधन गुरुङ**का लागि त्यो सीमान्त गाउँ सुस्ताबाट आएको एउटा चिनो हो, जसले सीमावासीको पीडा र राष्ट्रिय सीमाको प्रश्नलाई पटक-पटक सम्झाइरहन्छ । भन्छन्, 'गृहमन्त्री रहुन्जेल यो पनि यहीं रहन्छ ।' सीमाको विषय, देशको सुरक्षा, धार्मिक तनाव, प्रहरी सुधार, दंगा नियन्त्रणदेखि विवाद र आलोचनासम्मका सवालमा गृहमन्त्री गुरुङसँग कान्तिपुरका कृष्ण आचार्य, विनोद घिमिरे र गौरव पोखरेलले गरेको विशेष कुराकानीको सम्पादित अंश :

**कुनै आन्दोलन वा विरोध प्रदर्शन हुनेबित्तिकै तपाई सधैं सम्बन्धित ठाउँमै पुगेर छलफल गरिहाल्नुहुन्थ्यो । तर यसपालि तराईमा देखिएको समस्या समाधानमा निकै ढिला गर्नुभयो । सुरुमा प्रहरी परिचालन गरी बल प्रयोगको रणनीति लिनुभयो । पाँचौं दिन मात्रै तपाईं तराई जानुभयो । खासमा तराईको तनाव कस्तो हो ? सरकार कहाँ चुक्यो ? त्यहाँ गएर के के गर्नुभयो ?**

त्यो सरकारविरुद्ध भएको आन्दोलन थिएन । विगतमा हुने गरेका झडपहरूमध्ये अर्को एउटा झडप मात्रै थियो । तर, यस पटक दुवै पक्ष अत्यन्त आक्रामक बनेपछि प्रहरीले हस्तक्षेप गर्नुपरेको थियो । त्यतिबेला एक जना प्रहरी इन्स्पेक्टरको टाउकामा चिर्पट प्रहार हुँदा ६ वटा टाँका लगाउनुपर्ने अवस्था आएको थियो ।

हामी प्रत्येक विषयलाई गम्भीरतापूर्वक लिइरहेका थियौं । अझ हिन्दु-मुस्लिम समुदायसँग जोडिएको विषय भएकाले यसलाई कसरी नियन्त्रणमा लिने भन्नेबारे केन्द्रस्तरबाटै रणनीति बनाइरहेका थियौं । तर, रणनीति बनाउँदै गर्दा घटना सल्किसकेको थियो । त्यसपछि आगोको झिल्को डढेलोमा परिणत नहोस् भनेर राष्ट्रियस्तरमै नियन्त्रण गर्ने रणनीति बनाउन केही समय लागेको हो ।

त्यो भन्दैमा गृहमन्त्री नै तत्काल घटनास्थल पुग्नुपर्छ भन्ने आवश्यकता थिएन । सरकारका प्रतिनिधिका रूपमा स्वास्थ्यमन्त्री त्यहीं हुनुहुन्थ्यो । घाइतेहरूको उपचार भइरहेको थियो र नागरिकको सुरक्षा सुनिश्चित गर्ने भन्ने विषयमा निरन्तर योजना र रणनीति बनाइरहेका थियौं । राति १२ बजेसम्म बैठक बसेर काम गरिरहेका थियौं । त्यसैले सरकारले काम नगरेको भन्ने होइन । नागरिकमा गृहमन्त्री आफैं आउनुपर्छ भन्ने अपेक्षा बढ्दै गएको देखियो । त्यसपछि नागरिकलाई दुःख परेका बेला आफैं पुग्नुपर्छ भन्ने निष्कर्ष निकाल्यौं । स्वास्थ्यमन्त्री पुगिसक्नुभएको अवस्था हुँदाहुँदै पनि म स्वयं पीडित परिवार र घाइतेहरूलाई भेट्न गएँ ।

हामीलाई सुरुबाटै यो घटनालाई अवसर बनाएर राजनीतिक रूपमा रोटी सेक्ने प्रयास हुन सक्छ भन्ने आकलन थियो र पछि त्यही भयो पनि । त्यसैले त्यस्तो अवस्था आउन नदिन हामी पहिले नै पीडित परिवारसँग संवाद गर्न गयौं । साँझ ७ बजे पुगेपछि रातभर छलफल गर्‍यौं । पीडित परिवार र घाइतेहरूलाई सबै कुरा बुझायौं, सम्झायौं । भोलिपल्ट उज्यालो भएपछि 'यदि विश्वास लाग्छ भने मात्र हस्ताक्षर गर्नुहोस्, तपाईंहरूको इच्छाविपरीत कुनै काम हुँदैन' भनेर स्पष्ट रूपमा भन्यौं । त्यसपछि उहाँहरूले स्वेच्छाले हस्ताक्षर गर्नुभयो र आन्दोलन पनि साम्य भयो ।

**एउटा सामान्य विवाद तथा झडपमा प्रहरीले सुरुमा गोली प्रहार गरेर स्थितिलाई झन् भयावह बनाउने र भड्काउने काम गर्‍यो भन्ने आरोप छ नि ?**

त्यहाँ प्रहरी नभएको भए अवस्था के हुन्थ्यो ? दुवै पक्षमा तीन-चार सयको भीड थियो । हिन्दु र मुस्लिम दुवै समुदायका मानिसहरू भाला, बाँस, चिर्पटलगायतका घरेलु हतियार बोकेर आमनेसामने थिए । त्यस्तो अवस्थामा प्रहरीले हस्तक्षेप नगरेको भए कति जना घाइते हुन्थे र कति जनाको ज्यान जान्थ्यो भन्ने अनुमान गर्न पनि कठिन छ । त्यसले निम्त्याउन सक्ने द्वन्द्व अझ गम्भीर हुन सक्थ्यो । अहिले यति हुँदा पनि समाजमा तनाव छ भने, प्रहरीले हस्तक्षेप नगरेको भए एकअर्काप्रतिको अविश्वास र घृणा झन् बढ्ने थियो । अवस्था कुन तहसम्म पुग्थ्यो र त्यसलाई पछि नियन्त्रण गर्न सम्भव हुन्थ्यो कि हुँदैनथ्यो भन्ने नै प्रश्न हुन्थ्यो । धार्मिक द्वन्द्वसमेत चर्किन सक्ने जोखिम थियो । यही जोखिमलाई रोक्न प्रहरीले आफ्नो ज्यानको पर्वाह नगरी दुई पक्षको बीचमा उभिएर अवस्था नियन्त्रणमा ल्याएको हो । त्यसक्रममा एक जना प्रहरी इन्स्पेक्टरको टाउकामा चिर्पट प्रहार हुँदा उहाँलाई टाउकामा टाँका लगाउनुपर्ने अवस्थासमेत आएको थियो ।

**सुनसरीको तनाव बढ्दै गएर सिरहा र धनुषातर्फ पनि फैलियो । गोलबजारमा पनि तनाव भयो । गोलबजारमा कसले गोली चलायो भन्ने अझै खुलेको छैन । त्यस विषयमा के भइरहेको छ ?**

त्यस विषयमा पनि अध्ययन गर्न छानबिन समिति गठन गरिएको छ । निष्पक्ष र विश्वसनीय अनुसन्धान होस् भन्ने उद्देश्यले नै समिति बनाइएको हो । दुवै छानबिन समितिका सन्दर्भमा पीडित पक्षले उठाएका जायज मागलाई हामीले तत्काल सम्बोधन गरेका छौं । उहाँहरूले एसपीप्रति असन्तुष्टि जनाएपछि तत्कालै उहाँलाई हटाइएको छ । त्यसबाहेक अनुसन्धानलाई थप विश्वसनीय बनाउन ब्यालेस्टिक, फरेन्सिक तथा अन्य प्राविधिक विज्ञहरू पनि टोलीमा समावेश गरेका छौं । यी सबै कदम अनुसन्धान निष्पक्ष, पारदर्शी र तथ्यमा आधारित होस् भन्ने उद्देश्यले चालिएका हुन् । बाँकी विषय अनुसन्धानकै क्रममा रहेकाले यसबारे धेरै टिप्पणी गर्नु उपयुक्त हुँदैन ।

**जेन-जी आन्दोलनदेखि सुनसरीमा भएको घटनासम्म आइपुग्दा प्रहरीले गोली चलाउनेबित्तिकै नागरिकको ज्यान जाने गरेको छ । प्रहरीलाई गैरघातक हतियार दिने विषयमा यत्रो समयसम्म किन केही काम गरिएन ? किन सिधै घातक हतियार प्रयोग हुन्छ ?**

गैरघातक हतियार खरिदका लागि साउनदेखि मात्रै बजेट खर्च गर्न मिल्ने अवस्था छ । त्यसअघि बजेट नै चलाउन मिल्ने अवस्था थिएन, किनभने पुरानै बजेटमा चलिरहेका थियौं । अब खरिद प्रक्रिया सुरु गर्दै छौं । भीड नियन्त्रणका लागि आवश्यक सबै प्रकारका गैरघातक हतियारलाई त्यसमा समेटेका छौं । ड्रोनबाट अश्रुग्यास हान्ने, ड्रोनमार्फत माइकिङ गर्ने, ड्रोनबाट निगरानी गर्ने, भीड व्यवस्थापनलाई प्रभावकारी बनाउने, कमान्ड सेन्टरबाट अवस्थाको निगरानी गर्ने, ब्यारिकेटलाई थप प्रभावकारी बनाउने तथा महत्त्वपूर्ण संरचनालाई मानवीय क्षति नगरी कसरी सुरक्षित राख्ने भन्नेमा हाम्रो मुख्य ध्यान छ । त्यसका लागि आवश्यक प्रक्रिया अघि बढिरहेको छ । अहिले केही सुरक्षाकर्मीको मनमा अवस्था बिग्रियो भने गोली चलाइहाल्नुपर्छ भन्ने पुरानो सोच छ । हामी त्यही सोच परिवर्तन गरेर गैरघातक उपायलाई प्राथमिकतामा राख्ने प्रणाली विकास गर्न चाहिरहेका छौं ।

**जेन-जी आन्दोलनमा पनि 'यत्रो तयारी भइरहेको थियो, इन्टेलिजेन्सले थाहै पाएन' भन्ने भयो । सुनसरी घटनामा केही पूर्वसूचना थियो ?**

त्यो सरकारविरुद्ध भएको आन्दोलन होइन । झन्डाको विषयमा भएको विवादपछि झडप भएको हो । झडप भएपछि मात्रै थाहा भएको हो । तर, हिन्दु-मुस्लिम समुदायबीच तनावको सम्भावना रहेको विषय भने पहिलेदेखिकै थियो । पछि दुई समूहबीचको झडप अन्य ठाउँमा पनि भावनात्मक रूपमा फैलियो । त्यसलाई केहीले राजनीतिक रूपले रोटी सेक्ने काम पनि गरे । घटना एक्कासि भएको थियो । त्यसैले ठ्याक्कै यही रूप लिन्छ भनेर पहिल्यै अनुमान गर्न सकिने अवस्था थिएन । तर, पछि धेरै पक्षले यसलाई उचाल्दै लगे र तनाव थप बढ्यो ।

**गृह मन्त्रालयमा यत्तिको समयसम्म नेतृत्वमा रहँदा कस्तो अनुभव रह्यो ? के-के सुधार गर्नुपर्ने देख्नुभयो ?**

मैले मन्त्रालयअन्तर्गतका सबै विभागदेखि शाखासम्म हरेक क्षेत्रमा सुधार आवश्यक देखें । त्यसका लागि एउटा 'रिफर्मेसन प्लान' बनाइँदै छ । पहिलेजस्तो तरिकाले गृह मन्त्रालय चलाएर मात्रै हुँदैन, नयाँ ढंगले अघि बढ्नुपर्छ भन्ने हिसाबले छुट्टै 'रिफर्मेसन टिम' गठन गरिएको छ । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र नेपाल प्रहरीमा पनि रिफर्म हुँदै छ । अबको ५० वर्षसम्मलाई हेरेर हामीले 'रिफर्मेसन' को योजना बनाइरहेका छौं । मन्त्रालयमा आएदेखि मैले के देखेको छु भने जुन आदेश दिइन्छ, त्यो दिँदा सुरुमा तातेर एक हदसम्म काम हुन्छ, त्यसपछि फेरि सेलाउँदै जान्छ । त्यसपछि मैले बुझेर दिएको आदेश फिल्डमा कार्यान्वयन भएको छ कि छैन ? भनेर 'पब्लिक फिडब्याक' लिने, त्यसपछि फेरि 'फलोअप' गर्ने, नभए आफैं पनि जाने गर्न थालें । मैले अहिलेसम्म मन्त्रालयमा देखेको मुख्य समस्या कार्यान्वयन र 'फलोअप' कै छ । सबै मन्त्रालयमा यही समस्या रहेछ, सुरुमा जोसमा काम गर्छन्, पछि सेलाउँदै जान्छ ।

अब हामीले दिएका सबै आदेशलाई नीति-नियममै राखेर कार्यान्वयन गर्नुपर्छ । त्यसो भयो भने मात्रै दीर्घकालीन प्रभाव पर्छ । त्यो नगरेकामा के गरेको, के भन्ने पनि छुट्याइन्छ । अर्को कुरा, हाम्रोमा कर्मचारीलाई 'मोटिभेट' गर्ने प्रणाली नै छैन । पारदर्शी हिसाबले सरुवा, बढुवा हुने गरेका छैनन् । 'डिजिटाइजेसन' त शून्य छ । सबै काम 'म्यानुअल' रूपमा भइरहेको छ । अहिले पनि पुरानै शैलीमा काम भइरहेको छ । नयाँ शैलीमा जे जे भएको छ, अहिले हामी आएपछि मात्र भएको छ ।

अहिले अपराधको प्रकृति नै बदलिइसकेको छ । साइबर थ्रेट, डिजिटल अट्याकका विषय आएका छन् । गृह मन्त्रालयमै साइबर अट्याक भयो भने हामी त्यसका लागि तयार छैनौं । डिटल्ली अफेन्स र डिफेन्स दुवैतर्फ हाम्रो तयारी छैन । त्यो तयारी गर्दै छौं । त्यसैले हामी अहिले पूरै प्रणाली 'डिजिटाइज' गर्दै छौं । अब हामीले निर्देशन जारी गर्दा 'इन्टरनल एड्मिनिस्ट्रेटिभ सफ्टवेयर' प्रयोग गर्नेछौं । मैले निर्देशन जारी गरेपछि त्यो सचिवकहाँ जान्छ, सचिवबाट सम्बन्धित विभागमा जान्छ, विभागबाट सम्बन्धित कर्मचारीकहाँ पुग्छ । त्यसपछि फेरि 'ब्याक ट्र्याक' हुन्छ । अर्थात् मैले दिएको आदेश कुन कर्मचारीकहाँ पुगेको छ, कार्यान्वयन भयो कि भएन भन्ने विषय म तुरुन्तै देख्न सक्छु ।

कार्यसम्पादन राम्रो नभएको खण्डमा त्यो कर्मचारी उपयुक्त छैन भन्ने थाहा भइहाल्छ, प्रक्रियामा लगेर आवश्यक कारबाही गर्छु । राम्रो काम गरेको छ भने कार्यसम्पादनकै आधारमा बढुवा र सरुवाका निर्णय हुन्छन् । यही प्रणाली नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा पनि लागू गर्ने योजना छ । अहिलेको सबैभन्दा ठूलो समस्या बढुवा र सरुवामै देखिन्छ । बढुवामा सधैं भनसुन हुने र पैसा दिनुपर्ने पहिल्यैदेखि सुन्दै आएको हो । तर, वास्तविकतामा पनि यो समस्या छन् । नाकामा सरुवा हुन खोज्ने कारण के त ? यो कुरा सबैलाई थाहा छ । त्यसैले अब यो सबै प्रक्रिया पूर्ण रूपमा 'डिजिटाइज' गरिन्छ । मानौं, एउटा इन्स्पेक्टरको कार्यसम्पादन मूल्यांकन गर्नुपर्‍यो । उसको मातहतका कर्मचारीलाई उसले दिएको काम, उनीहरूले गरेको काम र त्यसको परिणाम सबै 'डिजिटल' रूपमा रेकर्ड हुन्छ ।

सेवाग्राहीले गुनासो राख्छन् । त्यो गुनासो सम्बोधन भयो कि भएन भन्ने पनि प्रणालीमै देखिन्छ । वृत्त प्रमुख इन्स्पेक्टरको कार्यसम्पादन त्यही आधारमा मूल्यांकन हुन्छ । जिल्लाले पनि उसले कति उजुरी दर्ता गर्‍यो, कति फछ्र्योट गर्‍यो भन्ने सबै डेटा इन्ट्री गर्छ । त्यसका आधारमा मूल्यांकन हुन्छ । त्यसलाई रेटिङ गर्न सकिन्छ ।

अहिले पब्लिकका धेरै गुनासा के छन् भने मीठो बोलेन, सेवा राम्रो भएन, झपार्‍यो, व्यवहार राम्रो भएन । त्यसका लागि प्रत्येक प्रहरी वृत्तमा एउटा क्यूआर कोड राखिन्छ । त्यो स्क्यान गरेर सेवाग्राहीले त्यहाँ कार्यरत इन्स्पेक्टरदेखि सबै कर्मचारीबारे के छ भनेर पब्लिकले रेटिङ गर्न पाउँछ । त्यसपछि गलत भएको भए कारबाही हुन्छ । त्योचाहिँ सिपाही हवल्दारलाई कारबाही हुँदैन, जसले कमान्ड गरेको छ, उसलाई कारबाही हुन्छ । उसको प्रमोसनमा दाग लाग्छ, फाइभ स्टारमा उसले कति रेटिङ पायो ? उसको मातहतमा भएका कर्मचारीको पर्फमेन्सले पनि उसको क्वालिटीलाई निर्धारण गर्छ । अनि, मेरो रेटिङ यस्तो नगर्दिनु भन्ने डर हुन्छ, कसैले नराम्रो गरेको छ भने पब्लिकले यो मान्छेले नराम्रो गर्‍यो भनेर पनि नाम दिएको हुन्छ । त्यसले मेरो प्रमोसनलाई 'ह्याम्पर' गर्छ भन्ने हुन्छ र ऊ आफैं जिम्मेवार हुन्छ ।

**गृह प्रशासन मातहत प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका एसपीलगायतको नेतृत्वमा जिल्ला-जिल्लामा कर्मचारीहरू छन्, तर तपाईं किन सधैं आफैं फिल्डमा जानुहुन्छ ? प्रणालीले काम गर्दैन भन्ने लागेको हो ?**

प्रणालीले मात्रै काम गर्ने भएको भए समस्या पहिल्यै समाधान भइसक्थ्यो । त्यसैले प्रणालीले कहाँ काम गरिरहेको छैन भन्ने बुझ्न सम्बन्धित ठाउँमै जानुपर्छ । किन बारम्बार यही प्रणाली असफल भइरहेको छ भन्ने समस्या पहिचान गर्न पनि सम्बन्धित

> “ सुनसरीबाट धार्मिक द्वन्द्वसमेत चर्किन सक्ने जोखिम थियो । त्यसलाई रोक्न प्रहरीले आफ्नो ज्यानको पर्वाह नगरी दुई पक्षको बीचमा उभिएर अवस्था नियन्त्रणमा ल्याएको हो ।
>
> ●●●
>
> ड्रोनबाट अश्रुग्यास हान्ने, ड्रोनमार्फत माइकिङ गर्ने, ड्रोनबाट निगरानी गर्ने, भीड व्यवस्थापनलाई प्रभावकारी बनाउने, कमान्ड सेन्टरबाट अवस्थाको निगरानी गर्ने, ब्यारिकेटलाई थप प्रभावकारी बनाउने तथा महत्त्वपूर्ण संरचनालाई मानवीय क्षति नगरी कसरी सुरक्षित राख्ने भन्नेमा हाम्रो मुख्य ध्यान छौं ।
>
> ●●●
>
> गृह मन्त्रालयअन्तर्गतका सबै विभागदेखि शाखासम्मलाई अबको ५० वर्षसम्मलाई हेरेर हामीले 'रिफर्मेसन' को योजना बनाइरहेका छौं ।
>
> ●●●
>
> अहिले जनताका धेरै गुनासा छन्- प्रहरीले मीठो बोलेन, सेवा राम्रो भएन, झपार्‍यो, व्यवहार राम्रो भएन । अब प्रत्येक प्रहरी वृत्तमा एउटा क्यूआर कोड राखिन्छ । त्यो स्क्यान गरी सेवाग्राहीले रेटिङ गर्न पाउँछ । गलत भएको भए कारबाही हुन्छ ।
>
> ●●●
>
> प्रणालीले मात्रै काम गर्ने भए समस्या पहिल्यै समाधान भइसक्थ्यो । त्यसैले प्रणालीले कहाँ काम गरिरहेको छैन भन्ने बुझ्न सम्बन्धित ठाउँमै जानुपर्छ ।
>
> ●●●
>
> अहिलेको 'मसल मेमोरी' छ- 'मन्त्री त आउँछन् र जान्छन्, कर्मचारी त हामी नै सधैं रहने हो', 'पाँच वर्ष थेगिदिउँला, त्यसपछि अर्को मन्त्री आउँछ' । म त्यसलाई परिवर्तन गर्न खोजिरहेको छु ।
>
> ●●●
>
> अनुभवी अधिकृतहरूले 'सुधन गुरुङले भन्यो' भन्दैमा गएर कसैलाई पक्राउ गर्ने कुरा हुँदैन । उहाँहरूले कानुनी प्रक्रिया पूरा गरेर अनुसन्धान गर्नुहुन्छ ।
>
> ●●●
>
> जनताको कुरालाई अनुमोदन नगरेर अझै पनि केही न्यायाधीशहरू न्याय दिने पक्षमा छैनन् जस्तो लाग्छ । मैले कानुनी छिद्रहरूमा खेल्ने 'ट्रेन्ड' देखें । ”

ठाउँमै पुग्न आवश्यक हुन्छ । त्यही कारण म बारम्बार ग्राउन्डमा जान्छु । पछि आफूले दिएको निर्देशन कार्यान्वयन भएको छ कि छैन भन्ने पनि त्यहीं गएर हेर्छु । मन्त्रालयमा आएपछि कहाँ-कहाँ कमीकमजोरी छन् भन्ने पहिचान गरेर, निड एसेस्मेन्ट र समस्या विश्लेषणका आधारमा सुधार र कार्यान्वयनका योजना अघि बढाउने हाम्रो उद्देश्य हो ।

**तर, ग्राउन्डमा जाँदा धेरैले तपाईंलाई स्टन्ट गरेको भन्ने गरेका छन् । तपाईंले पनि अब त्यसरी जान्न भनेर संसदीय समितिमा भन्नुभयो । अब साँच्चै फिल्डमा जानुहुन्न कि बेलाबेलामा मात्रै जाने भन्ने हो ?**

म एक्लैले सबै ठाउँ भ्याउन सक्दिनँ । कसैले केही भन्दैमा मैले लिएको भिजन र मिसनबाट पछि हट्ने मान्छे होइन । जेन-जी आन्दोलनपछि मेरो बारेमा के-के मात्र भनिएन ? ती सबै कुरा सुन्दै हिँड्ने हो भने म आज यहाँ हुन्थिनँ । जे पर्छ, लडेर सामना गर्छु भन्ने सोचका साथ अघि बढेको हो । त्यसैले कसैको आलोचनाले मेरो काम गर्ने शैली परिवर्तन हुँदैन । तर, देशैभरि पुग्नुपर्ने भएकाले म एक्लैले सबै ठाउँमा जान सम्भव हुँदैन । त्यसैले टिम बनाएर काम गरिरहेका छौं । कहिले म आफैं जान्छु, कहिले टिम जान्छ । त्यसले सम्बन्धित कर्मचारीमा पनि जुनसुकै बेला जोसुकै अनुगमनका लागि आउन सक्छ, माथिसम्म रिपोर्ट हुन सक्छ भन्ने सन्देश जान्छ । सुरुमा त्यो डरले भए पनि नियम-कानुन पालना गर्न बाध्य हुन्छन् । बिस्तारै त्यही व्यवहार बानी बन्छ, अर्थात् 'मसल मेमोरी' बन्छ । अहिलेको 'मसल मेमोरी' के छ भने, 'मन्त्री त आउँछन् र जान्छन्, कर्मचारी त हामी नै सधैं रहने हो' भन्ने सोच छ । 'पाँच वर्ष थेगिदिउँला, त्यसपछि अर्को मन्त्री आउँछ' भन्ने मानसिकता छ । म त्यही 'मसल मेमोरी' परिवर्तन गर्न खोजिरहेको छु ।

**जेन-जी आन्दोलनमा दमन गर्नेमाथि कारबाहीदेखि लिएर भ्रष्टाचारका विषयमा तपाईंहरूले अग्रसरताका साथ काम गरिरहनुभएको छ । अनुसन्धान र पक्राउ भइरहेका छन् । तर धेरै केसहरू हेर्दा अदालतमा गएर अड्किने गरेको, छाड्ने गरेको अवस्था छ । यो अवस्था आउनमा तपाईंहरूले प्रक्रिया पूरा गर्न नजान्नुभएको हो कि अन्य केही कारण छन् ?**

प्रहरी त यही हो, अधिकृतहरू पनि पुरानै हुन् । अनुसन्धान पनि उनीहरूले नै गरिरहेका छन् । अहिले त उनीहरूले झन् स्वतन्त्र रूपमा अनुसन्धान गर्न पाएका छन् । यति अनुभवी अधिकृतहरूले 'सुधन गुरुङले भन्यो' भन्दैमा गएर कसैलाई पक्राउ गर्ने कुरा हुँदैन । उहाँहरूले कानुनी प्रक्रिया पूरा गरेर अनुसन्धान गर्नुहुन्छ । नियम-कानुनका आधारमा काम गर्नुहुन्छ । हाम्रो पहिलो निर्देशन नै कानुनअनुसार काम गर्नुपर्छ, कानुनी रूपमा कुनै कमजोरी हुन हुँदैन भन्ने हो । यति सबै प्रक्रिया पूरा गर्दागर्दै पनि अदालतले कसैलाई छोड्छ भने त्यो अनुसन्धानकर्ताको मात्रै कमजोरी भन्न मिल्दैन । हामीले प्रक्रिया पूरा गरेर, विज्ञहरूको राय लिएर, महान्यायाधिवक्ता र सरकारी वकिलसँग समेत परामर्श गरेर 'यो फाइल अदालतमा टिक्छ कि टिक्दैन ?' भन्ने सुनिश्चित गरेपछि मात्रै अघि बढाउने हो । त्यसपछि मात्र पक्राउ वा अभियोजनको प्रक्रिया अघि बढ्छ । हामी कसैलाई आवेगमा आएर 'यसलाई पक्राउ गरिदिऔं' भनेर समात्ने होइनौं । त्यो मिल्ने कुरा पनि होइन । तर, मेरो बारेमा 'सुधन गुरुङ आवेगमा निर्णय लिन्छ' भन्ने न्यारेटिभ बनाउन खोजिएको छ । तर, के बुझ्नुपर्छ हामी विधिको शासनमा विश्वास गर्छौं र त्यसकै लागि संघर्ष गरेर यहाँसम्म आएका हौं ।

**तपाईंहरूले हात हालेका कुनै पनि केसहरू निष्कर्षमा पुगेनन् । समस्याको जड के हो जस्तो लाग्छ ?**

केही न्यायाधीशहरूले कतिपय ठाउँमा सहयोग नगरेको हो जस्तो महसुस हुन्छ । किन भन्ने सबैलाई थाहा छ, भन्नचाहिँ मिल्दैन । विश्वले भनिरहेको छ कि जेन-जी आन्दोलनका बेला राज्य पक्षबाट मानवताविरुद्धको अपराध भएको हो । यो मात्र होइन, चुनावले पनि बताइसकेको छ कि जनता कुन पक्षमा, कुन ठाउँमा छन् भनेर । दुईतिहाइको बहुमत अहिलेसम्म यसरी आएको थिएन । यत्रो मत आएको छ । यत्तिकै आकाश त खसेको होइन, फकाएर पनि ल्याएको होइन । किन्न पनि सक्ने होइन, त्यत्रो मान्छेलाई । किन्न सक्ने भए यत्रो फन्डिङ कहाँबाट ल्याउनु ? यत्रो हुँदाहुँदै पनि जनताको कुरालाई अनुमोदन नगरेर अझै पनि केही न्यायाधीशहरू न्याय दिने पक्षमा छैनन् जस्तो लाग्छ । मैले कानुनी छिद्रहरूमा खेल्ने ट्रेन्ड देखें । अपराध पनि त्यसमै गर्ने । एउटा शब्दले भाष्य परिवर्तन गर्ने । 'वा, र, पनि' ले पनि न्यारेटिभ फेर्ने । यति धेरै खेलेको छ कि... ? देशको हितमा काम गर्नु नि ।

**जेन-जी आन्दोलनमा ७६ जनाको ज्यान गयो । कसले गोली चलायो, के भयो भन्ने प्राविधिक विषय भयो । तर त्यतिबेला ज्यान गुमाउनेहरूले त अहिलेसम्म न्याय पाएका छैनन् नि ? कहिले पाउँछन् ?**

न्याय दिलाउनलाई सुरुमै न्यायालयमा पठाएको होइन र ? अनि, हामीलाई अन्याय भएन र ? २३ भदौको घटनामा कसलाई पक्राउ गरिएको छ भन्नुस् त ? २४ भदौको सबै भित्र छन् । उनीहरूका परिवार सडकमा बसिरहेका छन्, न्याय मागिरहेका छन् । बल्ल त्यसका लागि सबै कुरा प्रक्रिया पुर्‍याएर काम गरिरहेका छौं । फेरि प्रक्रिया पुगेन भनेर हामीलाई 'जोसमा आएर गर्‍यो' भन्छन् । उहाँहरूले चाहिँ होसमा गरेको कुरा यही हो त ? अहिले बल्ल समिति बनेको छ । कति जना गोली लागेका जेन-जी भाइहरू पनि जेलमा छटपटाइरहेका छन् । उनीहरूका लागि समिति गठन गरेका छौं, त्यो समितिको प्रतिवेदन आएपछि बल्ल छुटाउनका लागि सिफारिस गर्न मिल्छ । प्रक्रियाअनुसार जानुपर्‍यो । सुधन गुरुङ कुर्सीमा बस्यो, अब इच्छा लाग्यो भन्दैमा निकाल्न मिल्दैन ।

**गृह मन्त्रालयमा संगठित सुन तस्करीसहित विभिन्न छानबिन समितिका प्रतिवेदनहरू छन्, त्यसमा छानबिन, अनुसन्धान र प्रतिवेदन सार्वजनिक गर्ने विषयमा के भइरहेको छ ?**

हामीले त्यसमा आन्तरिक अध्ययन गरिरहेका छौं ।

**अघिल्लोपल्ट गृहमन्त्री भएर आएपछि संसद्देखि मिडियासम्म तपाईंको सम्पत्ति, सेयर कारोबारको विषयमा प्रश्न उठ्यो । सरकारले अनुसन्धान गर्‍यो, तपाईं 'केही रहेनछ' भनेर फर्किनुभयो । तर त्यो प्रतिवेदन सार्वजनिक गरिएन । किन ?**

हाँसो उठ्छ, यस्तो कुरा सुन्दा । म यसअघि कुनै सरकारी पदमा बसेको थिएँ ? मैले कहिल्यै सरकारी तलब खाएको थिएँ ? कुनै राजनीतिक वा सरकारी प्रभाव प्रयोग गर्न सक्ने पदमा थिएँ ? यदि सरकारी पदमा बसेर काम गरेको भए छुट्टै कुरा हुन्थ्यो । अहिले म राजनीतिमा छु । तर, त्यसअघि म एक सर्वसाधारण नागरिक थिएँ । त्यतिबेलाका निजी आर्थिक कारोबार र व्यक्तिगत जीवनलाई यसरी सार्वजनिक रूपमा निकाल्न मिल्छ ? छानबिन त सरकारी पदमा बसेर अधिकारको दुरुपयोग गरेका व्यक्तिहरूको हुनुपर्छ कि एक सामान्य नागरिकको ? अहिलेको सरकारले सम्पत्ति छानबिन गर्नेभन्दा अदालतले किन रोकेको ?

कानुनको सिद्धान्तले पनि के भन्छ भने, जुन समयमा घटना भएको हो, त्यही बेलाको कानुनअनुसार मात्रै मूल्यांकन र कारबाही गर्न मिल्छ । पछि बनेको कानुनलाई विगतमा लागू गर्न मिल्दैन । म गृहमन्त्री भएपछि मेरो कामकारबाहीको अनुसन्धान हुनु छुट्टै विषय हो । तर, सरकारी पदमै नभएको बेलाको निजी जीवन र सम्पत्तिको छानबिन किन गर्ने ? नेपालको संविधानको धारा २८ ले गोपनीयताको हक सुनिश्चित गरेको छ । त्यतिबेला म पनि एउटा सर्वसाधारण नागरिक, त्यसबेला के मलाई गोपनीयताको हक लागू हुँदैन ?

अहिले म गृहमन्त्री छु । अहिले मेरोबारे सबै कुरा सोध्न मिल्छ । तर जतिबेला म राजनीतिक पदमा थिइनँ, त्यसबेला मसँग कारोबार भएका मान्छेको 'प्राइभेसी' छैन ? उनीहरूको सबै विवरण छताछुल्ल बनाउन पाइन्छ ? जुनबेला मसँग 'इन्फ्लुएन्सियल पावर' नै थिएन, एउटा साधारण युवा थिएँ । त्यतिबेलाको विषय जोड्न पाइन्छ ? सुधन गुरुङ मात्र किन नि त त्यसो भए ? पूर्वनेताहरू, त्यत्रो सरकारी पदमा बसेका मान्छेको सम्पत्ति पनि छानबिन गर्नुपर्छ कि पर्दैन ?

मेरो विषयमा प्रश्न उठेपछि मैले छानबिनमा स्वार्थको द्वन्द्व हुन्छ भनेर छाडेको थिएँ । किनकि, छानबिन गर्नेहरू प्रभावित हुन सक्ने अवस्था हुन सक्छ । त्यसैले छाडेको थिएँ । न मलाई पदको लोभ छ, न त शक्तिको घमण्ड । म बसिरहँदा गलत हुन्छ भनेर सहजै पद छाडेको हो । तर, सरकारले निष्पक्ष रूपमा छानबिन गरेको छ । पूर्वन्यायाधीशको नेतृत्वमा महालेखा नियन्त्रक र चार्टर्ड एकाउन्टेन्ट आएर पत्ता-पत्ता हेरेका छन् । सबै कुरा मलाई सोधेका छन् । पारिवारिक सम्बन्धसम्म पुगे, जुन आवश्यक थियो भन्ने लाग्दैन । मेरो फाइनान्स र प्राइभेसीको कुरा निकालियो । मसँगै जोडिएको, जो पोलिटिकली अफिलिएटेड नै छैनन् अहिलेसम्म, उसको चाहिँ किन निकाल्यो ? उसको गोपनीयता जोगाउनु पनि पर्‍यो । अनि मैले के सर्त राखें भने प्रतिवेदन एक न एक दिन अवश्य सार्वजनिक गर्नुहुन्छ । तर, यिनीहरूको प्राइभेसी मेन्टेन गरिदिनु ।

मेरोबारे निकाल्दा केही हुँदैन । तर, मसँग जोडिएका र व्यवहार गरेकाहरू, व्यापारी साथीहरूको नाम आउँछ । उनीहरूका बारेमा के गर्ने भनेर सोधेको हो । उनीहरूलाई पनि संविधानले दिएको अधिकार छिन्न मिल्दैन । मेरो त प्राइभेसी के छ र ? सबै सार्वजनिक गरेको छ । तपाईंहरूले पनि सार्वजनिक गरेको छ । पहिले जस्तो अभियन्ता भएको भए म तपाईंहरूसँग पनि लड्थें होला । तर, गृहमन्त्री हुँ । आफ्नो शक्तिको दुरुपयोग गर्न चाहदिनँ ।

**मानवअधिकार आयोगले तपाईंलाई मानवअधिकार उल्लंघनकर्ता भनेर सिफारिस गरेको छ । यो विषयमा के भन्नुहुन्छ ?**

म मानवअधिकार आयोगलाई पुष्टि गरेर देखाउन चुनौती दिन्छु । सुधन गुरुङले लिएर आएर मान्छेहरू जलाउन पठाएको भनेर पुष्टि गरेर देखाओस् । त्यत्रो भिडियोमा देखिरहेको छ । ट्रकमा बसेर, हात जोडेर त्यता नजानुस् भनेको भिडियो आफैं दिएको छु । मैले उभिएर नमस्ते गर्दै भनेको छु । ब्यारिकेट र फ्लेक्स उठाइरहेका बेला मैले फ्लेक्स मुनि झार्नुस् ब्यारिकेड छाड्नुस् भनेको थिएँ । जसको भिडियो अहिलेसम्म मसँग छ । मानवअधिकार आयोगलाई त मैले सबै भिडियो बनाएर प्रमाण दिएको थिएँ । प्रहरीले कहाँबाट गोली हानेको थियो, के थियो भन्ने सबै । मेरो त अहिलेसम्म एउटा भिडियो पनि डिलिट गरेको छैन । प्रत्यक्ष रूपमा नारायण पौडेल (सशस्त्र प्रहरीका हालका आईजीपी) सँग भएको कुरा पनि छ । त्यसबेलाको आईजीपीसँग कुरा भएको छ, उहाँ साक्षी पनि हो । उहाँहरूको हेडक्वार्टर हामीले बचाएको हो । डिस्कर्डबाट हामीले रातभरि बसेर, दुई दिनसम्म छलफल गरेर जलाउन पाउँदैनौं भनेको हो । प्रहरीलाई सूचना पनि दिएको हो । २३ भदौमा ढुंगा हान्नेलाई रोक्दा आफैंलाई हातपात र आक्रमण भएको अवस्था थियो । त्यो भिडियोसमेत मैले मानवअधिकार आयोगलाई दिएको थिएँ । अनि जेन-जी आन्दोलनमा जब केपी ओलीले राजीनामा दिए, त्यतिखेर कोचाहिँ खुसी थिएन ? तपाईंहरू पनि खुसी हुनुहुन्थेन र ? त्यो प्रतिवेदन लेख्ने खुसी थिएनन् ? हामी आन्दोलनमा जो गएको छ, हामी खुसी नहुने ? हामी त उफ्रिहाल्छौं नि । ओलीले राजीनामा दिए भनेपछि सबै खुसी थिए, न्याय पाउने भयौं भनेर । सुधन गुरुङले कुनै एउटा ठाउँमा मात्र (जलाएको) प्रमाणित गरेर देखाओस्, सिंहदरबार वरिपरि गएर बोतल र सलाई लिएर जलाउन गएको एउटा मात्र प्रमाण चाहियो । म राजनीति छाड्दिन्छु ।

**तपाई त त्यो सलाई कोर्ने को थियो भनेर अनुसन्धान गर्ने ठाउँमा हुनुहुन्छ, त्यो अनुसन्धान तपाईंहरूले गर्नुहुन्छ ?**

२४ भदौमा कति नागरिक सडकमा थिए ? तपाईं पनि हुनुहुन्थ्यो होला । कतिलाई जेल हाल्ने ? त्यो मान्छेको फ्रस्ट्रेसन हो । एंगर भेन्ट गर्ने ठाउँ नपाएको हो उनीहरूले । मैले समर्थन गरेको भन्न खोजेको होइन । किनभने, रोक्ने हामी नै थियौं, त्यतिबेला । एउटा भिडियो पनि थियो, ढुंगा हान्दा रोक्ने म एक्लै छु । त्यसको भिडियो पनि छ । ढुंगा हान्दा मेरो झगडा परेको छ । मलाई हात हालेको छ, त्यतिखेर । अनि, मैले आगो लगाउन दिन्छु होला ? त्यो मान्छेको रिस हो खासमा । कहाँ लगेर राख्ने त्यत्रोलाई ? कारागार अहिले नै ओभरलोडेड छ । सरकारले पाल्न सक्छ ? ठीकै छ, पोलिटिकल पार्टीका ठाउँहरू (कार्यालय) छन्, त्यसलाई नै जेल बनाइदिउँला । त्यहाँ लगेर राखिदिउँला । तर त्यहाँ पनि भरिन्छ । अनि कहाँ लगेर राख्नु ? उनीहरूको घरमा लगेर राख्न त मिल्दैन नि । पब्लिकको एंगरलाई हामीले रेस्पेक्ट गर्नुपर्दैन ? त्यसो भए चुनावमा त हामी हार्नुपर्ने हो नि । चुनावले त हामीलाई जस्टिफाइ गरेको छ नि । जनताको मतलाई लत्याउने ? त्यो त मिल्दैन ।

# मोरक्कोका आप्रवासीका कारण स्पेन र इटाली सम्बन्धमा तनाव

**स्पेनले इटालीबाट आउने हवाई तथा समुद्री यात्रुमाथि सीमा जाँचमा कडाइ, इटालीद्वारा स्पेनबाट आउने यात्रुमाथि यसअघि नै अतिरिक्त सीमा नियन्त्रण लागू**

**एजेन्सी** (म्याड्रिड)

सेउटामा मोरक्कोका आप्रवासीको चाप बढेपछि स्पेन र इटाली सम्बन्धमा तनाव देखिएको छ। स्पेनले इटालीबाट आउने हवाई तथा समुद्री यात्रुमाथि सीमा जाँचमा कडाइ गरेको छ। इटालीले यसअघि नै स्पेनबाट आउने यात्रुमाथि अतिरिक्त सीमा नियन्त्रण लागू गरिसकेको थियो।

स्पेनको नयाँ व्यवस्था मध्यरात (जीएमटीअनुसार राति १० बजे) देखि लागू भएको हो। यो सेप्टेम्बर ७ सम्म कायम रहने स्पेन सरकारले जनाएको छ। परिस्थितिमा परिवर्तन आएमा उक्त अवधि संशोधन गर्न सकिने पनि उसले जनाएको छ।

मोरक्कोबाट स्पेनको उत्तरी अफ्रिकी भूभाग सेउटामा ठूलो संख्यामा आप्रवासी प्रवेश गरेपछि इटालीले गत साता स्पेनबाट आउने यात्रुमाथि सीमा जाँच सुरु गरेको थियो। इटालीले कम्तीमा अगस्ट १५ सम्म यस्तो जाँच कायम राख्ने जनाएको छ। त्यस अवधिमा सेउटामा 'आप्रवासनको नयाँ लहर' आउन सक्ने इटालीका उच्च अधिकारीहरूको भनाइ छ।



स्पेनको सेउटा क्षेत्रको एक समुद्री तटमा मोरक्कोबाट प्रवेश गरेका आप्रवासीहरू खानाका लागि लाइनमा बस्दै। तस्बिर: एपी/रासस

स्पेनले भने इटालीलाई आइतबारसम्म सीमा जाँच फिर्ता लिन आग्रह गरेको थियो। तर इटालीले स्पेनको आग्रह अस्वीकार गर्दै आफूले कुनै पनि 'अल्टिमेटम' स्वीकार नगर्ने जनाएको छ। इटालीको स्पेनसँग स्थल सीमा जोडिएको छैन। सेउटामा प्रवेश गरेका आप्रवासी इटालीतर्फ जान सक्ने सम्भावना रोक्न शेंगेन क्षेत्रको सीमारहित आवागमन व्यवस्था अस्थायी रूपमा निलम्बन गरिएको इटाली सरकारले जनाएको छ।

म्याड्रिडले भने इटालीको निर्णय 'भ्रामक तर्क' मा आधारित रहेको बताएको छ। सेउटामा प्रवेश गरेका आप्रवासीसँग शेंगेन क्षेत्रमा प्रवेश गर्ने कुनै बाटो नरहेको स्पेनको दाबी छ।

स्पेनका समाजवादी प्रधानमन्त्री पेद्रो सान्चेज र इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीबीच पछिल्लो घटनाक्रमले तनाव बढाएको छ। मेलोनीले लामो समयदेखि युरोपेली संघ (ईयू) को आप्रवासन नीति थप कडा बनाउनुपर्ने बताउँदै आएकी छन्।

इटालीले तेस्रो मुलुकका नागरिकका हकमा स्पेनबाट आउने यात्रुमाथि अतिरिक्त जाँच गरिरहेको जनाएको छ। स्पेनी नागरिकलाई भने त्यस्तो जाँचबाट छुट दिइएको उसको भनाइ छ। इटालीका अधिकारीहरूले स्पेन तथा अन्य युरोपेली मुलुकबाट आउने यात्रुलाई सकेसम्म सहज हुने गरी जाँचको व्यवस्था गरिएको बताएका छन्।

तर 'एल पाइस' का अनुसार पछिल्ला दिनमा केही विमानस्थलका टर्मिनलमा लामो लाइन र प्रतीक्षाको अवस्था देखिएको छ। स्पेनबाट आउने यात्रुलाई अतिरिक्त जाँचका लागि छुट्टै लाइनमा राखिएको समाचारमा उल्लेख छ।

स्पेन सरकारले शुक्रबार घोषणा गरेको नयाँ व्यवस्थाअनुसार इटालीबाट आउने यात्रुको राहदानी, राष्ट्रियता र भिसा जाँच गरिनेछ। 'निरन्तर अनियमित आप्रवासनको दबाब' का कारण यस्तो कदम चाल्नुपरेको स्पेन सरकारको भनाइ छ।

# साउदी, टर्किए र पाकिस्तानबीच मक्कामा रक्षा सम्झौता



संयुक्त रक्षा सम्झौता हस्ताक्षर कार्यक्रममा बायाँबाट क्रमशः टर्किएका राष्ट्रपति रेचेप तय्यीप, साउदी युवराज मोहम्मद बिन सलमान र पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफ। तस्बिर: एपी/रासस

**एजेन्सी** (काठमाडौं)

साउदी अरब, टर्किए र पाकिस्तानले सामूहिक रक्षासम्बन्धी ऐतिहासिक सम्झौता गरेका छन्। साउदीको मक्कामा शुक्रबार भएको सम्झौताले तीन मुलुकबीच सैन्य सहकार्य, गुप्तचर सूचना आदानप्रदान र सामूहिक प्रतिरक्षा थप मजबुत बनाउने आधार तय गरेको छ।

साउदी युवराज मोहम्मद बिन सलमान, टर्किएका राष्ट्रपति रेचेप तय्यीप एर्दोआन र पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले सम्झौतामा हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार तीनमध्ये कुनै एक मुलुकमाथि सशस्त्र आक्रमण भए त्यसलाई सबै सदस्य मुलुकमाथिको आक्रमणका रूपमा लिइनेछ।

'मक्का संयुक्त रक्षा सम्झौता' नाम दिइएको यो सहमतिलाई मध्यपूर्वको बदलिँदो शक्ति सन्तुलनमा महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ। गत वर्ष साउदी अरब र पाकिस्तानबीच भएको पारस्परिक रक्षा सम्झौतालाई थप विस्तार गर्दै टर्किएलाई समेत समेटेर नयाँ गठबन्धन निर्माण गरिएको हो।

विश्लेषकहरूले यो सम्झौताले मध्यपूर्वमा नयाँ क्षेत्रीय सुरक्षा संरचनाको आधार बनाउन सक्ने बताएका छन्। इजरायल र इरानबीचको शक्ति प्रतिस्पर्धाबीच दुवैप्रति सतर्क रहने गरी साउदी, टर्किए र पाकिस्तानले छुट्टै शक्तिकेन्द्र निर्माण गर्न खोजेको उनीहरूको आकलन छ।

तर सम्झौताले तीन मुलुकलाई एकअर्काको रक्षाका लागि व्यवहारमै कति बाध्य पार्छ भन्ने स्पष्ट भइसकेको छैन। गठबन्धनलाई कुनै मुलुक वा शक्तिविरुद्ध लक्षित सैन्य समूहका रूपमा प्रस्तुत नगर्न हस्ताक्षरकर्ता देशहरू पनि सतर्क देखिएका छन्। 'एउटा सदस्य राष्ट्रमाथिको आक्रमणलाई सबैमाथिको आक्रमण मानिनुपर्ने भनिएको छ। तर 'मानिनुपर्ने' र 'अनिवार्य रूपमा' भन्ने विषयमा फरक छ,' किल्लोवेन ग्रुपका सल्लाहकार हर्लान उलम्यानले भनेका छन्।

तीनै मुलुकले पछिल्लो समय विभिन्न सुरक्षा चुनौती सामना गरिरहेका छन्। पाकिस्तान फेब्रुअरीदेखि अफगानिस्तानसँग सीमा तनावमा छ। उसले सन् २०२५ को मेमा भारतसँग पनि केही दिन सैन्य मुठभेड बेहोरेको थियो।

साउदी अरबले इरान र इरान समर्थित समूहबाट सुरक्षा चुनौती सामना गर्दै आएको छ। फेब्रुअरीको अन्त्यमा अमेरिका-इजरायल र इरानबीच युद्ध सुरु भएपछि साउदीमाथिको सुरक्षा जोखिम थप बढेको विश्लेषकहरूको भनाइ छ। टर्किए भने लामो समयदेखि कुर्द सशस्त्र समूहसँग संघर्षमा छ भने इजरायलसँगको सम्बन्धमा पनि तनाव बढेको छ। पाकिस्तानसँग युद्धको अनुभवले खारिएको सेना, ठूलो हतियार क्षमता र आणविक शक्ति छ। टर्किए नेटोको महत्त्वपूर्ण सदस्य हुनुका साथै ड्रोन प्रविधि र रक्षा उत्पादनमा अगाडि छ। साउदी अरबसँग भने ठूलो आर्थिक स्रोत छ।

अमेरिकाको सुरक्षा प्रतिबद्धतामाथि बढ्दो प्रश्नका बीच पनि यो सम्झौतालाई महत्त्वपूर्ण मानिएको छ। साउदी अरब र टर्किएले लामो समयदेखि अमेरिकालाई प्रमुख सुरक्षा साझेदारका रूपमा हेर्दै आएका छन्। तर राष्ट्रपति डोनल्ड ट्रम्पको नेतृत्वमा अमेरिकी

> **साउदीको मक्कामा शुक्रबार भएको सम्झौताले तीन मुलुकबीच सैन्य सहकार्य, गुप्तचर सूचना आदानप्रदान र सामूहिक प्रतिरक्षा थप मजबुत बनाउने**

विदेश नीति अनिश्चित बन्दै गएको भन्दै विभिन्न देशले वैकल्पिक सुरक्षा साझेदारी खोजिरहेका छन्।

विश्लेषकहरूका अनुसार मध्यपूर्वमा इजरायल अमेरिकाको प्रमुख प्राथमिकतामा रहँदा अन्य अमेरिकी सहयोगीको सुरक्षा प्रतिबद्धतामाथि समेत प्रश्न उठेको छ। 'ट्रम्प प्रशासनले सहयोगीहरूले आफ्नो सुरक्षा आफैं गर्नुपर्ने बताएको छ। त्यसैले हाम्रा सहयोगीहरू अन्य विकल्प खोजिरहेका छन्,' उलम्यानले भनेका छन्। इजरायल र इरानलाई क्षेत्रीय सुरक्षाका प्रमुख चुनौतीका रूपमा हेरिए पनि मक्का सम्झौतामा उनीहरूलाई लक्षित गरेर गठबन्धन निर्माण गरिएको उल्लेख छैन। यद्यपि विश्लेषकहरूका अनुसार तीन वटै मुलुकका लागि इजरायल प्रमुख सुरक्षा चुनौतीका रूपमा रहेको छ भने साउदी अरबका लागि इरान पनि महत्त्वपूर्ण सुरक्षा खतरा हो।

# बाल सुरक्षामा लापरबाही गरेको आरोपमा मेटालाई ५६ करोड ७० लाख डलर जरिवाना

**फैसलाविरुद्ध मेटा पुनरावेदनमा जाने, प्लाटफर्मलाई सुरक्षित राख्न आफूहरू प्रतिबद्ध रहेको र किशोरकिशोरीको सुरक्षाको सन्दर्भमा बलियो व्यवस्था गरिएको कम्पनीको दाबी**

वासिङ्टन डीसी (एजेन्सी)– फेसबुक, इन्स्टाग्रामजस्ता प्लाटफर्मले बालबालिकामाथि पुर्‍याउन सक्ने हानिबारे सार्वजनिक रूपमा कुनै जानकारी नदिएको भन्दै अमेरिकास्थित न्यु मेक्सिकोको अदालतले सामाजिक सञ्जाल प्लाटफर्म निर्माता मेटालाई थप ५६ करोड ७० लाख डलर जरिवाना तिर्न निर्देशन दिएको छ। बाल सुरक्षाका विषयमा कम्पनीलाई हालसम्मै ठूलो जरिवाना तोकिएको बीबीसीले उल्लेख गरेको छ।

पत्रकार काली हेजको रिपोर्टअनुसार आफ्ना प्लाटफर्मले बालबालिकामा पार्ने खतराबारे मेटाले सर्वसाधारणलाई सचेत नगराएको ठहर गर्दै अदालतले जरिवाना तोकेको हो। न्यायाधीश ब्रायन बिडसाइडले मेटालाई वायु प्रदूषण फैलाउने वस्तुसँग तुलना गरेका छन्। यसअघि सोही मुद्दामा मेटालाई ३७ करोड ५० लाख डलर जरिवाना तिर्न अदालतले आदेश दिएको थियो। यस मुद्दामा मेटाले कुल ९४ करोड २० लाख डलर जरिवाना तिर्नुपर्ने भएको छ।

जरिवानाको रकम बालबालिकालाई हुने हानि न्यूनीकरणका लागि स्थापना गरिने कोषमा जम्मा गर्न अदालतले आदेश दिएको छ। बालबालिकाको सुरक्षाका लागि कडा नियम पालना गर्न पनि अदालतले मेटालाई निर्देशन दिएको छ। अब न्यु मेक्सिकोमा कुनै पनि वयस्क प्रयोगकर्ताले १८ वर्षमुनिका बालबालिकालाई सिधै सन्देश पठाउन पाउने छैनन्। साथै, बालबालिकाको एकाउन्ट वयस्क प्रयोगकर्तालाई रिकमेन्ड गर्न प्रतिबन्ध लगाइएको छ।

अदालतको आदेशअनुसार मेटाले १८ वर्षमुनिका प्रयोगकर्ताको खातामा रियाक्सन वा 'लाइक' को संख्या देखाउन पाउने छैन। बालबालिकाका लागि राति १० बजेदेखि बिहान ७ बजेसम्म र विद्यालय समयमा बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म नोटिफिकेसन पठाउन पाइने छैन। साथै, इन्स्टाग्राम र फेसबुकमा बालबालिकाका लागि महिनाको बढीमा ९० घण्टा मात्र चलाउन पाउने अनिवार्य सीमा लागू गर्न आदेश दिइएको छ। मेटाले यो फैसलाप्रति असहमति जनाउँदै यसविरुद्ध पुनरावेदनमा जाने जनाएको छ। प्लाटफर्मलाई सुरक्षित राख्न आफूहरू प्रतिबद्ध रहेको र किशोरकिशोरीको सुरक्षाको सन्दर्भमा बलियो व्यवस्था गरिएको कम्पनीका प्रवक्ताले दाबी गरेका छन्।

यो मुद्दा सन् २०२३ बाट सुरु भएको हो। मेटाका प्लाटफर्मले बालबालिकालाई यौनजन्य सामग्री र यौन दुराचारीहरूको जोखिममा पारेको दाबी गर्दै न्यु मेक्सिकोका सरकारी वकिलले मुद्दा दायर गरेका थिए। मुद्दाको पहिलो चरणमा मेटाका अल्गोरिदमले नियोजित रूपमा बालबालिकालाई हानिकारक सामग्रीतर्फ धकेलेको र यसबाट न्यु मेक्सिकोको उपभोक्ता हित संरक्षणसम्बन्धी कानुन उल्लंघन भएको पाइएको थियो।

हाल अमेरिकाका विभिन्न राज्यमा मेटाले यस्तै प्रकारका दर्जनौं मुद्दा सामना गरिरहेको छ। अमेरिकाका करिब तीन दर्जन राज्यका महान्यायाधिवक्ताहरूले बालबालिकाको गोपनीयता कानुन उल्लंघन गरेको भन्दै मेटाविरुद्ध कानुनी लडाइँ थालेका छन्। विश्वभर नै बालबालिकामा सामाजिक सञ्जालको लत र मानसिक स्वास्थ्यमा परेको असरलाई लिएर बहस चलिरहेको छ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष**: मनमा भएको तनाव हटेर जानेछ। पारिवारिक मेलमिलाप हुनेछ। प्रायः सबै काम आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन्।

**वृष**: कतै निम्तालु बनी जानुपर्ने हुन सक्छ। तपाईंको मानसम्मानको राम्रो ख्याल गरिनेछ। कुनै कुरामा केही खर्च हुन सक्छ।

**मिथुन**: कतै पारिवारिक जमघट हुन सक्छ। समसामयिक कुरामा जोड दिइनेछ। व्यक्तिगत काममा पनि समय दिन भ्याइनेछ।

**कर्कट**: कुनै कुराले मनमा घत पर्न सक्छ। कसैको कुरालाई गम्भीर रूपमा नलिनुहोला। सकारात्मक सोचमा रहन सके मन शान्त रहला।

**सिंह**: कतै कुनै जमघटमा सहभागिता जनाउनुपर्ला। कुनै कुराको आकस्मिक लाभ हुनेछ। आर्थिक पक्ष सुदृढ रहनेछ।

**कन्या**: कतै पारिवारिक जमघट हुन सक्छ। कुनै कुराले मनमा प्रसन्नता दिलाउनेछ। समग्रमा दिन राम्रै रहनेछ।

**तुला**: कुनै कुराले गर्दा मनमा सामान्य तनाव हुन सक्छ। सकेसम्म समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। अत्यावश्यक कुरामा जोड दिने प्रयास हुनेछ।

**वृश्चिक**: मन दोमन बन्दा काममा अलमल हुन सक्छ। धैर्य र एकाग्र चित्त भई काम गर्नुपर्ने अवस्था छ। आफैंले आफ्नो अनुकूलता विचार्नुपर्नेछ।

**धनु**: कतै कुनै समारोहमा आबद्ध हुनुपर्ला। समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गरिनेछ। मिष्टान्न भोजनको योग रहेको छ।

**मकर**: मनमा भएको तनाव हटेर जानेछ। समयलाई आफू अनुकूल बनाउन खोजिनेछ। समग्रमा हेर्दा दिन राम्रै रहनेछ।

**कुम्भ**: कुनै कामको सिलसिलामा व्यस्त भइनेछ। कुनै कामविशेषले कतै जानुपर्ला। विभिन्न व्यक्तित्वसित भेट्ने मौका जुट्नेछ।

**मीन**: कुनै कुराले गर्दा काममा अलमल हुन सक्छ। खुरापाती व्यक्तिबाट तर्केर काम गर्नुपर्नेछ। आफ्नो सहजता विचारेर चल्नु नै बुद्धिमानी हुनेछ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

गोकर्ण सुन्ताखानमा १३फिटबाटो ३.५आना ९८४३६५७४७६

स्वयम्भूमा ३.५/८ आनामा घर ९८१८२५३०१२

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

**चाहियो**

प्यारेन्ट पोल्ट्रीफर्मलाई कामदार चाहियो ९८०१३५२०२५

रिसोर्टकोलागि अलराउण्डर कुक, क्यासियर ९८५१०५९२६९

सुरक्षा गार्ड २० तलब २५०००/- बानेश्वर ०१५२१८५४९ ९८४१४०१८८६

अफिसमै कर्मचारीहरूको तु-आवस्यकता १६०००/ ९८०३२७४२२७

अनुभवी वेटर-१, भांडामाझ्ने-१, बानियाटार, भत्केकोपुल ९८६१३९३६५५, ९८१८९२०२२१

डेलिभरिब्वाई आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको व्यवस्था ९८४००५७४२६

पोल्ट्री फार्मकोलागि दुईजोडी कामदार तलब: जोडीको-३०,०००।-, ९८५१०५७४०४

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www. nrnmatch.com, 9842981178

२०-६५, USA, Europe ज्वाई/बुहारी ९८५१३५२२१२

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५५३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८५४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९५०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६५५३५३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४५५६५२५३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४५२३०५, ९८४५५६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४५१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०५ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४५४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१५५७, ९८४१६२७४८५ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०५२६७४, ९८४१५७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८५२५३, ५७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४५२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ५६१७७४५१०५, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४५८३४५२, ४५८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३५५८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३५७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४५६६५४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११५५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७५७, ०१-५४३५५२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१५५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०५ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०५, ९८४५१५५३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

कान्तिपुर अर्थ वाणिज्य ekantipur.com

आइतबार, २४ साउन, २०८३ । Sunday, August 9, 2026

विदेशी मुद्रा

| | |
|---|---|
| अमेरिकी डलर | १५२.६४ |
| युरो | १७५.९६ |
| पाउन्ड स्टर्लिङ | २०५.१६ |
| अस्ट्रेलियन डलर | १०७.४६ |
| कतारी रियाल | ४१.८९ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,९६,९००

चाँदी रू. ४,५८०



# २६ वर्षदेखि बन्द हेटौंडा कपडा उद्योगमा चल्न थाल्यो लुम

## प्रारम्भिक परीक्षण उत्पादन सफल भएको उद्योग मन्त्रालयको दाबी



हेटौंडा कपडा उद्योगमा लुमका लागि तयार गरिएको धागो ।

**तस्बिर** : कान्तिपुर

**प्रताप विष्ट** (हेटौंडा)

साढे दुई दशकदेखि बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगको प्रारम्भिक परीक्षण उत्पादन सफल भएको छ । सरकारले नेपाली सेनालाई उद्योगको मर्मतसम्भार गरेर उत्पादन गर्ने जिम्मेवारी दिएपछि लुम (तान) सञ्चालन गरेर शनिबार प्रारम्भिक उत्पादन परीक्षण गरिएको हो ।

नेपाली सेनाको सैनिक सामग्री उत्पादन निर्देशनालय काठमाडौंले उद्योग परिसर सरसफाइ, मेसिनहरूको प्रारम्भिक मर्मत गर्नुका साथै उद्योगको लुम परीक्षण सञ्चालन गरेको हो । नेपाली सेनाको उत्पादन निर्देशनालयका करिब ४० जना प्राविधिक र विभिन्न दर्जाका सैनिक ४० दिनदेखि उद्योग सञ्चालनका लागि खटिएका छन् ।

'यो उद्योग सञ्चालनका लागि प्रारम्भिक परीक्षण मात्र हो, यो सफल भएको छ, यसपछि अरू काम गर्न बाँकी छ,' उत्पादन निर्देशनालयका एक सैनिक अधिकृतले भने, 'प्रारम्भिक उत्पादन परीक्षण सफल भएकाले उद्योग पुनः सञ्चालन ल्याउन सकिने सम्भावना बढेको छ ।'

हेटौंडा कपडा उद्योगको मर्मतसम्भार गरेर सञ्चालन गर्न नेपाली सेनालाई जिम्मेवारी दिएको उद्योग मन्त्रालयका सहसचिव रामबन्धु सुवेदीले बताए । 'दुई महिनाभित्र प्रारम्भिक उत्पादन परीक्षण गर्न समयावधि दिएको थियो, तोकिएको समयभित्रै परीक्षण उत्पादन सुरु भएको छ, प्रारम्भिक परीक्षण उत्पादन सफल भएकाले पूर्ण रूपमा उद्योग सञ्चालन गर्न सकिने संकेत मिलेको छ,' उनले भने ।

उद्योगमा पुराना मेसिन मर्मत गरी शनिबार सफल परीक्षण उत्पादन सुरु गरिएको प्रधानमन्त्री वालेन्द्र शाहका निजी सचिव प्रदीप परियारले जनाए । परियारका अनुसार नेपाली सेनाको नेतृत्वमा उद्योगभित्र रहेका पुराना मेसिन तथा तानको मर्मतसम्भार गरी परीक्षण उत्पादन सुरु गरिएको हो । लामो समयदेखि थन्किएका मेसिन सञ्चालनमा आएपछि उद्योग परिसरमा फेरि कपडा बुन्ने तानको 'खटखट' आवाज सुनिन थालेको परियारले उल्लेख गरेका छन् ।

'२६ वर्षदेखि थन्किएका मेसिन सञ्चालनमा आएर होला बिहानदेखि उद्योग परिसरमा फेरि कपडा बुन्ने तानको 'खटखट' आवाज सुनिएको छ,' कपडा उद्योगमा सुरक्षार्थ बसेकी सशस्त्र प्रहरी बलकी महिला प्रहरीले भनिन् ।

यसअघि उद्योग सञ्चालनसम्बन्धी अध्ययन कार्यदलले तत्काल परीक्षण उत्पादन गर्ने र त्यसको परिणामका आधारमा दीर्घकालीन रूपमा पूर्ण क्षमतामा सञ्चालन गर्ने खाका सरकारलाई बुझाएको थियो । उद्योगभित्रको विद्युत् प्रणाली मर्मतको कामसमेत गरिसकिएको छ । यसअघि सरकारले हेटौंडा कपडा उद्योगलाई चालु आर्थिक वर्षमै सञ्चालनमा ल्याउने तयारी गरेको बताएको थियो ।

रुग्ण उद्योगमध्ये हेटौंडा कपडा उद्योगलाई प्राथमिकतामा राखेर सञ्चालनमा ल्याउने र कपडा उद्योगसँगै बुटवल धागो कारखाना तथा कपास खेतीलाई समेत अघि बढाउने उद्योगमन्त्री गौरीकुमारी यादवले जनाएकी थिइन् । सरकारले १८ असारमा हेटौंडा कपडा उद्योग पुनः सञ्चालन गर्ने निर्णय गरेपछि परीक्षण उत्पादनको काम अघि बढेको हो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यसै वर्षभित्र उद्योग सञ्चालनमा ल्याउने गरी काम भइरहेको जनाएको छ । रुग्ण कपडा उद्योगलाई दीर्घकालीन रूपमा सञ्चालनमा ल्याउन ठूलो लगानीको खाका तयार पार्दै गर्दा तत्कालका लागि पुराना मेसिन मर्मत गरी प्रारम्भिक काम थाल्न ३३ लाख रुपैयाँ बजेट माग गरिएको थियो । मेसिन मर्मत गरी प्रारम्भिक काम सुरु गर्न ३० लाख रुपैयाँ उपलब्ध गराइएको सहसचिव सुवेदीले बताए ।

प्रारम्भिक उत्पादन परीक्षण सफल भए पनि दीर्घकालीन रूपमा भने उद्योगलाई व्यवस्थित बनाउन नयाँ मेसिनरी खरिद गर्नुपर्ने र ठूलै सुधार गर्नुपर्ने नेपाली सेनाका प्राविधिकको आकलन छ । रुग्ण उद्योग सञ्चालनको मोडालिटीबारे अध्ययन गर्न गठित कार्यदलले पनि आफ्नो प्रतिवेदन पेस गरिसकेको छ । सरकारको 'एक सयदिने कार्यसूची' अन्तर्गत रुग्ण उद्योग सञ्चालनमा हेटौंडा कपडा उद्योग पनि थियो ।

३ असारमा प्रतिनिधिसभामा उद्योग मन्त्रालयको बजेटमाथि उठेका प्रश्नहरूको जवाफ दिने क्रममा मन्त्री यादवले भनेकी थिइन्, 'रुग्ण उद्योगका रूपमा रहेका हेटौंडा कपडा उद्योग यही वर्ष सञ्चालनमा आउँछ । सरकारी स्वामित्वका उद्योगलाई पुनः चलायमान बनाउने सरकारको नीतिअनुसार हेटौंडा कपडा उद्योगलाई पहिलो प्राथमिकतामा राखिएको छ ।'

सेनाको प्राविधिक सहयोगमा उद्योग ब्युँताउने प्रक्रिया अघि बढेको उद्योग मन्त्रालयका सहसचिव सुवेदीले बताए । 'वर्षौंदेखि खारेजीको सूचीमा रहेको हेटौंडा कपडा उद्योगलाई पुनर्जीवित गराउन मन्त्रालयले नेपाली सेनाको सैनिक सामग्री उत्पादन निर्देशनालयसँग रणनीतिक सहकार्य सुरु गरेको छ,' उनले भने । यो उद्योग सञ्चालनमा आउँदा नेपाल कपडा उत्पादनमा आत्मनिर्भर बन्ने दिशामा सकारात्मक टेवा पुग्ने अपेक्षा छ ।

### सेनाको विस्तृत प्रतिवेदन

सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा बन्द अवस्थामा रहेका उद्योग पुनः सञ्चालन गर्ने व्यवस्था गरिएबमोजिम नेपाली सेनाले उद्योग पुनः सञ्चालनसम्बन्धी विस्तृत सम्भाव्यता अध्ययन गरेको थियो ।

प्रतिवेदनले यो कपडा उद्योग पुनः सञ्चालनका लागि प्रारम्भिक रूपमा १ अर्ब ९३ करोड रुपैयाँ लागत लाग्ने र वार्षिक सञ्चालन खर्च ७८ करोड रुपैयाँ लाग्ने अनुमान गरेको छ । **बाँकी पृष्ठ ८**

## १३५ वटा सरकारी इमेल 'कम्प्रोमाइज्ड'

# सरकारी अधिकारीकै नाममा भ्रामक इमेलको बिगबिगी




**सजना बराल** (काठमाडौं)

सरकारी इमेलहरूको सुरक्षा अवस्था र सम्भावित डेटा चोरीको निगरानी गर्ने चर्चित वेब पोर्टल 'ह्याभ आई बिन पन्ड' को सदस्यका रूपमा नेपाल पनि आबद्ध भएको छ । राष्ट्रिय साइबर सुरक्षा केन्द्रका अनुसार यस्तो आबद्धता जनाउने नेपाल विश्वको ४७ औं सरकारी निकाय हो । यो प्रणालीको प्रयोगपछि सरकारका विभिन्न निकायले प्रयोग गर्ने इमेल कुन समयमा र कहाँ 'कम्प्रोमाइज्ड' भएका छन् भन्ने विवरण प्राप्त हुन्छ ।

यस पोर्टलमा आबद्ध भएसँगै सरकारी इमेलहरूको सुरक्षा जाँच सुरु भइसकेको साइबर सुरक्षा केन्द्रले जनाएको छ । प्रारम्भिक अध्ययनका क्रममा 'नेपाल डट जीओभी डट एनपी' डोमेन प्रयोग भएका १ सय ३५ वटा इमेल ठेगाना विभिन्न समयमा डेटा ब्रिच वा चोरीमा परेको तथ्य फेला परेको केन्द्रको भनाइ छ । यसरी इमेलहरू लिक हुनु सरकारी गोपनीयता र सुरक्षाका लागि चुनौती भएको साइबर सुरक्षा विज्ञ मोना न्याछों बताउँछिन् ।

सरकारी इमेलहरू 'ब्रिच' भएको विषयलाई यसको प्रकृतिका आधारमा वर्गीकरण गरेर बुझ्नुपर्ने उनको भनाइ छ । 'इमेल ठेगाना मात्रै सार्वजनिक रूपमा थाहा भएको हो भने त्यसलाई कम जोखिम मान्न सकिन्छ, यसले गर्दा अनावश्यक वा स्प्याम इमेलहरू आउन सक्छन्,' उनले भनिन्, 'तर, इमेलका साथै पासवर्ड र व्यक्तिगत विवरण (पीआईआई) समेत लिक भएको अवस्था हो भने निकै खतरनाक हुन्छ । यस्तोमा सम्बन्धित व्यक्तिको मोबाइल नम्बर, नागरिकता वा पासपोर्ट नम्बर जस्ता गोप्य जानकारी गलत व्यक्तिको हातमा पुग्ने जोखिम रहन्छ ।'

> प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयका कर्मचारीले प्रयोग गर्ने इमेल विभिन्न समयमा कम्प्रोमाइज्ड

इमेल र पासवर्ड दुवै चोरी भएको अवस्थामा तुरुन्तै पासवर्ड परिवर्तन गर्न र सुरक्षाका थप उपाय अपनाउन मोनाले सुझाएकी छन् । कर्मचारीहरूले जानेर वा अन्जानमै विभिन्न असुरक्षित वेबसाइटमा सरकारी इमेल प्रयोग गरेर अकाउन्ट खोल्ने वा 'सब्सक्राइब' गर्ने गरेका कारण यस्ता विवरण बाहिरिने गरेको उनको भनाइ छ ।

कुनै कमजोर वेबसाइट ह्याक हुँदा त्यहाँ प्रयोग गरिएको सरकारी इमेल र पासवर्ड पनि सँगै बाहिरिने भएकाले यसलाई सधैं सरकारी प्रणालीकै कमजोरीका रूपमा मात्र हेर्न नहुने उनले बताइन् । यद्यपि 'ह्याभ आई बिन पन्ड' जस्ता पोर्टलमा विवरण देखिएपछि त्यसलाई बेवास्ता नगरी साइबर सुरक्षा केन्द्रले सम्बन्धित निकाय र व्यक्तिलाई तत्काल जानकारी गराउनुपर्ने उनले जनाइन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयका कर्मचारीहरूले प्रयोग गर्ने इमेल ठेगाना विभिन्न समयमा कम्प्रोमाइज्ड भएको विवरण केन्द्रले प्राप्त गरेको छ । यस विषयमा सम्बन्धित निकायहरूलाई जानकारी गराएर सुरक्षित बनाउन पहल गरिने केन्द्रका निर्देशक राजकुमार महर्जनले बताए । **बाँकी पृष्ठ ८**



तस्बिर : दिपेश दर्शनधारी/कान्तिपुर

**शिलशिला आचार्य**

वातावरणविद् एवं सामाजिक अभियन्ता

# फोहोरबाट मोहर बनाउने सिलसिला

**यज्ञ बञ्जाडे र भूमीश्वर पौडेल** (काठमाडौं)

एमबीबीएस पढ्न पूर्ण छात्रवृत्ति पाउनु आफैंमा ठूलो उपलब्धि थियो । आफन्त र साथीभाइबाट बधाईको ओइरो लागिरहेको थियो । घरपरिवारका लागि पनि छोरीले डाक्टर बन्ने बाटो समातेको खबर गर्वको विषय थियो । तर शिलशिला आचार्यलाई भने त्यही खबरले खुसी बनाउन सकेन ।

शिलशिलाको मन भने वातावरण विज्ञानतिर थियो ।

पढाइमा अब्बल शिलशिलालाई सानैदेखि विज्ञानका विषय मन पर्थे । त्यसमा पनि वातावरण विज्ञानप्रति उनको विशेष रुचि थियो । तर घरपरिवारको चाहना थियो, छोरी डाक्टर बनोस् । त्यही चाहनाअनुसार शिलशिलाले एमबीबीएस पढ्न छात्रवृत्तिको परीक्षा दिइन्, पढ्न पूर्ण छात्रवृत्ति पनि पाइन् । तर शिलशिलाका लागि त्यो अवसर एउटा प्रश्न बनेर उभियो– 'घरले भनेको मान्ने कि आफ्नै मनको सुन्ने ?'

उनले दोस्रो बाटो रोजिन् ।

एमबीबीएसको पूर्ण छात्रवृत्ति छाडेर उनले काठमाडौं विश्वविद्यालयमा वातावरण विज्ञान पढ्ने निर्णय गरिन् । निर्णय सजिलो थिएन । एमबीबीएस छात्रवृत्ति छाडेर महँगो शुल्क तिरेर आफूले चाहेको विषय पढ्ने कुरा परिवारका लागि पनि सहज थिएन । सुरुमा बुबाले उनका निर्णयमा आपत्ति जनाए । तर शिलशिलाले आफ्नो अडान छाडिनन् ।

'यसपालि चार वर्ष मेरो खर्च थेगिदिनुस्, त्यसपछि पैसा माग्दिनँ,' उनले बुबालाई भनिन् ।

आमाले भने छोरीको मन बुझिन् । तिमीलाई मन लागेको कुरा गर भन्दै उनले शिलशिलालाई आफ्नै निर्णय लिन छाडिदिइन् । अन्ततः बुबाले पनि छोरीको इच्छालाई स्विकारे । त्यो निर्णयमा जोखिम थियो, तर शिलशिलालाई आफ्नो बाटोप्रति विश्वास थियो ।

स्कुले जीवनमा शिलशिला सधैं प्रथम हुन्थिन् । एसएलसीपछि उनले काठमाडौंको एनआईसी कलेजबाट विज्ञान संकायमा प्लस टु पूरा गरिन् । काठमाडौं आएपछि भने प्रतिस्पर्धाको संसार फरक थियो । यहा" सबै टपर थिए, सबै ट्यालेन्ट थिए । उनले नयाँ किसिमको प्रतिस्पर्धा महसुस गरिन् ।

डाक्टर बन्ने तयारी चलिरहेको थियो, तर भित्र कतै डाक्टर बन्ने इच्छा थिएन । डाक्टर बनेर पनि आफू सन्तुष्ट हुन सक्छु भन्ने उनलाई लागेको थिएन । जब भित्रैदेखि कुनै काम गर्ने इच्छा छैन भने त्यसमा राम्रो कसरी गर्न सकिएला ? यी प्रश्नले उनलाई बिस्तारै एउटै निष्कर्षतिर पुऱ्याए– 'दिस इज नट फर मी ।'

त्यसैबीच उनले वातावरण विज्ञानबारे थप जानकारी लिइन् । एमबीबीएसको तयारी गरिरहँदा उनी त्रिचन्द्र कलेजमा बीएससीका कक्षा लिनसमेत गइन् । त्यसपछि एमबीबीएसको परीक्षा दिइन् । त्यसै वर्ष उनले अर्को निर्णय पनि गरिन्– डाक्टर बन्नकै लागि अब अर्को वर्ष गुमाउनेछैन ।

अनि काठमाडौं विश्वविद्यालयमा वातावरण विज्ञान पढ्न फाराम भरिन् । दुवैतिर नाम निस्कियो । तर उनले वातावरण विज्ञान रोजिन् । शिक्षकहरू नै सोध्थे, 'वातावरण विज्ञानमा पनि कहीँ स्कोप के छ र ? तिमीले के गर्न लागेकी ? डाक्टर छाडेर ठीक गरिनौ कि !'

तर शिलशिलाको विश्वास बदलिएको थिएन । उनले आफ्नो बाटो रोजिसकेकी थिइन् । 'बरु म एक्लै हुन्छु, तर बातावरण को फिल्डमा काम गर्छु र यो छेत्र मार्फत धेरै योगदान गर्न सक्छु,' उनमा दृढता पलाइसकेको थियो ।

त्यसपछि शिलशिलाले पछाडि फर्केर हेरिनन् । प्लस टु तहमा मात्र होइन, स्नातक तहमा पनि टप गरिन् । तत्कालीन राष्ट्रपति रामवरण यादवबाट पदकसमेत पाइन् । बिस्तारै घर, परिवार र नातागोताले पनि उनलाई सकारात्मक रूपमा हेर्न थाले ।

स्नातकपछि उनको यात्रा अझ फराकिलो भयो । वातावरण विज्ञानमै स्नातकोत्तर पढ्न उनले त्रिभुवन विश्वविद्यालय र नर्वेजियन सरकारको संयुक्त छात्रवृत्ति पाइन् । त्यसमा नेपाल र नर्वेमा पढ्नुपर्ने र एक वर्ष नेपालमै थेसिस गर्नुपर्ने थियो ।

सन् २०११ मा शिलशिलाले स्नातकोत्तर तहको अध्ययन सकिन् । नेपाल र नर्वेमा अध्ययन गर्दा सबै सेमेस्टर टप गरिन् । पढाइ सकिएपछि उनको ध्यान वातावरणको कामतिरै फर्कियो । सन् २०११ को जुन-जुलाईतिर नेपालमा सडक अभियान चलिरहेका थिए । उनी त्यस्ता विभिन्न अभियानमा सहभागी भइन्, राजनीतिमा भने कहिल्यै लागिनन् ।

पुलहरू सफा गर्ने, पेन्टिङ गर्ने जस्ता काममा पनि शिलशिला अभियानकै रूपमा सहभागी हुन्थिन् । उनको चासो भने एउटै थियो– हरियाली । हरियाली शिलशिलाको दिमागमा बसिसकेको थियो । भरखरै तीनकुनेदेखि सल्लाघारीसम्मको बाटो चार लेनको बनेको थियो । सडकको बीचमा खाली ठाउँ थियो । त्यहाँ रुख रोप्नुपर्छ भन्ने अभियानमा उनी लागिन् । उनको समूहले केही रूख रोप्यो पनि ।

यस्तै अभियानमा सहभागी हुँदै उनले 'भक्तपुर ग्रिन हाइवे मुभमेन्ट' सुरु गरिन् । समूह बनाइयो । काम सुरु गर्ने योजना बन्यो । फेसबुकमा तीन-चार सय जनाको समूह बनाइयो । पैसा उठाउन थालियो ।

पहिलो चरणमा तीनकुनेमा नमुना काम गर्ने र त्यसपछि पूरै ९ किलोमिटरमा यसलाई विस्तार गर्ने योजना थियो । तर त्यही क्रममा अर्को महत्त्वपूर्ण अनुभव भयो, व्यक्तिगत रूपमा पैसा उठाउन सजिलो भए पनि सुरुवातभन्दा त्यसको मर्मतसम्भारमा बढी पैसा लाग्दो रहेछ । यस्तो कामका लागि व्यक्तिगत खातामा पैसा उठाएर मात्र हुँदैन रहेछ, संस्थाको खाता चाहिने रहेछ ।

त्यसपछि उनी 'हिमालयन क्लाइमेट इनिसिएटिभ'सँग जोडिइन् । संस्थाको प्लेटफर्म प्रयोग गर्ने तर काम भने उनी आफूले चाहेको गर्ने सहमति भयो । लगत्तै 'हाम्री बहिनी' सामाजिक उद्यमको डिजाइन गर्न थालिन् । सामाजिक कामसँग नजोडी नेपालमा वातावरणबारे बुझाउन नसकिने उनलाई महसुस भयो । त्यसैले कामको डिजाइनमै सामाजिक पक्ष जोडिन थाल्यो । अनुदान मात्र लिएर संस्था टिक्दैन, व्यवसायबाट आम्दानी पनि गर्नुपर्छ भन्ने सोच पनि त्यही क्रममा विकास भयो ।

सन् २०११ देखि २०२१ सम्म उनले 'हिमालयन क्लाइमेट इनिसिएटिभ'सँग आबद्ध भएर सामाजिक उद्यम गरिन् । सुरुमा 'हाम्री बहिनी'मार्फत कटन ब्याग बनाउने काम गरिन् । ती झोला भाटभटेनीलगायत सबै ठुला सपिङ कम्प्लेक्समा बिक्री हुन्थे । यसबाट एकातिर धेरै दिदीबहिनीले काम पाए, अर्कोतिर प्लास्टिकको प्रयोग घटाउन सहयोग पुग्यो । त्यहाँबाट काम सिकेका धेरै दिदीबहिनीले अहिले पनि यही काम गरिरहेका छन् । रोजगारी सिर्जनाको यस यात्रामा माइती नेपालबाट उद्धार गरिएका दिदीबहिनी पनि जोडिए । त्यति बेलासम्म माइती नेपालले २० हजारभन्दा बढीलाई उद्धार गरिसकेको भए पनि ७० जनालाई मात्र जागिर लगाएको रहेछ ।

शिलशिलाले महिलालाई घरेलु कामको आधारभूत हरित तालिम दिने र काम खोजिदिने नेपालमै पहिलो घरेलु रोजगारी सेवासँग जोड्ने अनलाइन प्लेटफर्म सुरु गरिन् । यसबाट पनि १३/१४ सय दिदीबहिनीले रोजगारी पाए । पहिलो पटक आफूले सुरुवात गरेको त्यही उद्यममा तालिम पाएका युवाले अहिले अरूलाई तालिम दिने र जागिर खोजिदिने उद्यम गरिरहेको गर्ने शिलशिला बताउँछिन् ।

तर बिस्तारै आफ्नो उद्यम गर्ने सोचअनुसार सन् २०१९ देखि नै शिलशिलाले आफ्नै कम्पनी 'अभ्नी भेन्चर्स' सुरु गरिसकेकी थिइन् । अभ्नी भेन्चर्सलाई प्रकृति वातावरणसँग सम्बन्धित काम गर्न पाउने गरी विधान बनाइएको थियो । वातावरणसँग सम्बन्धित विभिन्न काममा कम्पनी संलग्न हुँदै आएको छ । यसको कामको मुख्य पाटो फोहोर व्यवस्थापन हो ।

अभ्नी भेन्चर्सले पहिले फोहोरमा रहेका प्लास्टिकका बोतल छुट्याउने काम गऱ्यो । नेपालमा पहिलो पटक फोहोरबाट रिसाइकल हुन नसक्ने चाउचाउका खोल, प्लास्टिकका बोराका प्लास्टिक छुट्याएर सिमेन्ट उद्योगहरूलाई कोइलाको विकल्पका रूपमा बिक्री गर्ने काम सुरुवात यसले गऱ्यो । यो कम्पनीले अहिले नेपालभर गरिरहेको छ ।

अहिले शिलशिलाको संस्थामा ४०-५० जनाले प्रत्यक्ष रोजगारी र तीनदेखि चार सयले अप्रत्यक्ष रोजगारी पाएका छन् । उक्त संस्थाले नेपाल सरकार लाइ प्लास्टिक फोहोर व्यवस्थापनसम्बन्धी राष्ट्रिय अनुसन्धान गरी नीतिनियम बनाउने काम सम्पन्न गरी स्थानिय सरकारलाई पनि प्राविधिक सहयोग गरिरहेको छ । कर्पोरेट संस्थालाई पनि फोहोर व्यवस्थापन र अन्य वातावरणीय सेवा दिइरहेको छ ।

नाफामुलक कम्पनीसँगै सिलसिलाले गैरनाफामूलक संस्था 'अभ्नी दिगोपना केन्द्र' पनि सुरु गरेकी छन् । यो संस्थाले रैथाने ज्ञानको संरक्षण, दिगो नीति निर्माणलगायत काममा युवालाई जोड्छ ।

शिलशिलाका लागि वातावरण कुनै एउटा विषयमा सीमित छैन । उनी भन्छिन्, 'यो रोजगारीसँग जोडिन्छ, महिलाको आत्मनिर्भरतासँग जोडिन्छ, उद्यमसँग जोडिन्छ र अन्ततः मानिसको जीवनसँग जोडिन्छ ।'

प्लस टु पढ्दादेखिका प्रेमीलाई अमेरिकाबाट नेपाल फिर्ता बोलाई शिलशिलाले विवाहमा परिणत गरिन् । अहिले उनकी एउटी छोरी छन् । श्रीमान् सुशील खड्का इन्जिनियर एवं अर्थविद् हुन् । उनी राजनीतिमा सक्रिय छन् । रास्वपाबाट बागलुङ-१ बाट प्रत्यक्ष निर्वाचन जितेका हुन् ।

शिलशिलाको आफ्नै यात्रा भने वातावरण, उद्यम र सामाजिक कामको संगममा अघि बढिरहेको छ । उनको कामले विस्तारै देशबाहिर पनि पहिचान बनाइसकेको छ । सन् २०२४ मा उनी बीबीसीको 'विश्वका १०० महिला' सूचीमा परेकी थिइन् ।

कुनै बेला डाक्टर बन्ने कि आफ्नो मनको कुरा सुन्ने भन्ने दोधारमा उभिएकी एउटी किशोरीका लागि त्यो यात्रा असामान्य थियो । एमबीबीएसको पूर्ण छात्रवृत्तिको बाटो त्यागेर उनले रोजेको वातावरण विज्ञान सुरुमा परिवारका लागि एउटा अनौठो निर्णय थियो । आफ्ना शिक्षकहरूका लागि पनि प्रश्न थियो– 'यसको स्कोप के छ ?'

तर शिलशिलाले त्यस प्रश्नको उत्तर भाषणबाट दिइनन् । कामबाट दिइन् । रुख रोपेर, सडक हरियो बनाएर, फोहोरबाट प्लास्टिक छुट्याएर, महिलालाई तालिम दिएर, रोजगारी सिर्जना गरेर । कुनै बेला परिवारले उनलाई डाक्टर भएको हेर्न चाहेको थियो । उनले डाक्टरको सेतो कोट रोजिनन् । बरु हरियालीको रङ रोजिन् ।

आज शिलशिलाको वरिपरि त्यही हरियो रङका धेरै कथा छन्– रोजगारी पाएका दिदीबहिनीका कथा, फोहोरबाट मूल्य निकाल्ने उद्यमका कथा, सडकको बीचमा रोपिएका रुखका कथा र सबैभन्दा माथि आफ्नै मनको आवाज सुनेर हिंड्न सक्ने एउटा निर्णयको कथा ।

**युवा उद्यमी**

> आज शिलशिलाको वरिपरि हरियो रङका धेरै कथा छन्– रोजगारी पाएका दिदीबहिनीका कथा, फोहोरबाट मूल्य निकाल्ने उद्यमका कथा, सडकको बीचमा रोपिएका रूखका कथा र आफ्नै मनको आवाज सुनेर हिंड्न सक्ने एउटा निर्णयको कथा

# फाइभ-जी सेवा सञ्चालन कार्ययोजना बुझाउन सेवा प्रदायकलाई प्राधिकरणको निर्देशन

**कान्तिपुर संवाददाता** (काठमाडौं)



नेपाल दूरसञ्चार प्राधिकरणले फाइभ-जी मोबाइल सेवा सुरु गर्ने तयारी अघि बढाउन मोबाइल सेवा प्रदायक कम्पनीहरूलाई चरणबद्ध कार्ययोजना तयार गरी पेस गर्न निर्देशन दिएको छ । देशभर फोर-जी सेवा विस्तार र गुणस्तर सुधारलाई प्राथमिकतामा राख्दै प्राधिकरणले मोबाइल सेवाको समग्र स्तर उकास्न आठबुँदे निर्देशन जारी गरेको हो ।

प्राधिकरणले शुक्रबार जारी गरेको विज्ञप्तिअनुसार दूरसञ्चार ऐन, २०५३ को दफा १५ बमोजिम नेपाल टेलिकम र एनसेलसहितका मोबाइल सेवा प्रदायकलाई सेवा गुणस्तर, नियामकीय अनुपालन, उपभोक्ता हित संरक्षण तथा नयाँ प्रविधिको विस्तारका विषयमा आवश्यक निर्देशन दिइएको हो ।

प्राधिकरणले प्रमुख सहरी क्षेत्रबाट फाइभ-जी सेवा सुरु गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना तयार गरी प्राधिकरणमा पेस गर्न निर्देशन दिएको छ । साथै देशभर फोर-जी सेवाको पहुँच विस्तार गर्दै यसको गुणस्तर अभिवृद्धि गर्न पनि जोड दिइएको छ । यसले नेपालमा उच्च गतिको मोबाइल इन्टरनेट सेवा विस्तार तथा नयाँ पुस्ताको दूरसञ्चार प्रविधि कार्यान्वयनको प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको प्राधिकरणले बताएको छ ।

मोबाइल सेवाको गुणस्तर सुधारलाई केन्द्रमा राख्दै प्राधिकरणले नेटवर्कको विश्वसनीयता, डेटा गतिको स्तर तथा ग्राहक अनुभव सुधार गर्न निर्देशन दिएको छ । सेवा प्रदायकहरूले प्राधिकरणले निर्धारण गरेका प्रमुख कार्यसम्पादन सूचक (केपीआई) पूरा भए नभएको सम्बन्धी प्रतिवेदन नियमित रूपमा पेस गर्नुपर्नेछ । साथै नेटवर्कको अवस्था, सेवा अवरोध, डेटा गति तथा ग्राहक सन्तुष्टिसम्बन्धी विवरण पनि नियमित रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

उपभोक्ता सेवामा सुधार गर्न ग्राहक सहायता प्रणालीलाई प्रविधिमैत्री बनाउन पनि प्राधिकरणले निर्देशन दिएको छ । सेवा प्रदायकहरूले उपभोक्ता बडापत्र प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, चौबीसै घण्टा गुनासो सुनुवाइका लागि कृत्रिम बुद्धिमत्ता (एआई) सहितका आधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने तथा ग्राहक सन्तुष्टि सर्वेक्षण नियमित सञ्चालन गरी त्यसका आधारमा सुधारात्मक कदम चाल्नुपर्ने उल्लेख गरिएको छ ।

मोबाइल सेवा नपुगेका वा गुणस्तरीय सेवा उपलब्ध नभएका क्षेत्रमा प्राथमिकताका आधारमा नेटवर्क विस्तार गर्न पनि निर्देशन दिइएको छ । विशेषगरी औद्योगिक क्षेत्र, व्यापारिक केन्द्र तथा मुख्य शहरी क्षेत्रमा उच्च गतिको मोबाइल ब्रोडब्यान्ड सेवा विस्तार गर्न भनिएको छ । साथै सेवा पुगेका स्थानको विवरण नेपालको नक्सामा समावेश गरी कम्तीमा प्रत्येक तीन महिनामा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

बजारको माग, प्रविधिगत विकास र उपभोक्ताको आवश्यकताअनुसार सेवाका शुल्कको नियमित समीक्षा गरी आवश्यक प्रस्ताव प्राधिकरणमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । यी निर्देशनको प्रभावकारी कार्यान्वयनबाट मोबाइल सेवाको गुणस्तर सुधार, फोरजी तथा आगामी फाइभजी सेवाको विस्तार, उपभोक्ता अधिकार संरक्षण र दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको प्रयोगले गति लिने अपेक्षा गरिएको छ । दूरसञ्चार क्षेत्रलाई थप प्रतिस्पर्धी, उत्तरदायी र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ नियामकीय व्यवस्था थप प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ ।

# २६ वर्षदेखि बन्द हेटौंडा...

उद्योग पुनः सञ्चालनमा आएको ९ वर्षपछि लागत प्रतिस्थापन गरी नाफामा जान सक्ने कार्यदलको निष्कर्ष छ । अध्ययनअनुसार उद्योगका विद्यमान केही संरचना र मेसिन मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन सकिने अवस्थामा छन् । उद्योगको स्वामित्वमा १ सय ६६ रोपनी जग्गा र आवश्यक न्यूनतम पूर्वाधार विद्यमान छन् ।

उद्योग सञ्चालनका लागि आवश्यक अधिकांश कच्चापदार्थ देशभित्रै उपलब्ध हुने तथा नेपाली सेनालगायत सरकारी कर्मचारीका लागि लत्ताकपडाको माग यहींबाट परिपूर्ति हुने भएकाले बजारको कुनै समस्या नहुने प्रतिवेदनमा उल्लेख छ । यसका लागि आवश्यक बजेट नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा पर्याप्त रहेको बताइएको छ ।

सेनाले उद्योग पुनः सञ्चालनका लागि तीनवर्षे कार्यतालिकासहितको मोडालिटी प्रस्ताव गरेको थियो । यसअनुसार आर्थिक वर्ष २०८०/०८१ मा नीतिगत निर्णय गरी उद्योग नेपाली सेनालाई हस्तान्तरण गर्ने, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गर्ने तथा नयाँ मेसिनरी सामानको छनोट र खरिद सम्पन्न गर्ने, २०८१/०८२ मा पूर्वाधार निर्माण र मेसिन उपकरण खरिद सम्पन्न गरी परीक्षण उत्पादन सुरु गर्ने र २०८२/०८३ मा मेसिनहरू थप गरी क्षमता विस्तार गर्ने तथा बुटवल धागो उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थको व्यवस्थापनसहित नियमित उत्पादन सुरु गर्ने उल्लेख थियो । तर राजनीतिक परिवर्तनलगायत विविध कारण उक्त मोडालिटीअनुसार काम अघि बढ्न सकेको थिएन ।

**यस्तो छ इतिहास**

चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोग र नेपाल सरकारको लगानीमा २०३२ सालमा हेटौंडा कपडा उद्योग स्थापना भएको थियो । यसले २०३५ सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो । राजनीतिक हस्तक्षेप, फितलो व्यवस्थापन र बढ्दो आर्थिक दायित्वका कारण २०५६ सालदेखि उत्पादन बन्द भएको यो उद्योग २०५७ सालदेखि पूर्ण रूपमा बन्द हुन पुगेको थियो ।

२०५९ सालमा तत्कालीन सरकारले उक्त उद्योग पूर्ण रूपमा बन्द गर्ने औपचारिक निर्णय गरेको थियो । विगतमा बजार व्यवस्थापन हुन नसक्नु, प्रविधिको समयसापेक्ष आधुनिकीकरण नगरिनु, लोडसेडिङको समस्या, आवश्यकताभन्दा धेरै जनशक्ति हुँदा परेको आर्थिक भार र कमजोर व्यवस्थापकीय क्षमताका कारण यो ऐतिहासिक उद्योग धराशायी बन्न पुगेको थियो ।


हार्दिक श्रद्धाञ्जली



जन्मः
१९९७/०५/२५ गते

स्वर्गारोहण
२०८३/०३/१२ गते

स्व. लक्ष्मी कुमारी महर्जन

यस सहकारी संस्थाका सञ्चालक समिति सदस्य श्री हिराकाजी महर्जन र शेयर सदस्य श्री लक्ष्मण महर्जनको ममतामयी आमा **श्री लक्ष्मी कुमारी महर्जन** स्वर्गारोण हुनुभएको आज ४५ औं दिनको पुण्यतिथिमा वहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**जगत श्री**
वचत तथा ऋण सहकारी संस्था लि.
गोदावरी न.पा.-१२, ठेचो, ललितपुर


## अर्थ संक्षेप

### श्रेष्ठलाई भियतनामको 'आउटस्ट्यान्डिङ अवार्ड'




काठमाडौं (कास)- नेपालका लागि भियतनामका अवैतनिक महावाणिज्यदूत राजेशकाजी श्रेष्ठलाई भियतनामको परराष्ट्र मन्त्रालयले प्रमाणपत्रसहित प्रतिष्ठित 'आउटस्ट्यान्डिङ अवार्ड' प्रदान गर्दै सम्मानित गरेको छ । नेपाल-भियतनामबीचको व्यापारिक, पर्यटन तथा सांस्कृतिक सम्बन्धलाई सुदृढ र थप उचाइमा पुऱ्याउन सेतुका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै नेपालस्थित भियतनामी नागरिक तथा व्यवसायीलाई आवश्यक सहजीकरण प्रदान गर्दै द्विपक्षीय सहयोग अभिवृद्धिमा पुऱ्याएको उल्लेखनीय योगदानको उच्च मूल्यांकन गर्दै भियतनामको परराष्ट्र मन्त्रालयले उनलाई 'भियतनामको वैदेशिक सेवामा योगदान' अन्तर्गत सम्मान प्रदान गरेको हो । श्रेष्ठले भियतनामको कूटनीतिक क्षेत्रको विकास, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा वैदेशिक सेवाको सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै भियतनामको परराष्ट्र मन्त्रालयले श्रेष्ठको योगदानको प्रशंसा गरेको छ । यस सम्मानका लागि भियतनाम सरकार, परराष्ट्र मन्त्रालय, नयाँदिल्लीस्थित भियतनाम दूतावास तथा सम्पूर्ण सम्बद्ध निकायप्रति अवैतनिक महावाणिज्यदूत श्रेष्ठले आभार व्यक्त गरे । नेपाल र भियतनामबीच सिधा हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिँदै श्रेष्ठले यसले बौद्ध पर्यटन, व्यापार, लगानी र सांस्कृतिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने बताए ।

### हुलास फिनसर्भको नाफामा ८४.४५ प्रतिशत वृद्धि

HULAS FINSERV HIRE PURCHASE LTD.

काठमाडौं (कास)- हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड (एचएफएल) ले आर्थिक वर्ष २०८२/८३ मा उल्लेखनीय वित्तीय प्रगति हासिल गरेको जनाएको छ । कम्पनीले यस अवधिमा ३९ करोड ८७ लाख २० हजार खुद नाफा आर्जन गरेको छ, जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको २१ करोड ६१ लाख ७० हजारको तुलनामा ८४.४५ प्रतिशतले बढी रहेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । आर्थिक वर्षभर कम्पनीको कर्जा लगानी पनि उल्लेखनीय रूपमा विस्तार भएको छ । कम्पनीको कुल कर्जा पोर्टफोलियो ५२.२५ प्रतिशतले वृद्धि भई १२ अर्ब २२ करोड पुगेको बताइएको छ, जसमा विशेषगरी सवारीसाधन वित्तीयकरण (अटोमोबाइल फाइनान्सिङ) को महत्त्वपूर्ण योगदान रहेको कम्पनीले जनाएको छ । निष्क्रिय कर्जा (एनपीएल) अनुपात ३.४० प्रतिशतबाट घटेर १.८७ प्रतिशतमा झरेको छ, जसले कम्पनीको प्रभावकारी जोखिम व्यवस्थापन तथा कर्जा असुली प्रणालीलाई प्रतिबिम्बित गर्ने कम्पनीको भनाइ छ । 'कम्पनीको समग्र वित्तीय अवस्था पनि थप सुदृढ बनेको छ,' विज्ञप्तिमा भनिएको छ, 'कुल सम्पत्ति ८ अर्ब ४३ करोडबाट बढेर १२ अर्ब ६४ करोड पुगेको छ । कुल स्वपुँजी (इक्विटी) १ अर्ब ४९ करोडबाट बढेर १ अर्ब ८९ करोड पुगेको छ । यस अवधिमा शुद्ध ब्याज आम्दानी २२ करोड १० लाख बाट बढेर ४८ करोड ४६ लाख ५० हजार पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा दोब्बरभन्दा बढी हो । सञ्चालन नाफा पनि ३३ करोड ५२ लाख ८० हजारबाट बढेर ६१ करोड ४६ लाख ८० हजार पुगेको छ ।'

### नाइमा अटो एक्स्पोमा सार्वजनिक गरिँदै डोङफेङको बस




काठमाडौं (कास)- हिमालयन अर्गनाइजेसनअन्तर्गत रहेको आयाम इन्टरकन्टिनेन्टलले चीनको कम्पनी डोङफेङद्वारा उत्पादित बस नाइमा मोबिलिटी एक्स्पोमा सार्वजनिक गर्ने भएको छ । नाइमामा हाल दुई बसका मोडल सार्वजनिक गर्न लागिएको कम्पनीले जनाएको छ । डोङफेङले विश्वस्तरीय प्रविधि प्रयोग गरी यात्रुवाहक सवारी, व्यावसायिक सवारी, बस, ट्रक, विद्युतीय सवारी, विशेष प्रयोजनका सवारी तथा अटोमोबाइलका विभिन्न पार्टपुर्जा उत्पादन गर्दै आएको छ । कम्पनीले अन्तर्राष्ट्रिय बजारमा गुणस्तरीय उत्पादन, प्रतिस्पर्धी मूल्य तथा उत्कृष्ट बिक्रीपछिको सेवाका कारण राम्रो प्रतिष्ठा कमाएको बताइएको छ । नेपालमा पनि डोङफेङ ब्रान्डका ट्रक, कार तथा माइक्रो बस पहिलेदेखि नै बिक्रीका साथै लोकप्रिय रहेको कम्पनीको दाबी छ ।

### नाइमा मोबिलिटी एक्स्पोअघि नै काठमाडौंमा देखियो चेरी क्यू



काठमाडौं (कास)- चेरी क्यू आधिकारिक सार्वजनिक प्रदर्शन हुनुअघि नै काठमाडौंमा देखिएपछि अटोमोबाइलप्रेमी र सर्वसाधारणबीच चासो बढेको छ । चेरी क्यूको आधिकारिक नेपाल डेब्यु भृकुटीमण्डपमा आयोजना हुने नाइमा मोबिलिटी एक्स्पोमा हुने कम्पनीले जनाएको छ । नेपालका लागि चेरीको आधिकारिक वितरक पायोनियर मोटो कर्प प्रालिले चेरी क्यूको आधिकारिक सार्वजनिक प्रस्तुति नाइमा मोबिलिटी एक्स्पोमा हुने पुष्टि गरेको छ । प्रदर्शनीका आगन्तुकले पहिलो पटक यस अत्याधुनिक विद्युतीय सवारीलाई नजिकबाट अवलोकन गर्ने अवसर प्राप्त गर्ने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । चेरी क्यूमा ४१.२ किलोवाट क्षमताको ब्याट्री, ४ सय किलोमिटरसम्मको ड्राइभिङ रेन्ज, ५ सय ४० डिग्री सराउन्ड क्यामरा, १ सय ७५ मिमी ग्राउन्ड क्लियरेन्स, ७० लिटर फ्रंक (अगाडिको स्टोरेज) स्पेस, १५.६ इन्चको टचस्क्रिन इन्फोटेन्मेन्ट सिस्टम तथा २० भन्दा बढी एड्भान्स्ड ड्राइभर असिस्टेन्स सिस्टम जस्ता आधुनिक सुविधा उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

### हुलास स्टिल इन्डस्ट्रिजले मनायो 'हुलास डे'



काठमाडौं (कास)- दिवाकर गोल्छा अर्गनाइजेसन अन्तर्गतको हुलास स्टिल इन्डस्ट्रिज लिमिटेडले सिमरास्थित आफ्नो कारखाना परिसरमा 'हुलास डे २०२६' मनाएको छ । उक्त अवसरमा विविध सामुदायिक तथा दिगोपनमुखी कार्यक्रम गरिएको अर्गनाइजेसनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कार्यक्रमअन्तर्गत वृक्षरोपण अभियान, कर्मचारीहरूका लागि निःशुल्क दन्त स्वास्थ्य शिविर तथा कम्पनीका वातावरणीय, सामाजिक तथा सुशासनसम्बन्धी पहल र मूल्य मान्यताबारे प्रस्तुति गरिएको जनाइएको छ । कार्यक्रममा उत्कृष्ट योगदान पुऱ्याएका कर्मचारीलाई सम्मान गर्दै उनीहरूको समर्पण र योगदानको उच्च कदर गरिएको थियो । यस अवसरले कर्मचारीप्रतिको सम्मान, संस्थागत उत्कृष्टता तथा दिगो विकासप्रतिको कम्पनीको प्रतिबद्धतालाई पुनः उजागर गरेको बताइएको छ ।

### याडिया नेपालका जीएस७०, जीटी ७० र जीटी८० विद्युतीय स्कुटर




काठमाडौं (कास)- नेपालका लागि याडियाको आधिकारिक वितरक कुजु नेपाल प्रालिले नयाँ पुस्ताका जीएस७०, जीटी ७० र जीटी८० विद्युतीय स्कुटर सार्वजनिक गरेको छ । आधुनिक प्रविधि, उत्कृष्ट कार्यक्षमता तथा नेपाली उपभोक्ताको बदलिँदो आवागमन आवश्यकतालाई ध्यानमा राखेर विकास गरिएका यी स्कुटरले नेपालमा स्मार्ट विद्युतीय गतिशीलताको नयाँ अध्याय सुरु गर्ने विश्वास कम्पनीले व्यक्त गरेको छ । याडियाले नवीन प्रविधि, उच्च कार्यसम्पादन र दिगो यातायात समाधानमार्फत नेपाली बजारमा आफ्नो उपस्थिति अझ सुदृढ बनाउँदै आएको दाबी गरेको छ । नयाँ जीएस७०, जीटी ७० र जीटी८० विद्युतीय स्कुटरले दैनिक सहरी यात्रादेखि लामो दूरीको यात्रा तथा प्रिमियम प्रदर्शन खोज्ने ग्राहकसम्मका विविध आवश्यकता पूरा गर्ने उद्देश्य राखेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यी स्कुटर लामो रेन्ज, स्मार्ट प्रविधि तथा उन्नत सुरक्षा सुविधासहित बजारमा उपलब्ध गराइएको जनाइएको छ ।

### सिल्क ग्रुपको ई-कमर्स प्लाटफर्म 'चाइनाबजार'




काठमाडौं (कास)- सिल्क ग्रुपले नयाँ ई-कमर्स प्लाटफर्म 'चाइनाबजार' सार्वजनिक गरेको छ । नेपाली उपभोक्तालाई प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय सामान उपलब्ध गराउने लक्ष्यसहित चाइनाबजार सार्वजनिक गरिएको ग्रुपले जनाएको छ । कम्पनीका अनुसार आयातकर्ता, थोक विक्रेता र वितरकजस्ता बहुतहका बिचौलियाको भूमिका घटाएर वस्तु सिधै उपभोक्तासम्म पुऱ्याउने अवधारणामा प्लाटफर्म सञ्चालनमा ल्याइएको हो । बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा सिल्क ग्रुपका अध्यक्ष रमेश शेर्पाले उत्पादनदेखि उपभोक्तासम्मको आपूर्ति प्रणाली छोट्याएर अनावश्यक लागत कम गर्ने उद्देश्यसहित चाइनाबजार सुरु गरिएको बताए । यसबाट उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय सामग्री खरिद गर्न सक्ने उनको भनाइ छ ।

नेपालमा आयात हुने अधिकांश वस्तु धेरै तहको आपूर्ति प्रणाली पार गरेर बजारमा पुग्ने भएकाले मूल्य बढ्ने र आपूर्तिमा समेत अस्थिरता देखिने गरेको कम्पनीकी प्रमुख कार्यकारी अधिकृत (सीईओ) स्तुति श्रेष्ठले उल्लेख गरिन् । 'इन्जोय योर सपिङ' नारासहित सञ्चालनमा आएको प्लाटफर्ममा सुरुवाती चरणमा विद्युतीय उपकरण, फेसन, लाइफस्टाइल तथा स्वास्थ्य र सौन्दर्यसम्बन्धी सामग्री उपलब्ध हुने कम्पनीले जनाएको छ ।

### नाडाको ५० औं स्वर्ण वर्षमा ५० प्रतिशत 'अर्ली बर्ड' छुट




काठमाडौं (कास)- नेपाल अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले आफ्नो स्थापनाको ५० औं स्वर्ण वर्षको अवसर पारेर 'एचपी लुब्रिकेन्ट्स प्रिजेन्ट्स १८ औं नाडा अटो शो २०२६' आयोजना गर्ने भएको छ । आगामी ९ देखि १४ भदौसम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी स्थलमा आयोजना हुने यस मेलाका लागि आयोजकले डिजिटल टिकट खरिदमा ५० प्रतिशतसम्म 'अर्ली बर्ड' छुटको घोषणा गरेको छ । प्रदर्शनीलाई यस वर्ष 'एचपी लुब्रिकेन्ट्स' ले मुख्य प्रायोजन गरेको छ । पाँच दशक लामो ऐतिहासिक यात्रा पूरा गरेको उत्सव मनाउन नाडाले अवलोकनकर्ताका लागि खल्ती एपसँगको सहकार्यमा विशेष प्रवर्द्धनात्मक अफर ल्याएको जनाइएको छ । अफरअन्तर्गत खल्ती एपमा गएर वा आधिकारिक खल्तीको क्युआर स्क्यान गरी अग्रिम टिकट किन्ने अवलोकनकर्ताले साधारण र विद्यार्थी दुवै प्रकारका टिकटमा ५० प्रतिशत छुट पाउनेछन् ।

### पोखरामा बीवाईडीको पूर्ण थ्री-एस सुविधा



काठमाडौं (कास)- नेपालका लागि बीवाईडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंक प्रालिले आफ्नो आधिकारिक डिलर फ्ल्यास मोबिलिटी प्रालिमार्फत पोखरामा बीवाईडीको आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ । पोखरा महानगरपालिका-१०, बुद्धचोकस्थित यो नयाँ सर्भिस सेन्टरसँगै पोखरामा बीवाईडीको थ्रीएस (सेल्स, सर्भिस तथा स्पेयर पार्ट्स) सुविधा पूर्ण रूपमा सञ्चालनमा आएको छ । यसले गण्डकी प्रदेश तथा आसपासका क्षेत्रका बीवाईडी ग्राहकलाई अझ सहज, भरपर्दो र स्तरीय बिक्रीपछिको सेवा उपलब्ध गराई अपनत्वको अनुभव दिलाउने अपेक्षा गरिएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उक्त सर्भिस सेन्टरको उद्घाटन गरे । यसअघि पोखराका बीवाईडी ग्राहकले कम्पनीबाट तालिमप्राप्त थर्ड पार्टी सर्भिस पार्टनरमार्फत बिक्रीपछिको सेवा प्राप्त गर्दै आएका थिए । अब भने आधिकारिक बीवाईडी सर्भिस सेन्टर सञ्चालनमा आएसँगै ग्राहकले बीवाईडीकै आधिकारिक सेवा सञ्जालमार्फत अत्याधुनिक प्राविधिक सेवा, जेन्युइन स्पेयर पार्ट्स, विशेष उपकरण तथा कम्पनीबाट तालिमप्राप्त प्राविधिकको सेवा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।

# सरकारी अधिकारीकै नाममा...

'यसअघि नेपालका सरकारी रेकर्डहरू कहाँ र कसरी चोरी भइरहेका छन् भन्ने ठोस जानकारी पाउन कठिन थियो,' महर्जनले भने, 'अब यो पोर्टलको माध्यमबाट कुन इमेल ठेगाना, कुन स्रोतबाट लिक भएको हो भन्ने स्पष्ट विवरण केन्द्रले प्राप्त गर्नेछ । यसले गर्दा सम्बन्धित कर्मचारी वा निकायलाई समयमै सचेत गराएर थप क्षति हुनबाट जोगाउन र पासवर्ड परिवर्तनजस्ता सुरक्षाका उपाय अपनाउन सकिन्छ ।'

साइबर सुरक्षा केन्द्रले अहिले साइबर सुरक्षा मजबुत बनाउन अन्य प्राविधिक टुलहरूको प्रयोग पनि बढाएको छ । अन्तर्राष्ट्रिय दूरसञ्चार संघबाट प्राप्त गरेको 'सीटीएम ३६०' नामक डार्क वेब मनिटरिङ टुलबाट सरकारी सूचनाहरूको निरन्तर निगरानी गरिरहेको केन्द्रले जनाएको छ ।

सेक्युरिटी इन्सिडेन्ट एन्ड इभेन्ट म्यानेजमेन्ट सिस्टम (सिम) खरिद गरेर विभिन्न प्रणाली वा नोडमा हुने लग संकलन एवं विश्लेषण गरिरहेको केन्द्रको भनाइ छ । यसअघि केन्द्रले वाजु र सेक्युरिटी अनियनजस्ता ओपन सोर्स टुललाई कस्टमाइज गरेर त्यसमा १९र १९ वटा नोड जोडेको थियो । सिम टुलमार्फत कुनै असामान्य गतिविधि देखिए सक एनालिस्टहरूले त्यसको विस्तृत अध्ययन गर्छन् । यसका लागि 'थ्रेट इन्टेलिजेन्स' टुलहरूको पनि प्रयोग गरिने र त्यसले विश्वभरका खतरनाक आईपी वा साइटहरूको सूचीसँग रुजु गरेर सम्भावित आक्रमणलाई पहिचान गर्ने केन्द्रले बताएको छ ।

केन्द्रले सरकारी सूचना प्रविधि प्रणालीको कमजोरी पत्ता लगाउन 'भल्नरेबिलिटी एसेसमेन्ट एन्ड पेनिट्रेसन टेस्टिङ' (भीएपीटी) लाई तीव्रता दिएको दाबी गरेको छ । पछिल्लो तीन/चार महिनाको अवधिमा करिब ४० वटा सरकारी प्रणालीको यस्तो परीक्षण सम्पन्न भइसकेको निर्देशक महर्जनको भनाइ छ । कतिपय सरकारी निकायमा पुराना फ्रेमवर्क र आउटडेटेड सफ्टवेयरको प्रयोग भइरहेका कारण साइबर आक्रमणको जोखिम रहेको उनले बताए ।

'अहिले एआईको बढ्दो प्रयोगसँगै साइबर आक्रमणको जोखिम र यसको दायरा पनि बढ्दै गएको छ, मानिसहरू एआई टुलहरूप्रति आकर्षित भइरहेका छन् । यसले काम पनि सजिलो बनाएको छ । तर ती टुलबाट बनाइने प्रणाली कत्तिको सुरक्षित छन् भन्ने हामीलाई थाहा हुँदैन,' महर्जनले भने, 'एआईको सहयोगमा वेबसाइट वा पोर्टलहरू तुरुन्तै बनाउन सकिन्छ । तर तिनमा प्रयोग हुने इन्क्रिप्सन र सुरक्षा प्रविधिबारे ज्ञान नहुँदा साइबर आक्रमणको जोखिम बढेको छ ।'

पछिल्लो समय एआईको सहयोगमा वा भाइब कोडिङमार्फत वेबसाइट बनाउने गरेको कतिपय सरकारी निकायले जनाएका छन् । यसले साना-तिना एप्लिकेसन बनाउन तेस्रो पक्षमा निर्भर हुनुपर्ने बाध्यता हटाएको छ । तर केही समयअघि एउटा नगरपालिकाको एक्सेल सिटको डेटा अनलाइनमा सार्वजनिक भएको समाचार बाहिरिएको थियो, भाइब कोडिङ गर्दा यस्ता चुनौती आइपर्छन् । एआईले कन्टेन्ट जेनेरेट गरे पनि त्यसले कस्ता प्याकेज प्रयोग गरेको छ भन्नेमा ध्यान दिइएन भने साइबर सुरक्षाको जोखिम बढ्ने साइबर सुरक्षा विज्ञ औंल्याउँछन् ।

साइबर सुरक्षामा हुने ९० प्रतिशतभन्दा बढी घटना प्रविधिको कमजोरीभन्दा पनि मानवीय स्वभाव र 'सोसल इन्जिनियरिङ' का कारण हुने गरेको साइबर सुरक्षा केन्द्रका निर्देशक महर्जनको भनाइ छ । एआईको प्रयोगले फिसिङ इमेल पठाउन र मानिसको लोभ वा डरलाई उपयोग गर्न अझ सजिलो बनाइदिएको उनले औंल्याए । 'हामीले प्रधानमन्त्री कार्यालय वा प्रहरीका उच्च अधिकारीका नाममा आउने फिसिङ इमेल पनि फेला पारेका छौं,' उनले भने, 'मलाई नै कहिलेकाहीँ फिसिङ इमेल आएको छ ।'

पछिल्लो समय सरकारी उच्च अधिकारीका नाम र पद दुरुपयोग गरेर सर्वसाधारणलाई त्रसित बनाउने स्क्याम इमेल व्यापक रूपमा फैलिरहेका छन् । यस्ता इमेलमा 'अफिसियल कोर्ट अर्डर' जस्ता विषय राखेर मानिसलाई तर्साउन खोजिएको देखिन्छ । केही दिनअघि मात्रै नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) मनोजकुमार केसीको नाम र पद दुरुपयोग गरेर स्क्याम इमेल पठाइएको थियो । उक्त इमेलमा सम्बन्धित व्यक्तिको इन्टरनेट आईपी ठेगानाले प्रतिबन्धित र अश्लील वेबसाइट चलाएको आरोप लगाइएको थियो ।

यसरी पठाइने इमेलमा कानुनी कारबाहीबाट बच्ने भए तत्काल जवाफ दिन दबाब दिने गरिएको छ । समयमा जवाफ नदिएमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मार्फत मुद्दा चलाइने र अदालतको आदेश पठाइने भन्दै धम्की दिइएको थियो । नेपाल प्रहरीका डीआईजी वा प्रधानमन्त्री कार्यालयको नामबाट 'सर्कुलर' भन्दै बेलाबखत यस्ता फिसिङ इमेल प्रवाह हुने गरेको साइबर सुरक्षा केन्द्रका निर्देशक महर्जनले बताए । यस्ता इमेलको मुख्य उद्देश्य मानिसलाई डर देखाएर उनीहरूको व्यक्तिगत विवरण र गोप्य सूचनाहरू संकलन गर्नु रहेको उनको भनाइ छ ।

केही वर्षअघि भैरव टेक्नोलोजीले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार नेपालका सरकारी सूचना प्रविधि प्रणालीहरूमा एड्भान्स्ड पर्सिस्टेन्ट थ्रेट (एपीटी) आक्रमणका घटना देखिएका थिए । संवेदनशील सरकारी सूचना चोर्ने उद्देश्यसहित दक्षिण एसियाली देशहरूका प्रणालीमा साइबर आक्रमण गर्ने गरेको साइडवाइन्डर एपीटी समूहले नेपालको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कर्मचारीहरूको इमेल ह्याक गरेको बारे सो अध्ययनमा उल्लेख थियो ।

पुष्पकमल दाहाल प्रधानमन्त्री रहेका बेला प्रधानमन्त्रीले नै दस्तखत गरेको डकुमेन्ट दुरुपयोग गरी 'वर्ड फाइल चाहिएमा यहाँ क्लिक गर्नुस्' भन्ने व्यहोरा राखेर अटो रन हुने फाइल सरकारी कार्यालयहरूमा सर्कुलेट भएको थियो । इमेलमा पठाइएको अटो रन हुने फाइल खोल्दा सम्बन्धित कर्मचारीका कम्प्युटर र डिभाइस कम्प्रोमाइज भएका थिए । त्यो बेला प्रधानमन्त्रीको कार्यालयले रक्षा र गृह मन्त्रालयलाई पठाएको प्रधानमन्त्रीको भ्रमणसम्बन्धीको फाइल दुरुपयोग भएको थियो ।

२०८० पुस १६ मा सार्वजनिक सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न सरकारी वेबसाइट एवं वेब एप्लिकेसनमा डिस्ट्रिब्युटेड डिनायल अफ सर्भिस (डी-डस) आक्रमण हुँदा हप्तौंसम्म सेवा अवरुद्ध भएको थियो । यसरी निरन्तर रूपमा सरकारी निकायका प्रणालीमा आक्रमण हुन थालेपछि ९ माघ २०८० को मन्त्रिपरिषद् बैठकले 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र' स्थापना गर्ने निर्णय गरेको थियो । २०८१ वैशाखमा केन्द्र स्थापना भएको थियो । अहिले पनि बेलाबखत डी-डस आक्रमण र वेबसाइट डिफेसमेन्टका चुनौती निरन्तर आइरहे पनि त्यसलाई रोक्ने वा तुरुन्त रिस्टोर गर्ने गरिएको महर्जनले बताए ।

केन्द्रले अहिले आफ्ना प्राविधिकहरूको क्षमता वृद्धि गर्न र विभिन्न निकायहरूसँग समन्वय गर्न 'साइबर ड्रिल' जस्ता अभ्यास गरिरहेको छ । केन्द्रले हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत रहेर काम गरिरहेको छ । ३० वैशाखमा राजपत्रमा प्रकाशित 'नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३' मार्फत सरकारले प्रधानमन्त्री कार्यालयको कार्यक्षेत्रभित्र सूचना प्रविधिसम्बन्धी विस्तृत जिम्मेवारी थपेको थियो । साबिकमा सञ्चार मन्त्रालयमा रहेका साइबर सुरक्षा केन्द्र, डेटा व्यवस्थापन केन्द्र र सूचना प्रविधि विभागलाई हाल प्रधानमन्त्री कार्यालयमातहत लगिएका हुन् ।

१३ चैतको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको सयबुँदे कार्यसूचीको बुँदा ३९ मा तीन महिनाभित्र सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गरिसक्ने उल्लेख भए पनि अझै ओएन्डएमको काम सकिएको छैन । केन्द्रले भने कुनै पनि प्रणालीमा हुन सक्ने सम्भावित आक्रमणलाई रोक्न र घटना घटेमा त्यसको तत्काल प्रतिकार गर्न अपनाउनुपर्ने विधि समेटिएको निर्देशिका निर्माणको कामलाई अघि बढाएको छ । केन्द्रको संगठनात्मक संरचना के हुने वा कुन निकायमातहत हुने भन्ने निर्क्योल नभएकाले अलमल देखिएको छ ।

# सीमाले छुट्याएका, सम्बन्धले जोडिएका बस्ती

**कञ्चनपुरको कुतियाकभरदेखि इलामको श्रीबुङसम्मको सीमामा रहेका नेपाली-भारतीय बस्तीबीच रोटीबेटी, खेतीपाती, व्यापार र सामाजिक सहकार्यको परम्परा जीवित छ**





**इलामको सूर्योदय-४ को श्रीबुङ गाउँ र भारतको ओकेटी जोड्ने मेची नदीको काठे पुल (बायाँ) र कञ्चनपुरको दोधारा चाँदनी-१० कुतियाकभर र भारतको बंगाली बस्तीबीचमा रहेको दशगजा ।**

**तस्बिर : पर्वत र भवानी**/कान्तिपुर

**भवानी भट्ट** (कञ्चनपुर) र **पर्वत पोर्तेल** (इलाम)

नेपाल-भारत सीमामा धेरै ठाउँमा विवाद र असुरक्षाका खबर सुनिन्छन् । तर सीमाका सबै कथा त्यस्ता छैनन् । कञ्चनपुरको कुतियाकभर र इलामको श्रीबुङमा सीमास्तम्भले दुई देश छुट्याए पनि दैनिकी, संस्कृति र सम्बन्धले मानिसलाई जोडिरहेको छ । यहाँ खेतीपातीदेखि बिहेबारी, किनमेल, विपद् व्यवस्थापन र सामाजिक संस्कारसम्म दुवैतर्फका बासिन्दा एकअर्काका भरपर्दा छिमेकी मात्रै होइन, आफन्तझैं बनेका छन् ।

कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-१० को कुतियाकभर महाकाली र जोगबुडा नदीपारि भारतको उत्तर प्रदेशस्थित पिलिभित जिल्लाको नौजलिया क्षेत्रको कुतियाकभर (बंगाली बस्ती) सँग जोडिएको छ । पारिको कुतियाकभरमा बंगाली समुदायको बसोबास भएकाले यहाँ उक्त बस्ती 'बंगाली बस्ती' का नामले चिनिन्छ । महाकाली किनारको २१ नम्बर र जोगबुडा किनारको २० नम्बर सीमास्तम्भले दुई देशको सीमा छुट्याउँछन् । तर दशगजाले छुट्याएको भूगोलले यहाँका मानिसको सम्बन्ध टुटेको छैन ।

कुतियाकभरका स्थानीय खडके बुढाका अनुसार केही वर्षअघिसम्म गाउँमा विद्यालय थिएन, जोगबुडा नदीमा पुल पनि थिएन । त्यसैले गाउँका बालबालिका पढ्न भारतकै बंगाली बस्ती जान्थे । त्यतिबेला कुतियाकभरको बस्तीमा बाढी पस्दा नेपालीले भाग्ने ठाउँसमेत पाउँदैनथे । उनीहरू सुरक्षित स्थानको खोजीमा भारततर्फै जाने गर्थे । अहिले झोलुंगे पुल बनेपछि र गाउँमै बालविकास केन्द्र खुलेपछि त्यो अवस्था बदलिएको छ । तर दुवै मुलुकका बस्तीबीचको सामाजिक सम्बन्ध उस्तै छ ।

कुतियाकभरमा ४२ परिवार बस्छन् । भारततर्फको बंगाली बस्तीमा पनि लगभग उति नै परिवार छन् । विवाह, व्रतबन्ध, बिरामी पर्दा वा अन्य सामाजिक काममा दुवैतर्फका बासिन्दा नियमित रूपमा एकअर्काको घर पुग्छन् । कुतियाकभरबाट दुई छोरी बंगाली बस्तीमा विवाह भएर गएका छन् भने बंगाली बस्तीबाट एक छोरी नेपाली गाउँमा बुहारी बनेर आएकी छन् ।

स्थानीय आरती सुनारका अनुसार खेतीपातीमा त झन् सीमा भन्ने अनुभूति नै हुँदैन । बंगाली बस्तीका किसानले अधियाँ, ठेक्का वा ज्यालामा नेपाली खेत जोत्छन् । नेपालीहरू उखुबारीमा घाँस काट्न भारत जान्छन् । कुतियाकभरका खेतमा ट्र्याक्टरसमेत भारतबाटै ल्याइन्छ । एउटै बोरिङको पानी दुवैतर्फ प्रयोग हुन्छ । मल अभाव हुँदा भारतीय बजारले नेपाली किसानलाई राहत दिन्छ भने नेपाली किसानका तरकारी भारतीय बजारमा बिक्री हुन्छन् ।

'कुतियाकभरमा खेतीपातीको काम गर्न ट्र्याक्टरसमेत भारतबाटै ल्याउनुपर्छ,' दोधारा चाँदनी-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले भने, 'यी दुई बस्ती नमुनाकै रूपमा मिलेर बसेका छन् ।' उनका अनुसार वडा १० कै १८ नम्बर बस्ती र पारि भारततर्फ रहेको गोरखपुरे बस्तीमा भने बेलाबेला विवाद भइरहन्छ । दुई वर्षअघि पनि भारतीय नागरिकले १८ नम्बर बस्तीमा आएर कुटपिटसँगै लुटपाट गरेका थिए । कहिलेकाहीं मदिरा सेवनका कारण बाहिरबाट आएका व्यक्तिसँग विवाद भए पनि कुतियाकभरमा छिमेकी बंगाली बस्तीका बासिन्दासँग सम्बन्ध कहिल्यै बिग्रिएको छैन । 'हामी जहिल्यै मिलेरै बसेका छौं,' स्थानीय भन्छन् ।

पूर्वी नेपालमा इलामको सूर्योदय नगरपालिका-४ को श्रीबुङ र भारतको मिरिक उपविभागअन्तर्गतको ओकेटी गाउँको कथा पनि उस्तै छ । मेची नदीले दुई देशको सीमा कोरे पनि सम्बन्धमा कुनै दूरी छैन । नदीमाथिको एउटा साधारण काठको पुलले दुई समाजलाई जोडेको छ । गत वर्षको बाढीले त्यो पुल बगायो । केही दिन आवतजावत रोकियो । त्यसपछि दुवैतर्फका बासिन्दाले श्रमदान गरेर पुल बनाए । स्थायी फलामे पुल भने अझै बन्न सकेको छैन ।

ओकेटीका ८० वर्षीय विजयप्रकाश सुब्बा भन्छन्, 'फलामको पुल बनाउन दिल्ली र काठमाडौं दुवैतिरको निर्णय चाहिने रहेछ । हाम्रो पहुँच त्यहाँसम्म छैन, त्यसैले आज पनि काठकै पुलको भर पर्नुपरेको छ ।'

श्रीबुङ र ओकेटीबीच पनि 'रोटीबेटी' को सम्बन्ध छ । विवाह, मृत्यु, बिरामी, चाडपर्व वा विपद्– हरेक अवसरमा दुवैतर्फका बासिन्दा एकअर्काको घर पुग्छन् । 'सीमाले हाम्रो सम्बन्ध कहिल्यै रोक्न सकेन,' श्रीबुङका सुमन राई भन्छन्, 'हामी दुःख-सुखका साझेदार हौं ।'

ओकेटीमा खाजा पसल चलाउने मञ्जुषा राईको अनुभव पनि उस्तै छ । उनको पसलमा नेपाली र भारतीय दुवै देशका सामान पाइन्छन् । बिहानैदेखि दूध, तरकारी र अन्य कृषि उपज बोकेर मानिस काठको पुल तर्दै वारिपारि गर्छन् । विद्यालय, स्वास्थ्य सेवा, किनमेल र सामाजिक सम्बन्धका लागि सीमा पार गर्नु यहाँ सामान्य दैनिकी हो ।

स्थानीयका अनुसार दसैंतिहार, उँभौली-उँधौली, साकेला र ल्होसारजस्ता पर्व पनि दुवैतर्फका समुदायले मिलेर मनाउँछन् । भाषा, भेषभूषा, खानपान र संस्कृतिमा समेत खासै भिन्नता छैन । 'सीमा पार गर्दा अर्को देश पुगेजस्तो लाग्दैन, माइती गाउँ गएझैं हुन्छ,' स्थानीय मञ्जुला थापा भन्छिन् ।

कञ्चनपुरको कुतियाकभर र इलामको श्रीबुङ फरक भूगोलका दुई कथा हुन् । तर दुवैको सन्देश एउटै छ– राज्यले कोरेको सीमा राजनीतिक भए पनि पुस्तौंदेखि बनेको सामाजिक सम्बन्ध त्यसभन्दा धेरै बलियो हुन्छ । यही कारण उनीहरूका लागि सीमा विभाजनको रेखा होइन, छिमेकीसँगको सहअस्तित्वको साझा चौतारी बनेको छ ।

## प्रधानमन्त्रीले भारतीय...

'नेपालको परराष्ट्र नीतिका प्राथमिकताहरूलाई ध्यानमा राख्दै दुई छिमेकी मुलुक भारत र चीनका राजदूतहरूबाट भेटवार्ता सुरुवात गर्नु स्वाभाविक नै हो,' प्रधानमन्त्रीका एक सहयोगीले भने । १३ चैतमा प्रधानमन्त्री बनेयता शाह र काठमाडौंस्थित राजदूतहरूबीच यो पहिलो व्यक्तिगत शिष्टाचार भेट हुनेछ । भेटघाटको कार्यसूची मुख्यतया परिचयात्मक हुने अपेक्षा गरिएको छ । त्यस क्रममा राजदूतहरूले शाहलाई द्विपक्षीय सम्बन्धको अवस्थाबारे जानकारी गराउने र आफ्नो सरकारका तर्फबाट सन्देशहरू हस्तान्तरण गर्नेछन् ।

बैठकमा सहभागी हुने अधिकारीहरूबारे भने टुंगो लागिसकेको छैन । राजदूतहरूसँगै परराष्ट्र मन्त्रालयका अधिकारीहरू, सम्बन्धित महाशाखा प्रमुख र प्रधानमन्त्री कार्यालयका अधिकारीहरू पनि सहभागी हुने अपेक्षा गरिएको छ ।

विदेशी कूटनीतिज्ञहरूसँग व्यक्तिगत भेटघाट नगर्ने अडानबीच शाहले एसियाली विकास बैंक (एबीडी) का अध्यक्ष मासातो कान्डालाई भेटेका थिए । मासातो तीनदिने भ्रमणका लागि २२ असारमा नेपाल आएका थिए ।

प्रधानमन्त्री शाहले सुरुमा राजदूतहरूसँग मात्र नभई भ्रमणमा आउने वरिष्ठ विदेशी अधिकारीहरूसँग पनि एक्लाएक्लै भेट नगर्ने अडान राखेका थिए । सोही क्रममा काठमाडौंस्थित अमेरिकी दूतावासले दक्षिण-मध्य एसियाली मामिलाका लागि अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुर र दक्षिण-मध्य एसियाका लागि राष्ट्रपति डोनल्ड ट्रम्पका विशेष दूत सर्जियो गोरसँगको भेटघाटका लागि गरेको अनुरोध प्रधानमन्त्री शाहले अस्वीकार गरेका थिए । त्यस्तै नेपाल भ्रमणमा आएकी अमेरिकी उपविदेशमन्त्री सारा बी. रोजर्सले पनि शाहसँग भेट्न पाइनन् ।

प्रधानमन्त्री शाहले २५ चैत ०८२ र गत १२ जेठमा काठमाडौंस्थित विदेशी नियोगका प्रमुखहरूसँग संयुक्त बैठक गरेका थिए । शाहको उक्त भेटलाई नेपाली कूटनीतिज्ञ, परराष्ट्रविद् र पर्यवेक्षकहरूले स्वागत गरेका थिए । सामूहिक बैठकलाई पारदर्शी कूटनीति र समदूरीको सम्बन्ध विकास गर्ने रणनीतिका रूपमा पनि अर्थ्याइएको थियो । तर विज्ञहरूले यसलाई निरन्तरता दिन कठिन हुने बताएका थिए ।

सरकारले १०० दिन पूरा गरेपछि प्रधानमन्त्रीलाई सल्लाहकारहरूले उद्योगी-व्यवसायी, सञ्चारमाध्यमका प्रतिनिधिका साथै काठमाडौंस्थित राजदूतहरू लगायतलाई भेट्न सुझाव दिएका थिए । त्यसयता उनले व्यापारी, उद्योगी-व्यवसायी लगायतलाई भेटिरहेका छन् । तराई-मधेश क्षेत्रमा भएका विरोध र हिंस्रक प्रदर्शनका कारण राजदूतहरूसँगको व्यक्तिगत भेटघाट कार्यक्रम भने स्थगित भएको थियो । प्रधानमन्त्री शाहले यसबीचमा मधेशकेन्द्रित राजनीतिक दल र सांसदहरूसँग समेत छलफल गरे ।

## मानवीय क्षति हुन...

गृहमन्त्री गुरुङले अपराधको प्रकृति बदलिएको भन्दै साइबर सुरक्षाका चुनौती निस्तेज पार्ने विषयलाई पनि मन्त्रालयले प्राथमिकतामा राखेको बताए । 'मन्त्रालयमै साइबर अट्याक भयो भने हामी त्यसका लागि तयार छैनौं, डिजिटल्ली अफेन्स र डिफेन्स दुवैतर्फ हाम्रो तयारी छैन,' उनले भने, 'त्यसको तयारी गरेर पूरै प्रणाली डिजिटाइज गर्दै छौं ।' उनले आगामी दिनमा निर्देशन जारी गर्दा आन्तरिक व्यवस्थापनको सफ्टवेयर प्रयोग गर्ने तयारी भइरहेको उल्लेख गर्दै प्रत्येक कर्मचारीले गरिरहेको कामको ट्र्याकिङ गर्ने गरी व्यवस्था गर्न लागिएको समेत बताए । 'मैले दिएको आदेश कुन कर्मचारीकहाँ पुगेको छ, कार्यान्वयन भयो कि भएन भन्ने कुरा तुरुन्तै देख्न सक्ने गरी काम भइरहेको छ,' उनले भने ।

नेपाल प्रहरीका अवकाश प्राप्त डीआईजी भीमप्रसाद ढकाल प्रहरीका लागि गैरघातक हतियार खरिद र प्रविधिको अधिकतम प्रयोग गर्ने गृहमन्त्रीको तयारी स्वागतयोग्य भएको बताउँछन् । अहिले देशको मुख्य सुरक्षा चुनौती खुला सीमा भएको बताउँदै उनले त्यसका लागि अन्तर्राष्ट्रिय सीमा नाकामा सीसी क्यामरा, एआई जडित डिजिटल गेट तथा एक्सरे मेसिनलगायत राख्न सकिनेसमेत सुझाव दिए ।

अहिले सडक प्रदर्शन व्यवस्थापन र भीड नियन्त्रण गर्न सुरक्षाकर्मीले म्याद गुज्रेका उपकरण प्रयोग गरिरहेका छन् । सडकमा जम्मा भएको भीड तितरबितर पार्नेदेखि भड्किएको प्रदर्शन नियन्त्रण गर्न प्रहरीले म्याद गुज्रेका अश्रुग्यास प्रयोग गर्न थालेको वर्षौं भइसक्यो । म्याद सकिएका उपकरण प्रयोगलाई मानवअधिकारका दृष्टिले 'अमानवीय' मानिन्छ । म्याद गुज्रेका यस्ता उपकरण प्रयोगले सुरक्षा कमजोर हुन्छ भने स्वास्थ्यमा गम्भीर असर पर्छ ।

नेपाल प्रहरी र सशस्त्र दुवैमा गैरघातक सुरक्षा सामग्रीको अभाव छ । दंगा तथा भीड नियन्त्रणका लागि चाहिने 'राएट कन्ट्रोल गियर', अश्रुग्यास, 'ब्लांक फायर', 'रबर बुलेट', 'मल्टी ग्यास गन', 'वाटर क्यानन' (पानीको फोहोरा हान्ने सवारी), दमकल, गोताखोर उपकरण, विपद् व्यवस्थापनका लागि 'रबर बोट', सुरक्षा गस्तीका सवारीलगायत बन्दोबस्तीका अत्यावश्यक उपकरण खरिद गर्न दुवै प्रहरी संगठनले विगतमा गृह मन्त्रालयमा पटक-पटक प्रस्ताव लगे पनि प्रक्रिया अघि बढ्न सकेको थिएन । सशस्त्रले पनि सीमा सुरक्षा, भीड नियन्त्रण, गस्ती, विपद् व्यवस्थापनलगायतमा गैरघातक र प्राविधिक उपकरणका लागि आवश्यक बजेट सुनिश्चित गर्न आग्रह गर्दै आएको थियो । सीमा सुरक्षालाई प्रभावकारी बनाउन 'डिजिटल बोर्डर' को अवधारणाअनुसार उपकरण मागसमेत गरिएको थियो ।

संघीय राजधानी, प्रदेश राजधानी, महानगर तथा उपमहानगर, सहरी इलाका, जोखिम तथा चुनौतीका आधारमा राजमार्ग र अन्य स्थानमा वाटर क्यानन, अग्नि नियन्त्रण यन्त्रसहितका उपकरण जोहो गरी तयारी हालतमा राख्नुपर्ने प्रस्ताव दुवै सुरक्षा निकायले गरेका थिए । विपद्का लागि चाहिने मोटर/रबर बोट, पानीभित्र पसेर खोज तथा उद्धारमा प्रयोग गर्ने अन्य प्रविधियुक्त उपकरण पनि व्यवस्थापन गर्न दुवै सुरक्षा निकायले प्रस्ताव गरेका थिए । आगलागीजन्य विपद् जोखिमका क्षेत्र पहिचान गरी दमकलसहितका उपकरण पनि व्यवस्थापन गरिदिन सुरक्षा निकायले सरकारसाग अनुरोध गर्दै आएका थिए । तर मागअनुसारका उपकरण खरिद भएका छैनन् ।

२०७९ मा तत्कालीन सरकारले दुवै प्रहरीलाई डेढ अर्ब रुपैयाँका घातक र गैरघातक हतियार खरिदका लागि प्रक्रिया अघि बढाएको थियो । विदेशी मुद्रा संचितिमा दबाब परेकाले अत्यावश्यक वस्तु आयातमा समेत प्रतिबन्ध लगाएका बेला सरकारले रकमान्तर गरेर हतियार खरिद गर्न खोजेपछि विरोध भएको थियो । त्यसपछि रोकिएको प्रक्रिया अघि बढाउन त्यसपछि पनि प्रयास भएका थिए । तर नागरिकको स्वास्थ्य र सार्वजनिक शान्तिसुरक्षासाग प्रत्यक्ष सरोकार राख्ने गैरघातक उपकरण खरिदमा विगतमा सरकारले बेवास्ता गर्दै आएको देखिन्छ ।

## बास्नादार बासमतीमा भारतसँग...

त्यस्तै भौगोलिक संकेतको छुट्टै राष्ट्रिय चिह्न (लोगो) पनि प्रस्तावित विधेयकमा उल्लेख छ ।

**बासमतीको पुरानो विवाद के हो ?**

सन् १९९७ मा टेक्ससस्थित कम्पनी राइसटेकले अमेरिकी पेटेन्ट तथा ट्रेडमार्क कार्यालय (यूएसपीटीओ) मा बासमतीको ट्रेडमार्क दर्ता गर्दै नाम राख्यो- टेक्सामती । भारतले कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरण (एपिडा) मार्फत प्रतिवाद गर्‍यो, नयाँदिल्लीस्थित अमेरिकी राजदूतावासअगाडि ५० हजारभन्दा बढी मानिसले विरोध प्रदर्शन गरे । पर्यावरणविद् वन्दना शिवाले राइसटेकको दाबीलाई 'हास्यास्पद' भनेकी थिइन् ।

भारतको चुनौतीपछि राइसटेकले सुरुका २० दाबीमध्ये १५ फिर्ता लियो । कम्पनीले नै क्रस-ब्रिडिङ गरी विकास गरेका तीन विशिष्ट हाइब्रिड जात (बास-८६७, आरटी-१११७, आरटी-११२१) को मात्रै यूएसपीटीओले पेटेन्ट दियो । परम्परागत 'बासमती' नाममा राइसटेकको एकाधिकार जमेन । पछि समयमै मेन्टेनेन्स फी नतिरेकाले राइसटेकले पेटेन्ट अधिकार नै गुमायो । दुई दशकसम्म राजनीतिक रूपमा एकअर्काविरुद्ध उभिने भारत-पाकिस्तान भने यसमा एकैठाउँमा उभिएका थिए ।

भारतले २० जुलाई २०१८ मा युरोपेली संघ (ईयू) मा बासमतीको जीआईका लागि आवेदन दियो । जुन ११ सेप्टेम्बर २०२० मा ईयूको आधिकारिक जर्नलमा प्रकाशित भयो । भारतले मे २०१० मा नै हिमाचल, पञ्जाब, हरियाणा, उत्तराखण्ड, दिल्लीको बाहिरी भाग, उत्तर प्रदेश र जम्मु-कश्मीरका केही भागलाई बासमतीको जीआई ट्याग दिइसकेको थियो । पाकिस्तानले पनि आफ्नो दाबी बलियो बनाउन सन् २०२१ मा जीआई कानुन ल्यायो र २४ अगस्ट २०२३ मा ईयूमा छुट्टै आवेदन दियो ।

नेपालले पनि ९ डिसेम्बर २०२० मा ईयूमा विरोधपत्र दर्ता गरायो । तर, त्यो सहजै भएको थिएन । बौद्धिक सम्पत्ति तथा अन्तर्राष्ट्रिय व्यापार कानुनका विज्ञ अधिवक्ता गौरीशकृष्ण खरेलले सरकारी निकायलाई झकझकाएपछि मात्र नार्कका तर्फबाट नेपालले ईयूमा विरोध दर्ता भएको थियो । 'हामीले बासमतीको अध्ययनमा यति धेरै काम गरेका छौं । हामी चुपचाप बसे त भारतले एकलौटी गर्ने भो,' खरेल भन्छन्, 'नेपालले यसरी कुनै पनि इन्टरनेसनल फोरममा विरोध गरेको पहिलो थियो ।'

कान्तिपुरलाई प्राप्त कागजातअनुसार ईयूमा प्रतिवाद गर्दा नेपालले विभिन्न आधारहरू लिएको थियो । जसमा नेपालमा परम्परागत रूपमै बासमती उत्पादन, बिक्री र उपभोग हुँदै आएको, बासमतीको उत्पत्तिको एक थलो नेपालको तराई मधेशलाई पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय वैज्ञानिकहरूले मान्दै आएको, नेपालमा बासमती धानमा उच्चस्तरको फेनोटाइपिक र जेनोटाइपिक विविधता पाइएको र सुगन्धित चामलमध्ये बासमती, कालानमक, हंसराज, झिनुवालगायत ४१ जिल्लाको ३० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा फलाइने भएकाले यसको छुट्टै सामाजिक-सांस्कृतिक महत्त्व रहेको लगायतका थिए । राष्ट्रिय बीउ बोर्डमा बासमती समूहका चार स्थानीय जात (पोखेली जेठोबुढो, लाल्का बासमती, शुद्धोधन कालोनमक, कालोनुनिया) दर्ता भइसकेका र जीन बैंकले नेपालभरिबाट बासमती प्रकारका ८० भन्दा बढी 'जर्मप्लाज्म' नमुना संकलन-संरक्षण गरेको तथ्य पनि नेपालले अघि सारेको थियो ।

राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक) का प्रमुख बालकृष्ण जोशी भन्छन्, 'ढिलै भए पनि नेपालले निवेदन दिएर आफ्नो पक्ष राख्यो, यो सुखद पक्ष हो । विश्वमञ्चमा नेपालले यस विषयमा पहिलो पटक औपचारिक रूपमा आफ्नो कुरा राख्यो ।' बौद्धिक सम्पत्ति तथा अन्तर्राष्ट्रिय व्यापार लगानी कानुनका अन्तर्राष्ट्रिय विज्ञ प्रत्यूषनाथ उप्रेती (रिडर, क्विन्स विश्वविद्यालय बेलफास्ट) पनि नेपालको दाबी बलियो भएको बताउँछन् । 'ऐतिहासिक सम्बन्ध, बासमतीको सांस्कृतिक महत्त्व तथा नेपालमा यसको परम्परागत खेतीजस्ता पक्षले नेपालको दाबीलाई मजबुत बनाउँछन्,' उनी भन्छन् । तर सँगै उनी एउटा तीतो यथार्थ पनि जोड्छन्, 'नेपालसँग सम्बन्धित धेरै ऐतिहासिक सामग्री र अनुसन्धान अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी रूपमा प्रस्तुत हुन सकेका छैनन् । कतिपय प्रमाण भाषा र अनुवादको सीमाका कारण पनि ओझेलमा परेका छन् ।'

अधिवक्ता खरेल भने भारतले जीआईका लागि नेपालको सीमासँगै जोडिएका पञ्जाब, हरियाणा, उत्तर प्रदेश, उत्तराखण्डलाई उत्पादन क्षेत्रमा समेटेकाले उसकै दाबी नेपालका लागि पनि उपयोगी आधार भएको बताउँछन् । उनी भन्छन्, 'राजनीतिक नक्साअनुसार त बासमती फल्ने होइन, रूपन्देहीको पारिपट्टि उस्तै भूगोल र प्रकृति भएको खेतमा बासमती फल्ने वारि नफल्ने भन्ने त हुँदैन ।' पाकिस्तान र नेपाल दुवैले ईयूमा प्रतिवाद गरेकै आधारमा अस्ट्रेलियाले भारतको बासमतीलाई जीआई सर्टिफिकेट दिन नमानेको पनि उनले बताए ।

भारतीय पक्षको जवाफ भने रक्षात्मक छ । भारतीय चामल निर्यातक संघका कार्यकारी निर्देशक विनोदकुमार कौलले कान्तिपुरसँग भने, 'नेपाल बासमती उत्पादन हुने क्षेत्र होइन ।' तर नेपालले किन उस्तै भूगोलमा बासमती फल्दैन भन्ने प्रश्न र ईयू वा अन्य कुनै देशले भारतलाई अझै जीआई सर्टिफिकेट नदिएको तथ्यमा भने उनले प्रतिक्रिया दिन चाहेनन् । पाकिस्तानी चामल निर्यातक संघका वरिष्ठ उपाध्यक्ष मोहम्मद जावेदले पनि 'विषय अन्तर्राष्ट्रिय अदालतमै विचाराधीन रहेकाले' थप प्रतिक्रिया नदिने बताए ।

**नेपालमै उत्पादन-प्याकेजिङ भएको बासमतीमा पनि भारतको आपत्ति**

नेपालले ईयूमा प्रतिवाद गरेपछि एपिडाले नेपालका उद्योगले लिएका बासमती ट्रेडमार्कविरुद्ध उद्योग विभागमा नै उजुरीको ताँती लगाएको छ । अधिवक्ता खरेलका अनुसार यस्ता उजुरी २०-२५ वटा पुगिसकेका छन् ।

एपिडाले १२ वैशाख २०७५ मा 'बासमती' ट्रेडमार्क नक्कल गरेको आरोप लगाउँदै शिवशक्ति एग्री प्राइभेट लिमिटेडको 'ऊर्जा राइस' र 'जिरा प्रिमियम बासमती राइस' ट्रेडमार्कविरुद्ध उद्योग विभागमा उजुरी दियो । विभागले ठोस प्रमाण नपुगेको भन्दै १५ वैशाख २०८२ मा शिवशक्तिकै पक्षमा फैसला सुनायो । शिवशक्ति समूहका महाप्रबन्धक पंकज मल्लिक भन्छन्, 'बासमती एउटा देशको मात्र हो भन्ने होइन नि । कुनै देशमा खास जातको बासमती होला तर बासमती नाममा त एकाधिकार हुन सक्दैन ।' मुद्दा विचाराधीन रहेका बेला भने कम्पनीले केही समय अन्य नाममै चामल बेच्नुपरेको उनले बताए ।

तर सबै मुद्दा नेपाली पक्षले जितेको छैन । नेपाल फुड प्रोसेसिङ एन्ड प्याकेजिङले 'बिर्यानी-११२१ प्रिमियम रोयल राइस' विरुद्धको एपिडाको उजुरीमा कुनै लिखित प्रतिक्रिया नदिएपछि एकपक्षीय सुनुवाइका आधारमा १६ असार २०८२ मा एपिडाकै पक्षमा फैसला भयो । त्यस्तै नागनगिना खाद्य उद्योगको 'महालक्ष्मी राइस' मामिलामा पनि म्याद गुजारेकाले एपिडाले नै मुद्दा जित्यो । चितवन फुड इन्डस्ट्रिजको 'राज' ट्रेडमार्क मुद्दामा भने दुवै पक्षले मिलापत्र गरे ।

उद्योग विभाग कानुन शाखाका उपसचिव श्रीकृष्ण पौडेल भन्छन्, 'बासमती त हाम्रो पनि त हो । ट्रेडमार्क नजुधेसम्म हामीले कागजात हेरेर नेपाली कम्पनीलाई नै जिताएका छौं । तर कतिपय अवस्थामा उजुरी परेपछि नेपाली कम्पनी मुद्दामा उपस्थित नै नभएपछि एपिडाले जितेका केही मुद्दा पनि छन् ।' अधिवक्ता खरेल थप्छन्, 'मैले धेरै पटक विभागलाई पनि भनें, हामीले नै क्लेम गरेको चिजलाई जिताउन भएन भनेर ।' जीन बैंकका प्रमुख जोशी भने भारतले 'इन्फ्लुएन्स गर्न सकिन्छ कि' भनेर नै उजुरी हालिरहेको आशंका व्यक्त गर्छन् ।

**किन चाहियो जीआई कानुन ?**

नेपालको खाद्यान्न व्यापारको तथ्यांकले पनि यो विवादको आर्थिक पाटो उजागर गर्छ । नेपालले गत आर्थिक वर्षमा मात्र ८ अर्ब ४० करोड रुपैयाँबराबरको बासमती चामल आयात गरेको थियो । समग्र धान-चामल आयातमा भारतकै हिस्सा सबैभन्दा ठूलो छ । यसविपरीत नेपालबाट धानचामल निर्यात नगण्य छ । गत वर्ष २८ हजार रुपैयाँ बराबरको कनिका मात्र निर्यात भएको थियो । नेपालमा झन्डै १४ लाख हेक्टरमा धानखेती हुने गरेकोमा करिब १ लाख ५० हजार हेक्टरमा मात्र बासमतीलगायत सुगन्धित धान फल्छ । हाल करिब ६० राइसमिलले विभिन्न ब्रान्डमा यो बेच्दै आएका छन् ।

नेपाल धान चामल उत्पादक संघका वरिष्ठ उपाध्यक्ष राम थापा भन्छन्, 'नेपालमा पोखरेली, बनेपाली, मार्सी, जेठोबुढोलगायतका रैथाने चामल छन् । यसलाई ब्रान्डिङ गरेर बाहिर पठाउँछौं भनेर सरकारलाई धेरै अनुरोध गर्‍यौं, तर सरकारले चामल निर्यात गर्नै दिएन ।' उनी बासमतीमा भारतले विवाद झिक्नु उपयुक्त नभएको र नेपालको दाबी स्वाभाविक भएको बताउँछन् । 'उनीहरूको मात्र होइन बासमती, हाम्रो पनि बासमती हो,' उनले भने ।

विज्ञहरू भने कानुन मात्र पर्याप्त नहुने जिकिर गर्छन् । 'मुख्य समस्या यसको कार्यान्वयन र गुणस्तर सुनिश्चिततामा छ । कुनै उत्पादनलाई जीआई ट्याग दिइयो तर पछि गुणस्तर कायम भएन भने त्यसको प्रतिष्ठा घट्छ र जीआई डाइलुट हुन्छ,' उप्रेतीले भने । अधिवक्ता खरेल र जीन बैंकका जोशी दुवै भारतको एपिडाजस्तै छुट्टै नार्कअन्तर्गत शक्तिशाली कार्यान्वयन निकायको आवश्यकता औंल्याउँछन् । खरेल भन्छन्, 'ऐन मात्र बनाएर हुँदैन, यसलाई कार्यान्वयन गर्ने संस्था पनि कम्पिटेन्ट बनाउनुपर्‍यो ।'

कृषि वैज्ञानिकहरूका अनुसार नेपालमा १ सयभन्दा बढी चर्चित कृषि उत्पादनले जीआई पाउने सम्भावना छ, तर यसबारे व्यवस्थित अध्ययन अझै भएको छैन । उप्रेती उदाहरण दिन्छन्– सेलरोटी, बारा, पाल्पाको चुकाउनी, भक्तपुरको जुजु धौलगायत । 'तर यसका लागि अध्ययन त हुनुपर्‍यो नि पहिले,' उनले भने । बासमती विवादले यही कमजोरी उदाङ्गो पारिदिएको छ- कानुन नबनुन्जेल र संस्थागत क्षमता विकास नभइन्जेल नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्ना मौलिक उत्पादनहरूको पक्षमा बलियो दाबी गर्न सक्दैन ।

NDP Nepal Development Public Limited

**नेपाल डेभलप्मेन्ट पब्लिक लिमिटेड**
**का.जि., का.म.न.पा. वडा नं. २, लाजिम्पाट**
**उत्तरढोका, काठमाडौं**

**दोस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२४)

नेपाल डेभलप्मेन्ट पब्लिक लिमिटेड (कम्पनी) को मिति २०८३/०४/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दोस्रो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क) आ.व. २०८२/८३ को वार्षिक साधारण सभा गर्नका लागि मिति, स्थान र समयः**

मिति : २०८३/०५/१४ गते, आईतबार (30 August, 2026)
समय : दिउँसो ३:३० बजे
स्थान : एभरेष्ट होटल, नयाँ बानेश्वर

**ख) छलफलका विषय (प्रस्ताव) हरु :**

**सामान्य प्रस्तावहरु :**

१) आर्थिक वर्ष २०८२/०८३ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२) आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विवरण, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूची सहितको लेखा परीक्षण प्रतिवेदन पारित गर्ने ।
३) आर्थिक वर्ष २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) स्वतन्त्र सञ्चालक नियुक्ती अनुमोदन गर्ने ।
५) विविध ।

**विशेष प्रस्तावहरुः**

१) आर्थिक वर्ष २०८२/८३ को संचित मुनाफा बाट चुक्ता पूँजीको २.५ प्रतिशत बोनस शेयर वितरण गर्ने स्वीकृत गर्ने । साथै बोनस शेयर वितरण गर्न लाग्ने कर प्रयोजनको लागि रु. १५,५७,३४३ नगद लाभाशं स्वीकृत गर्ने ।
२) कम्पनीको उद्देश्यसँग मेल खाने लगानी कम्पनीहरुलाई मर्ज वा एक्यूजिसन गर्ने सम्बन्धमा कारवाही अघि बढाउन सञ्चालक समितिलाई अख्तियारी दिने ।
३) कम्पनीको प्रबन्ध पत्रको दफा ५ मा "झ" पछि "ञ", "ट", र "ठ" थप गर्ने गरी संसोधन गर्ने । उक्त संशोधनमा नियमाकीय निकाय बाट केही संशोधन वा परिमार्जनका लागि अनुरोध भएमा सो को लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
४) विविध

**हेमन्त राज पाण्डेय**
**कम्पनी सचिव**

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट

# ५ हजार एकदिवसीय खेलको कोसेढुंगा

## सन् १९७१ मा एकदिवसीय क्रिकेट खेलको जन्म भएको हो, बितेको साढे ५ दशकमा यो आफ्नो स्वरूप फेर्दै अगाडि बढिरहेको छ



श्रीलंकाका मुथैया मुरलिधरन

**क्रिकइन्फो** (लन्डन)

डन्डीमा शुक्रबार स्कटल्यान्ड र क्यानडाबीच विश्व क्रिकेट लिग २ को खेल ऐतिहासिक रह्यो। किनभने यससँगै एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटले ५ हजार खेलको कोसेढुंगा उपलब्धि छोएको छ।

स्कटल्यान्डको डन्डी र आयरल्यान्डको ब्रेडीमा यस साता वर्षाले खेल रद्ध नगरेको भए आयरल्यान्ड र अफगानिस्तानबीचको शृंखलाको पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय खेलले ५ हजार खेलेको आँकडा छुने थियो।

डन्डीमा स्कटल्यान्ड र क्यानडा तथा ब्रेडीमा आयरल्यान्ड र अफगानिस्तानबीचको खेल ४९९९ खेलको रूपमा रहेका थिए। आयरल्यान्ड र अफगानिस्तानको खेल वर्षाका कारण आधा घन्टा ढिला सुरु भएको थियो भने डन्डीमा स्कटल्यान्ड र क्यानडाबीचको खेल निर्धारित तालिकामै सुरु भएपछि यो खेल अंकका आधारमा कोसेढुंगा बन्न पुगेको थियो।

सन् १९७१ मा यो खेलको जन्म भएको थियो। पछिल्ला ५५ वर्षमा यो आफ्नो स्वरुप फेर्दै अगाडि बढिरहेको छ। सुरुआती हजार खेलको लम्बाई फरक-फरक रह्यो। एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटका सुरुआती तीन विश्वकप ६० ओभरको खेल थियो। त्यही बेला इंग्ल्यान्डले आयोजना गर्ने दुईपक्षीय शृंखला भने ५५ ओभरको हुन्थ्यो।

सुरुतिर अस्ट्रेलिया, न्युजिल्यान्ड र पाकिस्तानमा हुने खेल ४० ओभरको हुन्थे, होइन भने ३५ ओभरको। तर ती ८ बलको एक ओभर हुने खेल थियो। एसियातिर ४० ओभरकै खेल हुन्थ्यो, त्यो हुन्थ्यो ६ बलको। सन् १९९५ मा इंग्ल्यान्ड र वेस्ट इन्डिजबीचको १००२ औं खेल ५५ ओभरको थियो। इंग्ल्यान्ड र वेस्ट इन्डिजबीचको त्यही शृंखलामा हजारौं खेल पनि खेलिएको थियो र यो नटिङ्घममा भएको थियो। यो खेल रिजर्भ डे (विश्राम दिन) सम्म पुगेको थियो।

यसरी सुरुआती हजार खेलका लागि २४ वर्ष कुर्नुपरेको थियो। तर त्यसपछिका ३१ वर्षमा चार हजार खेल भएको छ। एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटको त्यसपछिका २ हजारसम्म ८ वर्षमा भएको छ। ट्वान्टी-२० क्रिकेटको जन्मका बावजुत पनि एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटको गति रोकिएन। सन् २००७ मा पहिलो ट्वान्टी-२० विश्वकप भएको थियो। त्यही वर्ष १ सय ९१ एकदिवसीय अन्तर्राष्ट्रिय आयोजना भएको थियो। त्यो नै एकै वर्षमा सबैभन्दा बढी एकदिवसीय अन्तर्राष्ट्रिय भएको कीर्तिमानी वर्ष रह्यो, केही समयका लागि।

सन् २००६ त्यस्तो वर्ष भयो, त्यसमा १ सय ६० एकदिवसीय अन्तर्राष्ट्रिय भएको थियो। त्यसपछि २ देखि ३ हजारबीचका खेल २ हजार ६ सय ३० दिनभित्र भए, यो भयो सबैभन्दा कम दिनमा सबैभन्दा बढी खेल। सन् २०२३ मा एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटकै विश्वकप परेको थियो। त्यस वर्ष २ सय १८ खेल भयो। त्यसको एक वर्षअगाडि मात्रै १ सय ६१ खेल भएको थियो। कोरोना महामारी र बढ्दो फ्रेन्चाइज क्रिकेट लिगले गर्दा त्यसपछि एकदिवसीय क्रिकेटको संख्यामा कमी आएको छ।

### स्कोरिङ रेट बढ्दै

सुरुआती हजार एकदिवसीय अन्तर्राष्ट्रिय खेल १९७१ देखि १९९५ बीच खेलिएको थियो। त्यति बेला पहिलो इनिङ्सको औसत स्कोर हुने गर्थ्यो, २ सय १३.९। त्यसपछिको हजार खेलमा यही स्कोर बढेर २ सय ३२.६२ रन पुग्यो। पछि यो बढेर २ सय ५०.६७ सम्म पुग्यो। पछिल्लो समय भने यो गतिमा केही कमी आएको छ। पछिल्लो समय औसत स्कोर २ सय ४९.९७ रन पुगेको छ। यसबीच ठुल्ठूला स्कोरका खेल पनि धेरै भएका छन्।

पछिल्ला हजार एकदिवसीय अन्तर्राष्ट्रियमध्ये केही नभए पनि ३ सय २१ मा तीन सय रनमाथिको स्कोर बनेको छ। अझ त्यसमध्ये ८६ खेल ३ सय ५० रनमाथिका थिए भने १४ खेल त अझ ४ सय रन माथिका थिए। सुरुआती तीन हजार खेलमा ३ सय रनमाथिको खेल ३ सय ६० मात्रै थियो अनि ३ सय ५० रन माथिका खेल ४७ मात्रै। ठुल्ठूला स्कोर पहिले ब्याटिङमा मात्र सम्भव भएको छैन, विजयी रन पछ्याउने क्रममा पनि भएको छ।

पछिल्ला हजार एकदिवसीय अन्तर्राष्ट्रियमा कीर्तिमान ९० पल्ट तीन सय रनमाथिको लक्ष्य सफलतापूर्वक पछ्याउने कार्य भएको छ। सुरुआती हजार खेलमा औसत रनरेट ४.३५ हुने गरेको थियो। तर एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटले ५ हजार छुँदा त्यसमा राम्रै मात्रामा बढेको छ, ५.२९ पुग्ने गरी। एसोसिएट देशले पनि नियमित एकदिवसीय अन्तर्राष्ट्रिय खेल्न थालेपछि भने यो रन बढ्ने क्रम पछिल्लो समय कम भएको हो। यस्ता खेलमा तीव्र प्रतिस्पर्धा त हुन्छ, तर स्कोर भने कमै हुने गर्छ।

### धेरै रन, धेरै छक्का र धेरै विकेट

पछिल्लो समय ब्याटिङ औसत मज्जाले बढेको छ। सबैभन्दा तीव्र गतिमा बढेको भनेको चौका र छक्का प्रहार गर्ने क्रम हो। दुई दशक अगाडि जुन मात्रामा बाउन्ड्रीमा प्रहार हुन्थ्यो, त्यो अहिले बढेर दुई गुणा भएको छ। सुरुआती हजार खेलमा प्रत्येक १ सय २७.०१ बलमा एक छक्का प्रहार हुन्थ्यो। प्रत्येक खेलमा औसत ४.३० छक्का प्रहार हुन्थ्यो। तर पछिल्ला हजार खेलमा यो बढेर प्रत्येक खेलमा ९.२९ छक्का पुगेको छ। अनि औसत ५५.४२ बलमा एक छक्का पुगेको छ।

खासमा एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा रनमात्र बढेको छैन, त्यसको फाइदा बलरलाई पनि हुने गरेको छ, किनभने बलरले लिने विकेट संख्या पनि बढेको छ। पछिल्ला हजार एकदिवसीय अन्तर्राष्ट्रियमा बलरले प्रत्येक ३६.८ बलमा एक विकेट लिने गरेको थियो, जबकि सुरुआती हजार एकदिवसीय अन्तर्राष्ट्रियमा यही तथ्यांक ४५ बलको थियो। प्रत्येक ओभरमा रन बनाउने क्रम पनि बढेर ५.२ पुगेको छ। यसले देखाउँछ, यो खेल वास्तवमै कति आक्रामक भएको छ।



भारतका सचिन तेन्दुलकर

### औसत रन वृद्धि

ब्याटरको औसत रन पनि बढेको छ। जति पनि ब्याटरले एकदिवसीय अन्तर्राष्ट्रियमा कम्तीमा दुई हजार रन बनाएका छन्, त्यसमध्ये ३३ को औसत ४० रनको माथि छ। अझ ११ ब्याटरको औसत ५० माथि पुगेको छ। सुरुआती हजार खेलमा धेरैभन्दा धेरै ब्याटरको औसत ४० रनभन्दा मुनि हुने गरेको थियो। सन् १९७१ देखि १९९५ बीच १२ ब्याटरको मात्र स्ट्राइक रेट ९० माथि थियो। अझ ९० छुने त दुई ब्याटर मात्रै थिए।

### तेन्दुलकर र मुरलिधरन अगाडि

वेस्ट इन्डिजका डेसमेन्ड हेन्स सुरुआती हजार एकदिवसीय अन्तर्राष्ट्रियमा सर्वाधिक रन बनाउन ब्याटर थिए। उनले ८ हजार ६ सय ४८ रन बनाए। त्यसपछि उनलाई भारतका मोहम्मद अजहरूद्दिनले उछिने। उनलाई पनि उछिन्ने ब्याटर रहे, सचिन तेन्दुलकर। उनी अहिले पनि एकदिवसीय अन्तर्राष्ट्रियमा सबैभन्दा बढी रन बनाउने ब्याटर हुन्। उनले १८ हजार ४ सय २६ रन बनाएका छन्। उनको ठीक पछाडि भारतकै विराट कोहली छन्।

श्रीलंकाका कुमार सांगाकरा पनि १४ हजार माथि रन बनाउने ब्याटर हुन्। बलरमा भने सुरुमा पाकिस्तानका वासिम अक्रम अगाडि थिए, उनलाई पछि श्रीलंकाका मुथैया मुरलिधरनले उछिने। यी अफ स्पिनरले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा लिएको विकेट संख्या हो, ५ सय ३४। अक्रमको नाममा भने ५ सय २ विकेट रहेको छ। उनकै बलिङ साझेदार वकार युनिसले ४ सय १६ विकेट लिएका छन्। श्रीलंकाकै चामिन्दा भासले पनि ४ सय विकेट लिएका छन्।

# हरमितले जनकपुरको कप्तानी गर्ने



काठमाडौं (कास)- अमेरिकी अलराउन्डर हरमित सिंहले तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल) मा जनकपुर बोल्ट्सको कप्तानी गर्ने भएका छन्।

जनकपुर बोल्ट्सले शनिबार सामाजिक प्लेटफर्मबाट हरमितलाई अनुबन्धन गरेको घोषणा गरेको थियो। बोल्ट्सले एसोसिएट क्रिकेटका प्रभावशाली खेलाडी हरमितलाई कप्तानी जिम्मेवारी पनि दिएको हो। देब्रेहाते स्पिन अलराउन्डर हरमितले पहिलो दुई सिजन सुदूरपश्चिम रोयल्सलाई उपविजेता बनाउन ठूलो भूमिका खेलेका थिए। पहिलो सिजन च्याम्पियन बोल्ट्स हरमितलाई भित्र्याउन पाउँदा निकै उत्साही रहेको टिमका सीईओ निरोज खतिवडा बताए। तेस्रो सिजन सुरु हुनु अघि उनी जनकपुरका पाँचौं र कुल छैटौं कप्तान बनेका हुन्। पहिलो सिजनमा आसिफ शेख मार्की खेलाडी रहे पनि अनिल साहको कप्तानीमा बोल्ट्सले उपाधि जितेको थियो। तर प्रतियोगिता दौरान अनिल घाइते हुँदा आसिफले कप्तानी गरे।

दोस्रो सिजनमा कमजोर नतिजापछि बोल्ट्सले अनिललाई हटाएर दक्षिण अफ्रिकाका वायन पार्नेललाई कप्तान बनायो। उनी एनपीएलमै कप्तानी गर्ने पहिलो विदेशी खेलाडी बने। पार्नेल पनि घाइते भएपछि बोल्ट्सको कप्तानी जिम्मेवारी नामिबियाका जान निकोल लफ्टी इटनले लिएका थिए। जनकपुर ७ मध्ये एक खेलमात्र जितेर पुछारमा रह्यो।

आसिफ तेस्रो सिजनका लागि अक्सनबाट लुम्बिनी लायन्स लागिसकेका छन्। जनकपुरले उनको स्थानमा ललित राजवंशीलाई मार्की खेलाडी बनाएको छ। पहिलो सिजन जनकपुरलाई विजेता बनाउँदा देब्रेहाते स्पिनर ललितले १० खेलमा १७ विकेट लिएका थिए। शहरमितले पहिलो सिजनमा ८ विकेट लिनुका साथै ५ खेलमा २८ रन बनाएका थिए। दोस्रो सिजनमा उनले १६६ माथिको स्ट्राइक रेटमा ९ खेलमा १ सय ३३ रन बनाए भने ६.१८ को इकोनोमीमा १२ विकेट लिएका थिए। हरमितले अमेरिकाबाट २९ एकदिवसीय अन्तर्राष्ट्रियमा ३९ विकेट र २९ ट्वान्टी-२० अन्तर्राष्ट्रियमा ३१ विकेट लिएका छन्।

'हरेक सफल टोलीको आधार केवल उत्कृष्ट खेलाडीमात्र होइन, सशक्त नेतृत्व पनि हो। नयाँ सिजनसँगै जनकपुर बोल्ट्सले नयाँ उर्जा, सोच र संकल्पका साथ अगाडि बढ्ने तयारी गरिरहेको छ। यही यात्राको नेतृत्व गर्ने जिम्मेवारी हामीले हरमित सिंहलाई सुम्पिएका छौं। उनले आफ्नो उत्कृष्ट अलराउन्ड प्रदर्शनसँगै मैदानभित्र र बाहिर देखाएको अनुशासन, परिपक्वता र टोलीप्रतिको प्रतिबद्धताले यो भूमिकामा छनोट गरिएको हो। उनी जनकपुर बोल्ट्सले आत्मसात गरेको संघर्ष, एकता र कहिल्यै हार नमान्ने भावनाको सशक्त प्रतिनिधित्व गर्छन्,' बोल्ट्सका सीईओ खतिवडाले विज्ञप्तिमा जनाएका छन्।

# मास्टर्स स्नुकरमा सबिन च्याम्पियन



काठमाडौं (कास)- सबिन तामाङ प्रथम काठमाडौं खेलमण्डल (एनआरटी) नेपाल टप १६ ग्रान्ड मास्टर्स स्नुकर च्याम्पियनसिपका च्याम्पियन भएका छन्।

नेपालकै पुरानो फुटबल क्लबमध्ये एक एनआरटीको आयोजनामा भएको प्रतियोगिताको शनिबार त्रिपुरेश्वरस्थित क्लबकै स्नुकर हलमा सम्पन्न फाइनलमा सबिनले रोहित क्षेत्रीलाई एकपक्षीय रूपमा ६-१ को फ्रेमले हराएका थिए।

वेस्ट अफ इलेभेनमा भएको फाइनल सबिनले ५९-३२, १-७०, ७३-५२, ५९-४१, ७४-२२, ६८-१३, ६७-१७ ले फ्रेम जितेका थिए। सबिनले रोहितलाई हराएको यो तेस्रो पटक हो। रोहित लगातार दोस्रो पटक फाइनलमा पराजित भएका हुन्। पछिल्लो प्रतियोगिता नेपाल मास्टर्स स्नुकरमा रोहित फाइनलमा सोम लामासँग पराजित भएका थिए।

च्याम्पियन सबिनले १ लाख ११ हजार १११ रुपैयाँसहित ट्रफी जितेका थिए। उपविजेता रोहितले ५१ हजारसहित ट्रफी पुरस्कार पाए। सेमिफाइनलिस्ट वाङचु तामाङ र राजन गुरुङलाई जनही २५ हजारसहित ट्रफी प्रदान गरियो।

एनआरटीका संरक्षक समितिका सदस्य दुर्गा महर्जन, बागमती प्रदेश सभाका सदस्य दीपेन्द्र श्रेष्ठ, एनआरटीका अध्यक्ष सुन्दर नरसिंह जोशी, महासचिव सतिशकृष्ण श्रेष्ठ, प्रतियोगिता संयोजक राजेन्द्र शाक्य (माइला) र नेपाल बिलियार्ड, स्नुकर तथा पुल संघका अध्यक्ष सरोज मुल्मीलगायतले पुरस्कार प्रदान गरेका थिए। १३ साउनबाट सुरु भएको प्रतियोगितामा शीर्ष १६ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

# जेभियर र गोल्डेनगेट विजेता



काठमाडौं (कास)- जेभियर कलेज र गोल्डेनगेट कलेजले प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। जेभियर ब्वाइज र गोल्डेनगेट गर्ल्समा च्याम्पियन बने।

आयोजक प्याराडाइस स्पोर्ट्स एकेडेमीको हलमा शनिबार ब्वाइजको फाइनलमा जेभियरले सीसीआरसीलाई ६७-५४ स्कोरले पराजित गर्‍यो। सीसीआरको जितमा महेन्द्र प्याकुरेलले १९ स्कोर गरे।

पहिलो क्वाटरमा १६-११ ले अग्रता लिएको जेभियर दोस्रोमा १४-१८ ले पछि पर्‍यो। तेस्रो र चौथो क्वाटर क्रमश: १७-७ र २०-१८ ले आफ्नो पक्षमा पार्दै जेभियरले उपाधि सुनिश्चित गर्‍यो।

गर्ल्सको उपाधि भिडन्तमा एन्जल गुप्ताको १५ स्कोरमा गोल्डेनगेटले निम्सलाई ३५-३० ले हरायो। गोल्डेनगेटले दुई क्वाटरमा समान ९-६ को अग्रता बनायो। तेस्रो क्वाटर निम्सले ११-४ ले आफ्नो पक्षमा पार्दै समग्रमा १ अंकको अग्रता बनाएको थियो। गोल्डेनगेटले निर्णायक चौथो क्वाटरमा १३-७ को प्रदर्शन गर्दै जित निश्चित गर्‍यो।

ब्वाइजमा जेभियरका रोशन नगरकोटी र गर्ल्समा गोल्डेनगेटकी एन्जल मोस्ट भेलुएबल प्लेयर घोषित भए।






# काठमाडौं गोर्खाजको हस्पिटालिटी पार्टनरमा क्राउन इम्पेरियल



काठमाडौं (कास)- नेपाल प्रिमियर लिग (एनपिएल) को प्रमुख टोलीमध्ये एक काठमाडौं गोर्खाजले रविभवनस्थित होटल क्राउन इम्पेरियललाई तेस्रो सिजनका लागि हस्पिटालिटी पार्टनरको रूपमा अनुबन्ध गरेको छ।

काठमाडौं गोर्खाजका क्रिकेट निर्देशक शरद भेषावकर र होटल क्राउन इम्पेरियलका क्लस्टर जनरल म्यानेजर अभिकजंग बहादुर सिंहले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। सम्झौताअनुरुप क्राउन इम्पेरियलले काठमाडौं गोर्खाजको टोली, विदेशी खेलाडी तथा प्रशिक्षण टोलीका लागि विशेष बसोवास र वेलनेस केन्द्रको रूपमा सेवा प्रदान गर्नेछ। टोलीले प्रतियोगिताभर होटलमा लक्जरी सुइट्स, खेलाडीका लागि विशेष डाइटिङ सुविधा र अत्याधुनिक वेलनेस पूर्वाधारको प्रयोग गर्ने जनाइएको छ।

निर्देशक भेषावकरले यस्तो प्रतिस्पर्धात्मक लिगमा आराम र शारीरिक रिकभरीको महत्त्वमाथि प्रकाश पार्दै भने, 'एनपीएल जस्तो प्रतिस्पर्धात्मक ढाँचामा मैदानबाहिरको उत्कृष्ट रिकभरी र शान्त वातावरणले खेलाडीको प्रदर्शनमा ठूलो भूमिका खेल्छ। क्राउन इम्पेरियलले हामीलाई उच्चस्तरीय सुविधा र नेपाली आतिथ्यता प्रदान गर्नेमा हामी विश्वस्त छौं, जसले हाम्रा खेलाडीलाई प्रतियोगिताभर स्वस्थ, एकत्रित र उत्कृष्ट लयमा राख्न मदत पुर्‍याउने छ।'

क्राउन इम्पेरियलका जीएम सिंहले काठमाडौं गोर्खाजलाई क्राउन इम्पेरियल परिवारमा स्वागत गर्न पाउँदा गौरवान्वित भएको बताएका छन्। उनले भने, 'क्रिकेटले देशलाई एकजुट बनाउँछ। टोलीले मैदानमा आफ्नो उत्कृष्ट प्रदर्शन गर्न सकोस् भन्न विश्वस्तरीय आतिथ्यता, खेलाडी अनुकूल परिकार र सहज बसाइ प्रदान गर्न हामी पूर्ण रूपमा प्रतिबद्ध छौं।'

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी